मानवको लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

संयुक्ताङ्क ३८-३९, कार्तिक-माघ २०५८
(January. 2002)
संचेतना द्वैमासिक

संकटकाल संविधान मान्नेहरूका लागि होइन

– प्रधानमन्त्री शेरबहादुर देउवा

एक महिनाको नेपाल

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष १०, संयुक्तांक ३८-३९, कार्तिक-माघ ०५८

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

यस अकका विशेष सहयोगीहरू
कृष्ण गौतम
योगीश खरेल
प्रकाश झवाली

साजसज्जा एवं आवरण
गोविन्द त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा- इन्सेक

मित्री फोटो साभार
नेपाल पाक्षिक, हिमाल पाक्षिक
नेपाल टेलिभिजन २ अन्य पत्रिकाहरू

सहयोगी
- गीता माली

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोन : २७५६९७
Website : http//www: insec-nepal.com

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - २७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

विशेष सम्पादकीय

"सरकार भनेको जनताका माझबाट आएका जनताको हितमा काम गर्ने जनप्रतिनिधिहरूको संस्था हो। यसर्थ सरकारका रचनात्मक कामहरूमा पूर्वाग्रहरहित भएर सहयोग गर्नु र सरकारबाट कुनै त्रुटी भएमा त्यसको निराकरण गर्न सुझाव दिनु प्रत्येक सचेत नागरिकको कर्तव्य हुन आउँछ। जनताका पीरमर्का सुन्न रचनात्मक सुझावहरू ग्रहण गर्न थी ५ को सरकार सधैं तत्पर र जागरूक छ।"

श्री ५ को सरकारले आफ्नो सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको सूचना विभागको नाममा यही व्यहोराको विज्ञापन पत्रपत्रिकामा छपाउन गरेको छ। यो सरकारी विज्ञापनलाई धेरैले बेवास्ता गरेका हुन सक्छन। तर मसीर १० गतेपछिको कालखण्डमा यसको मर्म झन बढी सान्दर्भिक हुन पुगेको छ।

यो कुरामा कुनै विवाद छैन-यतिखेर शान्तिको चाबी माओवादीहरूसँग छ। देशको भविष्य कतातिर मोड्ने ? बल अब उनीहरूकै कोर्टमा पुगेको छ। सरकारले चौथो चरणको वार्ताको तयारी गरिरहेको अवस्थामा उनीहरूले नै एकतर्फी रूपमा वार्ता तोडेर पुनः हिंसाको शुरुवात गरेका थिए। तर यसो भन्दैमा शान्तिकामीहरूले आफ्नो जिम्मेवारीलाई भुल्न हुँदैन। शान्तिको स्थापना र हिंसाको अन्त्यका निम्ति नै संकटकाल लाग गर्दै जंगी कार्वाही शुरु गरिएको हो भन्ने हामीले बुझेका छौं। वस्तुतः त्यही कारण हामी आतंककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्ने बनेको अध्यादेश समेत लागू गरी माओवादीहरूविरुद्ध बल प्रयोग भइरहेको वर्तमान सन्दर्भमा समेत बातोको संभावनामा जोड दिन चाहन्छौं।

माओवादीहरूको आतंकबाट आममानिसको मानवअधिकारको रक्षा गर्ने घोषणाका साथ शुरु गरिएका कार्वाहीहरूमा एकजना पनि निर्दोष र निमुखा नागरिकले पीडित हुन नपरोस भन्ने कुरामा सरकार विशेष सजग हुनै पर्दछ। संविधान अनुसार चालिएका कदमहरूमा संविधानको मूल मर्म विपरित कसैले दुःख नपाओस भन्ने सवालमा देशका सबै मानवअधिकार संस्था वा समस्त मानवअधिकार रक्षकहरू हरेक क्षण सजग हुनै पर्दछ।

हामी मानवअधिकारकर्मीहरू माओवादीहरूसँग देशको जटिल र विकराल परिस्थितिको अनुभूत गर्न विशेष माग गर्दछौं। माओवादीतर्फले राज्य वा अन्य राजनीतिक पार्टीहरूको आलोचना गर्न खर्चिएका हजारौं शब्दहरूभन्दा कैयन गुना शक्तिशाली प्रश्न उनीहरूका सम्मुख खडा भएकोछ - उनीहरू नेपाल राष्ट्र र नेपाली जनताप्रति रत्तिभर पनि इमान्दार छन कि छैनन ? नेपालको राजनीतिक इतिहासको यो संकटपूर्ण कालखण्ड ने क पा (माओवादी) को परीक्षाको कालखण्ड पनि हो।

तर यति हुँदा हुँदै पनि सरकार, प्रतिपक्षी पार्टीहरू, मानवअधिकार संस्थाहरू, नागरिक समाज र हामी सारा शान्तिकामी नेपालीले माओवादीहरूको हिंसाप्रेमलाई औंल्याएर मात्र मुक्ति पाउन सक्दैनौं। नेपाली धर्तिमा शान्तिको स्थापनाका निम्ति चालिनु पर्ने कदमहरूको कार्यसूचिमा केवल जंगी कार्वाहीलाई दर्ज गरेर हामी दीर्घकालीन शान्तिको बाटो खोल्न सक्दैनौं।

गौतम बुद्धको जन्मभूमिमा देखिएको शान्तिको खडेरीबाट मुक्त हुन हामी सबैले आ-आफ्नो ठाउँबाट कस्तो-कस्तो भूमिका खेल्न सक्छौं ? हामी-सबैले गंभीरतापूर्वक चिन्तन गर्नु पर्ने बेला आएको छ। यतिखेर देशका सत्तारूढ र प्रतिपक्षी पार्टीहरू तर्फ आम नेपाली मात्र होइन विश्वभरका जिज्ञासुहरूको नजर एकोहोरिएको छ। बहुदलीय व्यवस्थाको स्थापनाका लागि विगतमा लामो लडाई लड्ने हाम्रा राजनीतिकर्मीहरूले संकटमोचनका निम्ति जे-जस्तो बुद्धिमत्ता देखाउन सक्छन् उनीहरूको भविष्य त्यस्तै अनुरूपको हुनेछ। उनीहरूले जस्तोसुकै अवस्थामा पनि आम जनताको अमनचैन र शान्तिलाई केन्द्रमा राखेर सोच्ने अनि तद्अनुकूलको व्यवहार गर्ने हो भने नेपालको भविष्य अवश्य उज्यालिने छ।

संविधान एवं ऐन कानुन मान्ने, राजनीतिक दलहरु, ती दलका भातृ संगठनहरु र नागरिक समाजलाई संकटकालीन स्थिति लागु भएको छैन। हामी ऐन कानुन मान्ने र नमान्नेहरुका विषयमा छानवीन गरिरहेका छौं ।

प्रधानमन्त्री शेरबहादुर देउवा

मंसिर २६ गते प्रमुख प्रतिपक्ष लगायत तेह्र पार्टीहरुद्वारा बुझाइएको ज्ञापनपत्र ग्रहण पछि

अहिले अनावश्यक रुपमा दुःख दिने काम शुरु भएको छ। सरकारले पत्रकारहरुसँग व्यवहार गर्ने विषयमा अलि भाँति पुऱ्याइरहेको छैन। अनावश्यक रुपमा रिस फेर्ने जस्तो काम सरकारी संयन्त्रबाट भइरहेको सुन्नमा आइरहेको छ। यदि सरकारले आतंकवाद र आतंकवादी क्रियाकलापलाई नियन्त्रण गर्न खोजेको हो भने त्यस्ता क्रियाकलाप नियन्त्रण गर्न धेरैको विश्वास जित्नु पर्दछ। कसैप्रति पनि शत्रुतापूर्ण व्यवहार गरिनु हुँदैन। तर सरकारी संयन्त्रबाट सरकारलाई नै मद्धत पुग्ने समाचार लेखिए पनि हतोत्साहित गर्ने कुरा राम्रो होइन। सरकारले आलोचना आउन् भन्ने सोच्नु पर्दछ, टिप्पणी होस् भन्ने चाहनु पर्दछ। गलत, अनैतिक, कार्यहरुको सन्दर्भमा आलोचना, विरोध र टिप्पणीहरुलाई प्रोत्साहित गर्नु पर्दछ। प्रजातन्त्रलाई समाप्त पारेर कहिल्यै पनि जनताका वैरीहरुलाई समाप्त पार्न सकिदैन। जनताको हितमाथि कुठाराघात गर्नेहरुलाई त लगाउन सकिदैन, पारदर्शी तरिका अपनाएर स्वच्छ विधिको पालना गरेर र स्वच्छ आचरण पस्तुत गरेर नै वास्तविक रुपमा जनता र नागरिक समाजको विश्वास जित्न सकिन्छ।

माधवकुमार नेपाल

प्रमुख विपक्षी दलका नेता

मुलुक वास्तवमै संकटमा छ। यही पुष्ठभूमिमा संकटकालको घोषणा भएको हो। संकटकालीन परिस्थितिलाई चिरेर मुलुकलाई सहज अवस्थामा ल्याउन त्यति सहज छैन। ....

(अपरेसनमा निर्दोष नागरिक पनि परेको चर्चा व्यापक छ। तपाईंलाई कस्तो लाग्छ ?)

यसबारेमा हामीलाई पर्याप्तमात्रामा आधिकारिक रिर्पोट आइसकेको छैन। अझै केही समयपछि मात्र भन्न सकिन्छ।

सूर्यबहादुर थापा

राजधानी दैनिक, पुष १५ गते

माओवादीले वार्ता भंग गरेको तीन दिनपछि दाग, सुर्खेत र स्याङ्जाको आक्रमण एकै दिनको तयारीमा भएको त होइन। वार्ता भंग हुनुभन्दा धेरै पहिलेदेखि नियोजित रुपमा काम भइरहेको थियो भन्ने प्रमाणित भइसकेको छ। तसर्थ संकटकाललाई परिस्थितिजन्य बाध्यता भनिएको हो। संकटकालमा कहीं ज्यादति नहोस, निरपराध व्यक्तिहरु नपरुन भन्ने नै हो। आग्रह पूर्वाग्रहबाट कोही पीडित नहुन् भन्ने हाम्रो धारणा हो। शक्तिको दुरुपयोग नहोस भन्ने कुरामा शक्तिमा बसेको नेपाली कांग्रेस सचेत हुनुपर्छ। हामीले पञ्चायतमा भोगेका थियौं - त्यसबेला अराष्ट्रिय तत्व भन्दै थुन्दै गर्दा झन ठुलो विद्रोह भएको थियो। हत्या, आतंक मच्याउने माओवादीहरुलाई लागू भएको संकटकालमा निर्दोष नागरिक नपरुन, आग्रह पूर्वाग्रहका आधारका कार्वाही नहोस भनेर कुरामा नेपाली कांग्रेस सचेत छ। अहिले कांग्रेसीकरण भयो भन्न थालिएको छ, त्यस्तो हुनु हुँदैन। देशको वस्तुस्थिति बुझ्न उच्चस्तरीय अनुगमन समिति बनाएका छौं। सरकारसँग सूचना आदान प्रदान गरेका छौं। संविधानले दिएको अधिकार प्रयोग गरेर संकटकाल सरकारले लागू गरेको हो। सरकारी स्तरबाट कुनै पनि ज्यादति नहोस भनेर सरकारलाई पार्टीले सचेत बनाएको छ।

अर्जुननरसिंह के सी

नेपाली कांग्रेसका प्रवक्ता, बुधवार साप्ताहिक पुष १८ गते

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कार्य समितिको ०५८ पुस १८ गते सम्पन्न बैठकद्वारा वर्तमान स्थितिको सन्दर्भमा मानवअधिकारको रक्षा एवं दीर्घकालीन शान्ति स्थापनाका लागि गरिएका निर्णयहरुका आधारमा तयार पारिएको विज्ञप्ति

शान्ति प्रक्रियाको लागि पहल

देशमा व्याप्त हिंसा-आतंकको नियन्त्रण गर्ने घोषणाका साथ संकटकाल लागू गरिएपछिको करिव डेढ महिनाको घटनाक्रम अनुगमन गरी हामीले मानवअधिकार आयोग, सरकार, राजनीतिक पार्टीहरु र माओवादी पक्षसमक्ष शान्तिको स्थापनाका निम्ति अनुरोध गर्ने निर्णय गरेका छौं। देशमा "आतंककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको अध्यादेश" र संकटकाल समेत लागू भई जंगी कार्वाही शुरु गरिएको अवस्थामा विभिन्न किसिमका आशंकाहरु गरिएका छन्। छयालीस सालको जनआन्दोलनका उपलब्धिका रुपमा स्थापित प्रजातान्त्रिक हक-अधिकारहरुप्रति सचेष्ट रहनु पर्ने कुराहरु स्वयं राजनीतिकर्मीहरुबाट अभिव्यक्त हुन थालेकाले हाम्रो पनि ध्यानाकर्षण भएको छ। हामी सम्पूर्ण प्रजातान्त्र र मानवअधिकारका हिमायती राजनीतिक दलहरुलाई विशेषरुपमा चनाखो भएर रहन सचेत तुल्याउँदछौं।

सम्पूर्ण मानवअधिकार समूदायको नेतृत्वकारी संस्था मानवअधिकार आयोग नै हो। देशको विषम परिस्थितिमा आमजनताले आधारभूत मानवअधिकारहरुबाट वञ्चित हुन नपरोस् भनेर आयोग विशेषरुपमा सचेत हुनै पर्दछ। सामान्य समयमाभन्दा सरकारको हातमा संकटकालमा अत्यधिक अधिकार केन्द्रीत हुने भएकोले अधिकारको दुरुपयोगको संभावना पनि प्रवल रहन्छ। यस्तो अवस्थामा देशको मानवअधिकार अवस्थाको निरन्तर मिहिन अनुगमन र सरकारका कतिपय मानवअधिकार असंगत व्यवहार वा कामकार्वाहीमा अंकुश लगाउनसमेत मानवअधिकार आयोग अग्रसर हुनेछ भन्ने विश्वास हामीले लिएका छौं।

अहिलेको संकटकालमा पनि कानूनको शासनको सिद्धान्त विपरित कुनै काम कार्वाही भएको खण्डमा संविधानको मर्मबमोजिम आफ्नो अधिकारको खोजी गर्न नागरिक समाज पछाडि पर्नु हुँदैन। दीर्घकालीन शान्तिको उपायको खोजीका निम्ति नागरिक समाज निरन्तर सकृय रहोस भन्ने विषयमा हामी विशेष जोड दिन चाहन्छौं।

अहिलेको संकटकाल हिंसा र आतंकको दीर्घकालीन समाधान होइन। दीर्घकालीन शान्तिको मार्ग प्रशस्त गर्न माओवादी पक्षले हिंसा छोडेर समस्याको शान्तिपूर्ण समाधानप्रति व्यावहारिक रुपमै प्रतिबद्धता जनाउनु पर्दछ भन्ने आग्रह हामी गर्दछौं। शान्तिप्रतिको सम्पूर्ण राष्ट्रको चाहनाको ख्याल गर्दै श्री ५ को सरकारले शान्ति स्थापनाका निम्ति पुन जंगी कार्वाहीमा मात्र भर नपरी शान्तिपूर्ण प्रकृयाको समेत थालनी गर्नुपर्ने आवश्यकता हामीले देखेका छौं।

यसै सन्दर्भमा देशमा मानवअधिकारको उल्लंघन भइरहन नदिन र शान्तिको बाटो फराकिलो पार्न राष्ट्रिय मानवअधिकार आयोगको यथाशक्य योगदानको समेत अपेक्षा गर्दै हामीले निम्न बमोजिमका निष्कर्षहरु निकालेका छौं।

सरकारसमक्ष अनुरोध

- संकटकालको घोषणा गरी आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश लागू गरिएको वर्तमान परिस्थितिमा राज्यको काँधमा गुरुत्तर एवं दोब्बर दायित्व थपिएको छ। अत: आम नागरिक तथा नागरिक समाजको सुझाव एवं गुनासो तुरुन्तै प्रांप्त गर्न सक्ने गरी सरकारले भरपर्दो तथा राष्ट्रव्यापी संयन्त्रको अबिलम्ब निर्माण गर्नुपर्छ।
- महिला, बालबालिका, बृद्धबृद्धा, रोगी, घाइते तथा गर्भवती जस्ता संवेदनशील स्थितिमा रहेकाहरुको स्वास्थ्य एवं सुरक्षाको लागि प्रत्येक केन्द्र, जिल्ला, इलाका तथा गाविसस्तरमा सबै पक्षको सहभागितामा नागरिक सुरक्षा समितिको निर्माण गर्नुपर्छ।
- हिंसा र आतंकको विरोध गर्ने, सामान्य नागरिकको सुरक्षा गर्ने, मानवीय कानुन एवं कानुनी शासनको पक्षपोषण गर्ने मामिलामा नागरिक सुरक्षा समितिलाई भरपर्दो निकायका रुपमा सरकारले स्वीकार गर्नुपर्छ। र, यस्ता समितिहरुको राष्ट्रिय संयन्त्रसँग सोझो एवं प्रभावकारी पहुँचको प्रबन्ध गर्नुपर्छ।
- मारिएकाहरुको सनाखत हुन नसकेको अवस्थामा स्पष्ट चिन्हिने गरी फोटो खिचेर तथा स्थानीय जनप्रतिनिधिको रोहवरमा सकिने जति लामो समयसम्म पहिचानका लागि लास सुरक्षित राखेरमात्र सद्गत् गर्नुपर्छ।
- कुनै घटना घटिसकेपछि त्यसको बारेमा संचार, मानवअधिकार, राजनीतिक र नागरिक समाजलाई त्यस घटनाका बारेमा स्थलगत सूचना संकलनमा रोक लगाइनु हुँदैन। सुरक्षा र सुविधालाई दृष्टिगत गरी सूचना संकलनका लागि उनीहरुमध्येबाटै यस्तो उद्देश्यका लागि प्रतिनिधिमूलक छरितो टोली प्रत्येक जिल्लामा गठन गर्नुपर्छ।
- पक्राउ गरिएकाहरुलाई अबिलम्ब पक्राउ पूर्जी दिनुपर्छ। र, त्यसको एकप्रति सार्वजनिक सूचनामा टाँस गर्नुपर्छ। टोल वा घर घेराउ गरी पक्राउ वा सुरक्षाको कार्वाही गर्नुपर्दा कार्वाही सकिनासाथ पक्राउ परेका र वारदातमा घाइते भएका वा मारिएकाको संख्या मात्रको भए तापनि जानकारी स्थलगतरुपमा नै सूचना टाँस गर्नुपर्छ।

- सुरक्षा सम्बन्धी कार्वाही सुरु गर्नु पूर्व पक्राउ परेकाहरुलाई सुरक्षित राख्ने, घाइतेहरुको उपचार गर्ने, सामान्य जनताको सुरक्षा गर्ने जस्ता पूर्व तयारीको काम सम्पन्न गर्नुपर्छ। अन्तर्राष्ट्रिय शान्ति कार्यमा नेपाली सेनाले आर्जन गरेको ख्याती र गौरव घट्न नपाओस् भन्ने तर्फ सचेष्ट रहनु पर्छ।
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, यातना विरुद्धको महासन्धि तथा जेनेभा महासन्धि जस्ता अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानुनहरुको पक्षधर राष्ट्रका नाताले श्री ५ को सरकारले आफ्ना हरेक क्रियाकलापमा विशेष सजगता अपनाउनु पर्छ। संकटकालमा विश्व समुदायका सामू हाम्रो परीक्षण हुने भएकाले पनि यसतर्फको सचेष्टतामा कुनै कमी रहनु हुँदैन। यति बेला जेनेभा महासन्धिको साझा धारा ३ का बारेमा सुरक्षा र प्रशासन सम्बन्धी निकायलाई विशेष ध्यानाकर्षण गराउनु पर्छ।
- केन्द्रीय, क्षेत्रीय एवं जिल्ला स्तरमा मानवअधिकार समूदायसंग निरन्तर परामर्श गर्नका लागि केन्द्रमा प्रधानमन्त्रीको मातहतमा रहने गरी एकजना विषय विज्ञको संयोजकत्वमा संयन्त्रको निर्माण गर्नुपर्छ।

माओवादी पक्षसँग अनुरोध

- ०५८ मंसिर ८ यता देशमा व्याप्त हिंसाको मुख्य जिम्मेवारी नेकपा (माओवादी) ले लिनु पर्छ।
- "क्रान्तिकारी जनसेना" को गठन गरी पदीय जिम्मेबारी बाँडफाँड गरेर पोशाक र हतियार सहित घोषित रुपमा माओवादीहरु हिंसात्मक "संघर्ष" मा सामेल भएका छन्। उनीहरुले बारम्बार जेनेभा महासन्धिको पालना सरकारले गरोस् भनेका छन्। आफूहरुले अपहरण गरेका मानिसहरु अन्तर्राष्ट्रिय रेडक्रस संस्थालाई बुझाउँदा र अन्य अवसरमा जेनेभा महासन्धिबारे उल्लेख गरेका छन्। यसर्थ नैतिकरुपमा उनीहरु उच्च करार पक्ष हुन्। तर निशस्त्र अवस्थामा रहेका प्रहरी/सर्वसाधारण, उपचारका क्रममा विरामी ओसार्ने एम्बुलेन्स प्रतिसमेतको माओवादीको व्यवहार सम्पूर्ण मानवीय कानुनहरुको प्रतिकूल रहेको छ। यस्ता व्यवहारप्रति आत्मालोचना गर्दै आइन्दा यस्तो व्यवहार नगर्ने बचनबद्धता सार्वजनिक गर्नुपर्छ।
- नेकपा (माओवादी) ले हिंसा छोडेर समस्याको शान्तिपूर्ण समाधानप्रति प्रतिबद्धता जनाउँदै शान्ति प्रक्रियाको लागि पहल गर्नुपर्छ।
- राष्ट्रियता र प्रजातन्त्रका लागि शान्ति अपरिहार्य छ। शान्तिपूर्ण तरिकाले जनता समक्ष आफ्ना कुरा लैजाने र सार्वभौमसत्ता सम्पन्न जनमतले नै आफ्नो भविष्यको फैसला गर्ने जे जति अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले दिएको छ त्यसको सम्पूर्ण सदुपयोग गर्न शान्ति प्रक्रियामा नेकपा (माओवादी) सामेल हुन तयार हुनुपर्छ।
- माओवादीद्वारा अपहरण गरिएका मानिसहरुलाई तुरुन्त मुक्त गर्नुपर्छ। हत्या गरिएकाहरुको नाम, पहिचान र संख्या सार्वजनिक गर्नुपर्छ। आफ्नो पहुँच र प्रभावको क्षेत्रमा मानवअधिकार, संचार र मानवीय सहयोग गर्ने व्यक्ति एवं संस्थाको प्रवेश र अनुगमनलाई बाधा गर्नु हुँदैन।
- जनताको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सुविधा र विकास निर्माण तथा संचेतना लगायत्का काममा र त्यससँग सम्बन्धित व्यक्ति एवं संस्था कसैउपर पनि आक्रमण गर्ने वा बाधा-विघ्न पुऱ्याउने काम गर्नु हुँदैन।

नागरिक समाज समक्ष अनुरोध

- स्थानीय प्रशासनसँग उपयुक्त सम्बन्ध राख्ने प्रयास गर्नुपर्छ र आम निहत्था व्यक्तिहरुको सुरक्षा र उद्धार कार्यमा सरकारलाई सहयोग गर्नुपर्छ।
- हिंसा मच्चाउनेहरुलाई कुनै पनि प्रकारका आश्रय एवं सुरक्षा दिनु हुँदैन।
- प्रशासन एवं सुरक्षा निकायको काम कार्वाहीका बारेमा चनाखो हुनुपर्छ। त्यस्ता कार्वाहीका सिलसिलामा संविधान, कानुन र मानवीय कानुनहरुको उल्लंघन भएको रहेछ भने त्यसका बारेमा स्थानीय प्रशासनलाई अबिलम्ब जानकारी गराउनु पर्छ।
- आ-आफ्नो कार्यक्षेत्रमा मानवअधिकार समुदाय, राजनीतिक दल, संचारकर्मी लगायतका नागरिक समाजको प्रतिनिधित्व हुने गरी बृहत सहमति सहितको छरितो अनुगमन एवं सहयोग समिति बनाउनु पर्छ। त्यस्तो समितिले आम जनताको प्रत्यक्ष सरोकारका खानेपानी, स्वास्थ्य, शिक्षा, संचेतना तथा विकास निर्माणका कामको सुव्यवस्थित संचालन कायम राख्ने र तिनको गरिमा एवं महत्वको रक्षा गर्ने कामको अगुवाई गर्नुपर्छ।
- साथसाथै, आ-आफ्नो कार्यक्षेत्रको मानवअधिकारको स्थितिको आवधिक प्रतिवेदन तयार गर्ने, उल्लंघनका घटनाको सत्यतथ्य अभिलेख बनाउने र त्यसलाई राष्ट्रिय मानवअधिकार आयोग, प्रधानमन्त्रीको कार्यालय लगायत सम्बद्ध अन्य निकाय समेतमा पठाउनु पर्छ।
- यस्तो समितिले उपयुक्त समयमा आवश्यक स्वीकृति लिएर घटनास्थलसम्म जाने, पीडितहरुसँग प्रत्यक्ष भेटघाट गर्ने, तथ्यको पहिचान गर्ने काम गर्नुपर्छ। यसरी स्थलगत पहिचान गर्न सम्भव नभएको मामिलामा प्रत्यक्षदर्शी वा सुनी जान्नेबाट भए पनि व्यहोरा तयार गर्नुपर्छ।

०५८ पुस २२ गते सोमबार

सङ्कटकालमा नागरिक अधिकार

सङ्कटकाल लागू भएको ठिक एक महिना अर्थात् ११, पुस ०५८ मा इन्सेकको आयोजनामा 'सङ्कटकालमा नागरिक अधिकार' विषयक अन्तरक्रिया कार्यक्रम काठमाडौंमा सम्पन्न गरियो। उक्त कार्यक्रममा मानवअधिकारकर्मी, पत्रकार, वकिल, सांसद, बुद्धिजीवी लगायत नागरिक समाजका ६२ जना व्यक्तिहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा आउनु भएका अतिथि लगायत सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै, इन्सेकका महासचिव सुबोधराज प्याकुरेलले कार्यक्रमको संचालन गर्नु भएको थियो। स्वागत मन्तव्यको क्रममा प्याकुरेलले सङ्कटकाल घोषणा गरिसकेपछि, जनतालाई त्यसको औचित्य प्रस्ट पारिनु पर्दछ भन्नुहुँदै सङ्कटकालीन स्थितिको घोषणा गरी मौलिक हकहरु निलम्बन गर्दा नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्धमा व्यवस्था भएबमोजिमका प्रकृया पूरा गरिएको जानकारी श्री ५ को सरकारबाट सार्वजनिक भएको आफूहरुलाई जानकारी नभएको बताउनु भयो।

उहाँले अगाडि भन्नुभयो- माओवादीले आफूले समातेको बन्दीहरु आइसीआरसीलाई हस्तान्तरण गरेको छ। इन्सेकको रोहवरमा आइसीआरसीले लिखितरुपमा ती बन्दीहरुलाई बुझेको छ। यसका साथै माओवादीले व्यवस्थित ढङ्गले आफ्नो सेना र सरकार गठन गरेको घोषणा गरेको छ। माओवादीहरु कम्प्याटेन्ट ड्रेसका साथ घोषितरुपमा सरकारसंग युद्ध गरिहेका छन्। तसर्थ जेनेभा अभिसन्धि तथा १९०७ को हेग अभिसन्धि अनुसार नेकपा माओवादी उच्च करार पक्ष रहेको देखिन्छ। माओवादीले जेनेभा अभिसन्धिको दुहाई दिदैं आफुले त्यसको पालना गर्ने दावा गर्दै पनि आएका छन्। यसरी जेनेभा महासन्धि लागू हुने यथेष्ट स्थान रहेको यस परिस्थितिमा माओवादीले पनि उक्त महासन्धिको प्रशस्त मात्रामा उल्लंघन गरेको छ।

राज्यले नागरिकप्रतिको कर्तव्य पूरा गऱ्यो गरेन यो प्रश्न सरकारलाई नागरिक समाजले सोधौं भन्नुहुँदै उहाँले बताउनुभयो- हिंसाव्याप्त क्षेत्रमा घाइतेले उपचार गर्न पाइरहेका छैनन्। त्यस क्षेत्रमा स्वास्थ्यकर्मी उपलब्ध छैनन्।

उहाँले सङ्कटकालपूर्व माओवादीको सम्वन्धमा छापिएको लेखको आधारमा तेह्रथुमका पत्रकार ज्योति अधिकारीलाई पहिलेको माओवादी सम्वन्धि सूचना स्रोत उपलब्ध गराउन दबाब दिइरहेको स्थिति विद्यमान रहेको बताउँदै धरानबाट प्रकाशित ब्लाष्ट दैनिकका सहसम्पादकलाई पनि गिरफ्तार गरी थुनामा राखिएको बताउनु भयो।

मानवअधिकार उल्लंघनका घटनाहरुलाई आधार बनाएर कार्यक्रमको आयोजना गरिएको बताउनुहुँदै उहाँले यस कार्यक्रमबाट प्राप्त भएका निचोड राज्यपक्षलाई समेत उपलब्ध गराउने जानकारी दिनु भएको थियो।

इन्सेकका सदस्य तथा अधिवक्ता हरि फुयालले वर्तमान संविधान र बाँच्न पाउने अधिकार विषयमा आफ्नो मन्तव्यका क्रममा प्रश्न उठाउनु भयो-

सङ्कटकालको घोषणामा नेपाल अधिराज्यको संविधान को धारा ११५ को १ र धारा ११८ क्रियाशील गराउंदा ती दुईको अन्तरसम्बन्ध के हो? धारा ११५ को ७ प्रयोग हुँदा हुँदै धारा ७२ प्रयोग गरी "आतङ्ककारी विध्वंसात्मक कार्य नियन्त्रण तथा सजायँ गर्ने व्यवस्था गर्न बनेको अध्यादेश" २०५८ किन जारी गरियो? सङ्कटकालको समाप्ति पछि पनि उक्त अध्यादेश कायमै रहन्छ। 'नागरिक तथा राजनीतिक अधिकार' विषयक अनुबन्धमा केही अधिकारहरु कुनै पनि हालतमा हरण गर्न नहुने व्यवस्था गरिएको छ।

नेपाल अधिकारज्यको संविधान २०४७ मा जीवनको अधिकारलाई अप्रत्यक्षरुपमा उल्लेख गरिएको छ। धारा १२ र १४ मा बाँच्न पाउने अधिकारलाई प्रस्टरुपमा उल्लेख गरिएको छैन भन्नुहुँदै उहाँले 'नागरिक तथा राजनीतिक अधिकार' विषयक अनुबन्धमा नेपाल राज्य पक्ष भएकोले सङ्कटकाल घोषणा गर्दा संयुक्त राष्ट्र संघलाई जानकारी गराउनु पर्ने प्रावधान हुंदाहुँदै पनि श्री ५ को सरकारले हालसम्म जानकारी गराएको नदेखिएको बताउनु भयो।

आतङ्ककारी सम्वन्धी अध्यादेशको १७.५ मा उल्लेख भए बमोजिम कानूनी उपचारको प्रयोग भएको छ कि छैन? अध्यादेशमा व्यवस्था भए बमोजिमका कानूनी उपचारको कार्यान्वयन नहुँदा,

- रक्षा मन्त्रालयले ६५६० जनाले आत्मसमर्पण गरेको जानकारी दिएको छ भने इन्सेकको रेकर्डमा ३३८६ देखिन्छ।
- रक्षा मन्त्रालयले २९७१ जना पक्राउ भएको जानकारी दिएको छ भने इन्सेकको रेकर्डमा ९०१ देखिन्छ।
- रक्षा मन्त्रालयले ३०५ जना मारिएको जानकारी दिएको छ भने इन्सेकको रेकर्डमा ५६१ देखिन्छ।
- आत्मसमर्पण गर्न आएका व्यक्तिहरुलाई सरकारले आवश्यक संरक्षण दिन नसक्दा माओवादीबाट पुनः अपहरित हुने क्रम बढ्दो छ।
- देशका विद्यमान जेलहरुका क्षमताभन्दा १००० बढी कैदीहरु सन् २००० मै राखिएको पाइन्छ।

गिरफ्तार गरिएकाहरुको अभिलेख नहुँदा, वेपत्ता पारिने संभावना प्रबल रहन्छ। पक्रिएकाहरुको रेकर्ड राखेर कानूनी कारवाही गरिनु पर्दछ उहाँको जोड थियो।

सुरक्षाकर्मीद्वारा संचालित (कर्डन एण्ड सर्च) कारवाहीका क्रममा मारिएका व्यक्तिहरु बारे मात्र श्री ५ को सरकारले सूचना प्रकाशित गरेतापनि घाइतेहरुको बारेमा कुनै जानकारी दिइएको छैन भन्दै फुयालले प्रश्न गर्नुभयो- अहिले फर्जि मुठभेडमा मार्ने काम भइरहेको छ। किनभने सुरक्षा घेरा तोडेर भाग्दा मात्र हत्या भएको जानकारी दिइएको छ तर घाइते किन भएनन्? माओवादीहरुले पनि जेनेभा अभिसन्धिको उल्लंघन गरेको उदाहरण दिंदै उहाँले भन्नुभयो- माओवादीहरुले सल्लेरीमा २७ जना प्रहरीहरुलाई अपहरण गरे पश्चात हात बांधी हत्या गरेका थिए। त्यसै गरी सल्यानको सिम्लेटारबाट हपहरण पश्चात १२ जना प्रहरीको हत्या गरिएको थियो।

सर्वोच्च अदालतलाई कस्टडीहरुको सुपरीवेक्षण र अनुगमन गर्ने अधिकार छ। सर्वोच्च अदालत र राष्ट्रिय मानवअधिकार आयोगको संयुक्त प्रयासमा किन यो अधिकार प्रयोग नगर्ने? यदि सकिदैन भने संयुक्त राष्ट्रसंघको पहलमा त्यस किसिमको अनुगमन कार्य गर्ने तर्फ लाग्ने हो कि? उहाँको सुझाव थियो।

विद्यमान कानून अनुसार सैनिकले नागरिकलाई गिरफ्तार गरी कानूनी कारवाही गर्न पाउने अधिकार प्राप्त नभएको बताउँदै उहाँले तर सैनिकबाट गिरफ्तार गर्ने, कस्टडीमा राख्ने र यातना दिने कार्य भइरहेको छ भन्नुभयो। फेयर ट्रायल र राइट टु साइलेन्टको बारेमा नागरिक समाजले कसरी हेर्ने? उहाँको अर्को प्रश्न थियो।

अहिलेको परिस्थितिमा कम्प्याट डेस लगाई युद्धमा होमिई मर्नेहरुको बारेमा मानवअधिकारको कुरा गर्नु त्यत्ति सान्दर्भिक नहुने बताउँदै तर युद्धरतहरुलाई बन्दी बनाइसकेपछि यातना दिन पाइँदैन र उनीहरुको बाँच्न पाउने अधिकार संधै रहिरहन्छ भन्नेमा जोड दिनुभयो।

यसै विषयको सन्दर्भमा भएको फ्लोर डिस्कसनमा पूर्व स्वास्थ्यमन्त्री तथा मानबअधिकारवादी नेता डा. मथुराप्रसाद श्रेष्ठ, नेपाल मानवअधिकार संगठनका अध्यक्ष सुदीप पाठक, इन्हुरेड इन्टरनेशनलका निर्देशक डा. गोपालकृष्ण शिवाकोटी, सिभिक्टका संयोजक डा. भोगेन्द्र शर्मा, सांसद तथा नेकपा एमाले संकटकाल अनगुमन समितिका संयोजक राजेन्द्र पाण्डेले भाग लिनु हुँदै आ-आफ्नो मन्तव्य राख्नु भएको थियो। मन्तव्यका क्रममा डा मथुराप्रसाद श्रेष्ठले भन्नुभयो- जेनेभा अभिसन्धि अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सकहरुलाई केही निश्चित अधिकारहरु दिइएको छ। विना भेदभाव उपचारको व्यवस्था गर्न, गोपनीयता भंग नगर्न र कार्यरत चिकित्सकहरुलाई गिरफ्तार गर्न नपाउने अन्तर्राष्ट्रिय मान्यता रहेको छ। तर नेपाल मेडिकल कलेजमा कार्यरत चिकित्सक जीतेन्द्र महासेठलाई सुरक्षाकर्मीले गिरफ्तार गरी ब्यारेकमा राखेको छ । अझ आश्चर्य त के छ भने श्री ५ को सरकारलाई सूचना नदिई र स्वीकृति वेगर कुनैपनि व्यक्तिको उपचार गर्न नपाउने निर्देशन स्वास्थ्य मन्त्रालयले जारी गरेको छ।

उहाँको थप भनाई थियो- "हेलिसिन्की इथिकल ट्रिटी" अनुसार बाहेक चिकित्सिकहरुलाई अन्य कानून लगाएर कारवाही गर्न पाइँदैन। द्वन्द्वको समयमा होस, वा अन्य समयमा होस कुनै विभेद नराखी विरामीको उपचार गर्नु पर्ने कर्तव्य हो र गोपनीयता राख्नु पर्ने कर्तव्य हो। त्यस वापत चिकित्सकलाई कुनै पनि किसिमको कारवाही गर्न पाइँदैन।

सुदीप पाठकले आफ्नो मन्तव्यको क्रममा भन्नुभयो- संविधानको धारा ३५ (२) अन्तर्गत कार्यकारिणीबाट संविधानको संरक्षणको लागि सङ्कटकाल लागू गरिएको हो। तर श्री ५ को सरकारले, सङ्कटकाल घोषणाको औचित्य प्रस्ट पार्न सकिरहेको छैन। अहिले जेजति कार्य भइरहेको छ त्यसको जिम्मा प्रधानमन्त्रीले लिनु पर्छ।

आइसिआरसी, पत्रकार, मानवअधिकारकर्मी लगायतका प्रतिनिधिहरुलाई सत्यतथ्य उपलब्ध गराई सरकारले नागरिक समाजलाई आश्वस्त पार्नु पर्ने कुरामा जोड दिंदै उहाँले भन्नुभयो- पक्राउ पर्ने मान्छेहरुको सूचि समेत अहिले प्राप्त भइरहेको छैन। अहिलेकै अध्यादेश र सङ्कटकालमा विद्यमान कानूनी व्यवस्था बमोजिम पक्रिएका सबै मान्छेलाई मुद्दा हेर्ने निकायमा पुऱ्याउनु पर्दछ।

हेलिकप्टरबाट गरिने फाइरिङको जोडदाररुपमा आफूहरुले विरोध गरेको बताउँदै पाठकले भन्नुभयो- हामो संगठनले वायुयानबाट के कति मान्छे र को को मारिए त्यसको जानकारी मागेको छ। त्यस्तै सुरक्षाकर्मीले कहा तालिम केन्द्र भेट्यो भनी हामीले त्यसबखत सोधेका थियौं। अहिले त्यस किसिमको जानकारी किन मागेको भनी हामीलाई सोधिएको थियो। हाम्रो चिन्ताको विषय भनेको निर्दोष मानिस मारिनु हुँदैन भन्ने हो।

मन्तव्यकै क्रममा डा. गोपालकृष्ण शिवाकोटीको भनाइ थियो- अध्यादेशको धारा १२ ले अध्यादेशको उद्देश्य वाहेकको क्षेत्रमा अभिव्यक्ति स्वतन्त्रता विद्यमान रहेको कुरा उल्लेख गरेको छ। सन्धि ऐनको दफा ९ अनुसार अनुसार अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कुरा गर्ने हो भने तिनीहरु राष्ट्रिय कानूनहरु सरह चलायमान छन्। संविधान प्रदत्त

कुरा उठाउंदा : हरण गर्न सकिने र जस्तैसुकै अवस्थामा पनि हरण गर्न नसकिने कुरा उल्लेख भएका छन्। जीवनको अधिकार, यातना विरुद्धको अधिकार, वेपत्ता नपारिने आदि कुराहरु अहरणीय छन्। यसरी अहरणीय प्रावधनहरुको स्थिति के कस्तो अवस्थामा छन् त्यसको अनुगमन गर्नु जरुरी छ। जब युद्ध शुरु हुन्छ र राष्ट्रिय कानूनका प्रावधान निलम्बन हुन्छन् त्यस परिस्थितिमा अन्तर्राष्ट्रिय मानवीय कानून चलायमान हुने प्रावधान, अन्तराष्ट्रिय अभिसन्धिहरुमा राखिएका छन् भन्नु हुँदै उहाँले राष्ट्रिय कानूनका प्रावधान निलम्बन हुंदा, जनताका मानवअधिकार कायम राख्न त्यस किसिमको व्यवस्था गरिएको बताउनु भयो। श्रीलंकामा भएको सङ्कटकालको प्रयोग हेर्दा, स्वतन्त्र राज्यको माग राखी लडिरहको अवस्थामा समेत निश्चित क्षेत्रमा सेना परिचालन गरिएको पाइन्छ। तर हामीले अधिराज्यव्यापी सङ्कटकालको अवस्थाबाट गुज्रिनु पर्ने परिस्थिति थियो कि थिएन?- उहाँको प्रश्न थियो। १९९४ मा रुवाण्डामा भएको घटनाका कारण मानवता विरोधी गतिविधि गर्नेहरु अहिले अन्तरराष्ट्रिय अदालतमा उपस्थित हुनु परेको छ भन्नुहुँदै शिवाकोटीले नेपालमा पनि यस्तो परिस्थिति नदोहोरियोस भनी समयमै सरकारलाई सचेत गराउनु पर्ने बताउनु भयो।

डा. भोगेन्द्र शर्माले मन्तव्यको क्रममा भन्नुभयो- राज्यले धेरै अन्तराष्ट्रिय अनुवन्धहरु अनुमोदन गरेको छ तर अहिलेको परिप्रेक्षमा नागरिक अधिकार हनन् भएको अवस्थामा उपचारको संयन्त्र बनाउनु पर्छ कि पर्दैन? यदि नागरिकको सरकार हो भने आवश्यक संयन्त्र वनाइनु पर्छ, अन्तराष्ट्रिय सन्धि मात्र अनुमोदन गरेर पुग्दैन। अहिले ९७ प्रतिशत भन्दा बढी बलात्कारका घटनाहरु रिर्पोटिङ्ग गर्न सक्ने अवस्थामा छैन। देशमा नागरिक सरकार छ भन्ने अनुभूति कसैलाइ

हुन सकेको छैन। त्यसैले सुरक्षित र भरपर्दो उपायको व्यवस्था गरिनु पर्दछ।

गिरफ्तार निर्दोष नागरिकहरुलाई कसरी बचाउने ? अहिलेको प्रश्न यही नै हो। गिरफ्तार व्यक्तिलाई अनुसन्धान गर्ने नाममा निर्मम यातना दिने र मार्ने काम भइरहेको छ। रिस इविको भरमा उजुरी परेकाहरुलाई विना अनुसन्धान गिरफ्तार गरी निर्मम यातना दिएका घटनाहरु बाहिर आइरहेका छन। यातना दिइ सके पछि माफी माग्ने चलन बढ्दो छ- यो भनाइ सांसद राजेन्द्र पाण्डेको थियो। उहाँको थप भनाई थियो- कर्फ्यू भन्ने जानकारी नै नभएका सर्वसाधारण नागरिकहरु कर्फ्यूबाट पीडित भई रहेका छन। फलफुल वेचेर घर फर्केका मानिसले गोली खाएको छ। धार्मिक कार्य पूजा आजामा आफन्त भेटेर घर फर्केका मान्छे मारिएका छन। तर सरकारले यस्ता घटनाहरुलाई आतङ्ककारी मारिएको भनेर घोषणा गर्दछ र बाँचेका परिवारका अन्य सदस्यहरु आतङ्ककारीको परिवार हुन पुग्दछन्। यसरी सामान्य मानिसलाई यातना दिन तथा मार्न पाइन्छ कि पाइदैन? नागरिक समाजले यस्ता ज्यादतीलाई जोडदार रुपमा उठाउनु पर्छ।

आत्मसमर्पण गर्न आउनेहरुलाई कुनै जिल्लामा, जिल्ला प्रशासनको प्राङ्गणमा टेबल राखेर रेकर्ड राख्ने काम गरिन्छ भने कुनै जिल्लामा बोराले छोपेर वीच बजारमा पिट्दै हिंडाउने र गिरफ्तार गर्ने काम गरिन्छ- उहाँले थप खुलासा गर्नुभयो।

छलफल उपर प्रस्ट्योक्ति दिंदै अधिवक्ता हरी फुयाँलले धारा ११५ प्रयोग हुंदा धारा ११८ वा ७२ प्रयोग हुन आवश्यक छ कि छैन? यस बारेमा छलफल हुन आवश्यक भएको कुरामा जोड दिंदै अहिले माओवादी र उनीहरुलाई समर्थन गर्ने व्यक्तिहरु गिरफ्तार भइरहेका छन्। यदि यस्तै क्रम बढ्दै जाने हो भने, भोलि प्रजातान्त्र पक्षधर व्यक्तिहरु पनि पक्राउ पर्न सक्छन् भन्नुभयो।

जो कोहीलाई पक्रिने र निर्मम कारवाही भएका महत्वपूर्ण घटनाहरुको कानूनी उपचारको प्रयत्नको लागि नागरिक समाज अगाडि बढ्नु पर्छ भन्नु हुँदै उहाँले प्रश्न उठाउनु भयो- सुरक्षा निकायहरुले पनि कानूनको पालना गर्ने कि नगर्ने? यो सवाललाई नागरिक समाजले जोडदाररुपमा उठाउनु पर्दछ- उहाँको जोड थियो।

त्यस पश्चात् नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक तीर्थराज वन्तले द्वन्द्वका समयमा अन्तरराष्ट्रिय मानवीय कानूनको सान्दर्भिकता र जेनेभा महासन्धिको दोस्रो प्रोटोकल र साझा दफा ३ सम्वन्धमा चर्चा, छलफल अगाडि बताउनु भयो- अन्तरराष्ट्रिय मानवीय कानूनको प्रयोग समान्यतया सङ्कटकाल तथा युद्धको समयमा हुने भन्ने कुरा प्रस्ट छ। नेपाल सरकारले चारवटै जेनेभा अभिसन्धिलाई सन् १९६४ मा स्वीकृति जनाएतापनि सन् १९७७ को थप प्रोटोकल १ र २ लाई भने स्वीकृति जनाएको छैन। मानवीय कानूनहरु शान्ति या युद्ध जुनसुकै परिस्थितिमा लागू हुन्छन्। राष्ट्रिय कानूनका प्रावधानहरु युद्धको समयमा निलम्वन भएतापनि मानवीय कानूनहरु निलम्वन हुँदैनन्।

उहाँले अगाडि भन्नुभयो- आन्तरिक सशस्त्र द्वन्द्वको सम्बन्धमा कानूनी व्यवस्था भएको थप प्रोटोकल २ अनुमोदन गरेको छैन। तर चारचार वटा जेनेभा अभिसन्धिलाई अनुमोदन गरिसकेको सरकारले थप प्रोटोकल २ मा भएका व्यवस्था नमान्ने भन्ने कुरा नआउन सक्छ।

तर मानवीय कानूनहरुको गम्भीर उल्लंघन हुँदा के कस्तो परिस्थितिमा कसलाई कसरी कारवाही गर्ने प्रस्ट व्यवस्था नेपालमा देखिदैन। युद्धको अवस्थामा 'मेडिकल युनिट' र पारवाहनको सुरक्षा हुनु पर्ने कुरामा जोड दिंदै उहाँले भन्नुभयो- जेनेभा अभिसन्धिको पक्ष राष्ट्र भएको नेपालले उक्त अभिसन्धिलाई निश्चितरुपमा मान्नु पर्दछ तर अर्को पक्षले उक्त अभिसन्धि मान्छु भनेर नभनिकन उसलाई लागू हुने कुरा आउँदैन। हाम्रो जानकारी बमोजिम माओवादीहरुले जेनेभा अभिसन्धि मान्छु भनी स्वीस फेडरल गभर्नमेन्ट (डिपोजिटेड पार्टी) लाई सूचित गरेको हामीलाई थाहा छैन।

जेनेभा अभिसन्धि लागू हुने परिस्थिति नेपालमा विद्यमान छ कि छैन? भन्ने प्रश्न गर्दै उहाँले भन्नुभयो- सरकारले अहिले सशस्त्र संघर्ष छ भनी मानेको अवस्थामा जेनेभा अभिसन्धि लागू हुन्छ। नेपालले थप प्रोटोकल २ लाई अनुमोदन नगरेतापनि जेनेभा अभिसन्धिको साझा धारा ३ अनुसार कस्ता व्यक्तिहरुलाई संरक्षण दिनु पर्छ भन्ने कुरा उल्लेख भएको छ। यस्ता प्रावधानहरु लागू गराउन आइसिआरसि लगायत मानवअधिकार संस्थाहरुले जोडदाररुपमा आवाज उठाउनु पर्दछ- उहाँको अग्रह थियो।

कुनै व्यक्तिले हतियार छोड्दछ, आत्मसमर्पण गर्दछ, वा घाइते भएको छ भने त्यस्ता व्यक्तिको जीवनको सुरक्षा गर्नु पर्ने प्रावधान साझा धारा ३ मा उल्लेख भएको र त्यसैगरी युद्धमा संलग्न नहुने, गैरसैनिक नागरिक, नलड्ने सुरक्षाकर्मीहरुको जीवनको सुरक्षा दिनु पर्ने व्यवस्था समेत उक्त धारामा गरिएको बताउँदै उहाँले भन्नुभयो- जुनसुकै पक्षले वन्दी बनाइएका अर्को पक्षका व्यक्तिहरुलाई युद्धबन्दीकोरुपमा व्यवहार गरिनु पर्दछ। त्यस्तै धारा ३ ले बन्धक तुल्याउन नपाउने, व्यक्तिको मर्यादामा धक्का पुर्‍याउनु नहुने समेत व्यवस्था गरेको छ।

जेनेभा अभिसन्धिले घाइतेहरुको सुरक्षा र मरेकाहरुको सनाखत तथा परिवारलाई जानकारी दिनुपर्ने व्यवस्था प्रस्टरुपमा गरेको बताउँदै उहाँले भन्नुभयो- हेलिकप्टरबाट हानिने गोलिले सर्वसाधारण निर्दोष नागरिक मारिन सक्छन। गैरसैनिक नागरिकहरुको सुरक्षाको सवाललाई विशेष ध्यान दिनु आवश्यक छ। माओवादीहरुले पनि नागरिकहरुलाई ढाल बनाइरहेको कुरा बाहिर आइरहेको छ। जबसम्म दुबै पक्षले जेनेभा अभिसन्धिलाई मान्छु भनेर आउँदैनन तवसम्म जति कराए पनि केही हुदैन।

युद्धको अवस्थामा बृद्ध, महिला, वालवालिका तथा अपाङ्गहरुको सुरक्षा गरिनु पर्दछ भन्ने कुरा साझा धारा ३ र थप प्रोटोकल २ मा उल्लेख गरिएको बताउँदै वन्तले यदि जेनेभा अभिसन्धि उल्लंघन भयो भने त्यसको उपचार के छ त? सन्धिहरुको अनुमोदन गर्ना साथ सन्धि ऐन अनुसार राष्ट्रिय कानून सरह लागू हुन्छन त भनियो तर कुन कानून अनुसार कुन संयन्त्रबाट उपचार हुन्छ भन्ने प्रस्ट छैन भन्नुभयो।

श्री ५ को सरकार जेनेभा अभिसन्धिको पक्ष भएकोले अहिलेको परिस्थितिमा श्री ५ को सरकारले त्यसलाई कार्यान्वयन गर्नु पर्‍यो र अर्को पक्षले पनि त्यसलाई पालना गर्नु पर्‍यो भन्नेतर्फ जोड दिंदै वन्तले भन्नुभयो- यस सवालमा आइसिआरसीले श्री ५ को सरकारका विभिन्न निकायसंग कुरा गरिरहेको छ। आसिआरसी कुनै सरकार नभएकाले यसले लागू गर्ने कुरा आएन, हामीले त खाली अनुरोध गर्न सक्छौं।

आफूहरुले रेडक्रसका सम्पूर्ण जिल्ला शाखाहरुलाई जिल्लामा के कस्तो अवस्था छ र के कस्तो मानवीय सुविधाहरु पुर्‍याउनु पर्दछ भनि जानकारी माग गरेको बताउँदै उहाँले आइसीआरसीले बारम्बार श्री ५ को सरकारलाई रेडक्रस चिन्हको दुरुपयोग रोक्न अनुरोध गरेकोमा अझै ध्यान नदिएको बताउनु भयो।

यस सन्दर्भमा सम्पूर्ण सहभागीहरु बीच भएको छलफलमा एलायन्सका मानवअधिकारकर्मी रघुनाथ अधिकारी, आरआरएनका अध्यक्ष अर्जुन कार्की, इन्सेकका कार्यकारी सदस्य सुजिता शाक्य, इन्हुरेड इन्टरनेशनलका निर्देशक डा. गोपालकृष्ण शिवाकोटी, साफरका महासचिव तपन वोस, नेमाधिसंका अध्यक्ष सुदीप पाठक, बाल मजदूर सरोकार केन्द्रका अध्यक्ष गौरी प्रधान र बुद्धिजीवी कल्याणदेव भट्टराई सहभागी हुनु भएको थियो।

मन्तव्यको क्रममा रघुनाथ अधिकारीको प्रश्न थियो- मान्छे मारेर गाडिएको छ भने परिवारलाई त्यसको जानकारी गराउनु पर्ने उल्लेख भए झैं डढाएको सम्वन्धमा के प्रावधान छ?

यसैगरी अर्जुन कार्कीको प्रश्न थियो- दुबै पक्षले स्वीस फेडरल गभरन्मेटलाई जानकारी गराएपछि मात्र जेनेभा अभिसन्धि मान्न बाध्य हुनु पर्दछ कि राज्यपक्षले चैं स्वतः मान्नु पर्दछ?

यस सम्बन्धमा प्रष्ट पार्दै वन्तले भन्नुभयो- श्री ५ को सरकार पक्ष राष्ट्र भएकाले स्वीस फेडरल गभर्नमेन्टलाई जानकारी गराइरहने कुरा भएन तर अर्को पक्षले जानकारी गराउनु आवश्यक छ।

युद्धग्रस्त क्षेत्रमा सर्वसाधारण नागरिकहरु मारमा परिरहेका छन्। त्यस ठाउँका जनतालाई सरकारले

अन्यत्र जान भनिरहेकोछ। यस परिस्थितिमा ती जनताको सुरक्षाको लागि श्री ५ को सरकारले के गर्नुपर्छ?- यो प्रश्न सुजिता शाक्यको थियो। र, यसमा वन्तको भनाइ थियो- यसरी मारमा परेका जनतालाई गृहमन्त्रालयले सहयोग गर्ने कुरा आएको छ तर आइसीआरसीसंग यथेष्ट सामग्री नभएकाले हामीले आवश्यक सहयोग गर्न सकिरहेका छैनौं।

डा. गोपालकृष्ण शिवाकोटीले मन्तव्यको क्रममा भन्नुभयो- विदोही पक्षले अन्तरराष्ट्रियस्तरमा डिपोजिट गर्ने वा ऊ हस्ताक्षरकारी हुन सक्दैन। श्री ५ को सरकारले जेनेभा अभिसन्धिलाई लागू गर्नु कानूनी दायित्व हुन्छ भने विपक्षी समूहको नैतिक दायित्व मात्रै हुन्छ। विपक्षले यातना दियो भन्दैमा राज्यले यातना दिन पाउँदैन।

श्रीलंकाको स्थितिमा लिट्टेले अन्तरर्राष्ट्रिय समुदायलाई जानकारी गराएको भएपनि अहिले विभिन्न देशहरुले उसका कार्यालयहरु समेत बन्द गर्दै गएको जानकारी समेत शिवाकोटीले दिनुभयो।

तपन वोसका प्रश्न थिए- जेनेभा अभिसन्धिको साझा धारा ३ लाई अन्तरराष्ट्रिय कस्टोमरी ल सरहको मान्यता दिइएको छ। त्यसैले जुनसुकै पक्षले गरेको अधिकारको उल्लंघन अपराध मानिन्छ भने नेपालको परिस्थितिमा यो लागू हुन्छ कि हुँदैन? प्राप्त जानकारी अनुसार सैनिकले नागरिकलाई गिरफ्तार गरिरहेकों छ। सैनिक शासन लागू नभएको अवस्था विद्यमान हुँदाहुँदै किन सैनिकले नागरिकलाई गिरफ्तार गरिरहेको छ?

वन्तले यी प्रश्नको जवाफमा भन्नुभयो- चारचार वटा अभिसन्धिमा नेपाल पक्ष भइसकेकाले कस्टुमरी ल निश्चितैरुपमा लागू हुन्छ। कस्टुमरी ल का आधारमा कुनैपनि हालतमा मान्छे मार्नु हुँदैन। यस सम्वन्धी कुराहरु साझा धारा ३ मा उल्लेख भएका छन्। सम्पूर्ण ४ वटा अभिसन्धि मानिसकेपछि साझा धारा ३ नमान्ने भन्ने कुरा आउँदैन। श्री ५ को सरकारले निश्चयनै यसमा व्यवस्था भएका प्रावधान पूरा गर्नु पर्ने दायित्व रहेको छ।

नेमाधिसंमा आइपुगेका २२ वटा निवेदन मध्ये अधिकांश आफन्त माओवादी भएका कारणले आफूलाई प्रशासनबाट दुःख दिने काम भएको कुराहरु उल्लेख गरिएको बताउँदै सुदीप पाठकले प्रश्न गर्नुभयो- यो सैनिक सङ्कटकाल होइन, नागरिक सङ्कटकाल हो भनेर कसरी अनुभूत गराउने ? र, माओवादीव्दारा गरिएको अपहरणको सवालमा, काटिएर मरेको सवालमा र वारुदी सुरङ्गमा परेर जो मारिएका छन् यसलाई कसरी हेर्ने?

यसैगरी गौरी प्रधानले घाइतेलाई सरकारव्दारा कस्तो व्यवहार भएको छ भनेर त्यसको स्वतन्त्र छानविन कसरी गर्ने? भन्ने प्रश्न गर्दै भन्नुभयो- केही समय अगाडि स्वास्थ्य मन्त्रालयलयद्वारा स्वास्थ्यकर्मीले घाइतेको उपचार गर्नु अगाडि सरकारलाई सूचना दिनुपर्ने भनी निर्देशन दिएको थियो। यस परिस्थितिमा अन्तरराष्ट्रिय कानून बमोजिम उसको उपचार पाउने हक, घाइतेको उपचार आदि बारेमा हामीले सही सूचना कसरी प्राप्त गर्न सक्छौं।

छलफल उपर प्रस्ट्योक्ति दिंदै वन्तले भन्नुभयो- जेनेभा अभिसन्धि अनुसार जुन राष्ट्र सन्धिको पक्षधर छ उसमाथि त्यसमा भएका प्रावधानहरुको बारेमा नागरिकहरुलाई जानकारी गराउने दायित्व रहन्छ। तर नेपाल सरकारले १९९३ मा जेनेभा अभिसन्धिको फूल टेक्स्ट प्रकाशन गर्ने बाहेक केही गरेको छैन। आइसिआरसीले वार्षिकरुपमा स्टाफ कलेजमा कार्यक्रम गर्दै आएको छ। जेनेभा अभिसन्धिका बारेमा आवश्यक प्रचारप्रसार हुन सकिरहेको छैन। घाइतेहरुको स्थितिको बारेमा सरकारले जानकारी गराउनु पर्दछ। घाइतेहरुको बारेमा नेपाल रेडक्रसलाई पनि जानकारी छैन। यसबारेमा हामी आइसिआरसीसंग कुरा गर्दैछौं।

अन्त्यमा कल्याणदेव भट्टराईको आग्रह थियो- हामी सैद्धान्तिक पक्षमा मात्रै बढी छलफल गरिरहेका छौं। यस भेलाबाट के कस्तो कार्य कसले गर्ने भन्ने निर्क्यौल समेत गरौं।

सङ्कटकालको समयमा मौलिक हकको संरक्षण विषयमा सांसद तथा नेपाल वार एसोशियएनका पूर्व अध्यक्ष राधेश्याम अधिकारीले विषय प्रवेश गराउनु भएको थियो। त्यस क्रममा उहाँको भनाइ थियो- मौलिक हकको संरक्षण भन्ने वित्तिकै नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको मौलिक हक सम्झिनु पर्दछ। वर्तमान अवस्थामा संविधान प्रदत्त मौलिक हकहरु प्रायः निलम्वित छन्। अहिलेको परिस्थितिमा जे जति मौलिक हकहरु वांकी छन् तिनको संरक्षणमा जोड दिनु पर्दछ। धारा ११, १२.१ र धारा १४ मा भएका मौलिक हकहरु कायमै छन्। बांकी भएका हकको संरक्षण गर्दा पनि धेरै अधिकार प्राप्त हुन्छ।

कसैले पनि कसैलाई कुनैपनि हालतमा मार्नु दण्डनीय हो भन्नुहुँदै उहाँले बताउनु भयो- वर्तमान संविधानमा वैयक्तिक स्वतन्त्रताको हनन हुने छैन भन्ने प्रावधान विद्यमान छ। वैयक्तिक स्वतन्त्रताको हकको सवाललाई लिएर न्यायालयमा उपचारको लागि जान पाउने व्यवस्था, सङ्कटकालमा पनि विद्यमान छ। तसर्थ न्यायालयको भूमिका यस सवालमा महत्वपूर्ण रहेको छ।

धारा १४, त्यसमा पनि १४ को ४ अत्यन्तै महत्वपूर्ण रहेको जनाउँदै अधिकारीले अहिले सङ्कटकाल भएपनि पक्राउ परेको व्यक्तिलाई जथाभावि गर्न नपाउने र पक्राउ पर्नाको कारण दिनु पर्ने प्रावधान विद्यमान भएको बताउनु भयो।

कानुन व्यवसायीहरु बन्दी प्रत्यक्षीकरणको रिटमा प्राथमिकताका साथ लाग्नु पर्छ भन्ने कुरालाई आफूहरुले मनन गरेको र वार एशोसिएशनले यसमा ध्यान दिने बताउँदै उहाँले अगाडि भन्नुभयो- सैनिकले गिरफ्तार गर्‍यो भन्दैमा मुद्दा पनि उसैले चलाउने कुरा आउँदैन। आआफ्नो क्षेत्राधिकार अनुरुप कारवाही गरिनु पर्दछ। कसैमाथि मुद्दा चलाउने काम पब्लिक प्रोसिक्युटरको हो। मुद्दा दायर गर्ने काम जनपद प्रहरीको हो। यदि यस्तो भएको छैन भने सरकारलाई सजग र सचेत गर्ने बेला आइसकेको छ। यस सम्वन्धी सवालहरुलाई हामीले निश्चितरुपमा उठाउनु पर्दछ। जुनबेला अन्य अधिकारहरु निलम्बित भएका हुन्छन् त्यसबेला सरकारको दोहोरो दायित्व रहन्छ। सरकारसंग एउटा यस्तो संयन्त्र हुनुपर्छ जहां

नागरिकले आफूले भन्न मन लागेको कुरा राख्न पाओस्।

विभिन्न निकायहरुबाट आउने सूचनाहरु एकअर्कासंग मिल्छ कि मिल्दैन सरकारले हेर्नु पर्ने कुरामा जोड दिंदै उहाँले भन्नुभयो- आज सेनाले देशभित्रै राम्रो इमेज राख्न सक्दैन भने भोलि उसले आफ्नो साख युएनमा कायम गर्न सक्दैन। अन्य मुलुकले नेपाली सेनालाई अस्वीकार गर्न सक्छन्। तसर्थ यस सम्बन्धी जानकारी सैनिकले पनि लिनु पर्छ र आवश्यक परेमा आफूले सच्याउनु पर्दछ।

धारा ११५ को उपधारा ७ नलाग्ने वित्तिकै त निलम्वन भएका धारा वाहेक अरु सबै विद्यमान कानून अक्षरस: लागू हुने स्थिति कायमै रहेको बताउँदै उहाँले त्यसकारणले यो परिस्थितिमा पनि हामीले कानूनको पालनाको लागि सरकारलाई भन्नु पर्ने कुरामा जोड दिनु भयो। त्यसपश्चात् यस विषयक फ्लोर डिस्कसनमा अधिवक्ता रमेश बडाल, सांसद तथा संसदको परराष्ट्र तथा मानवअधिकार समितिका सभापति सोमप्रसाद पाण्डे, अधिवक्ता दिनेश त्रिपाठी, गैसस महासंघ बाँकेका सभापति गोपालनाथ योगी, अधिवक्ता केदार कोइराला र मानव अधिकारकर्मी डा. मधुराप्रसाद श्रेष्ठले भाग लिनु भएको थियो।

मन्तव्यको क्रममा रमेश बडालको भनाइ थियो- संविधानको मौलिक हकका केही धाराहरु अझै विद्यमान छन्। धारा ८८ अनुसार प्रवेश गर्नको लागि धारा २३ कायम रहनु पर्दछ। जुन हकको उपचार हुदैन भने त्यो हक हुन सक्दैन। निलम्वित हकको सवालमा मात्र धारा २३ प्रयोग नहुने र अन्य हकको सवालमा लागू हुन्छ भन्ने कुरा आउनु पर्‍यो। अहिले कतिपय रिटहरु दर्ता नगरिदिएको कारणले गर्दा सङ्कटकाल समाप्त भएपछि अदालतमा उक्त केस लैजादा दोहोरो हुन्छ भनेर मानिसहरु अदालतमा गइरहेका छैनन्।

गिरफ्तार गरेर ल्याइएको व्यक्तिलाई जुन किसिमको यातना दिइएको छ त्यसको जानकारी कतैबाट अहिले आइरहेको छैन। कुनै कुरा सार्वजनिक गरेको कारणले पत्रकारलाई पनि धम्क्याइएको कुरा आइरहेको छ। हाम्रा अधिकारहरु निलम्वित नभएतापनि त्यसलाई प्रयोगमा ल्याउन कठिनाई भइरहेको पाइन्छ। यस परिस्थितिमा के गर्ने ठोस निष्कर्ष निकालौं- यो मन्तव्य सोमप्रसाद पाण्डेको थियो।

दिनेश त्रिपाठीले मन्तव्यको क्रममा भन्नुभयो- अरु धाराहरु निलम्वित भएतापनि नागरिकको हक संरक्षणमा अदालतले ८८ (१) प्रयोग गरी योगदान पुर्‍याउन सक्छ। मेरो विचारमा संविधानको प्रस्तावना अनुरुप कानूनको शासन र मानवअधिकारलाई कुनै पनि हालतमा हनन गर्न पाइदैन। यसमा अदालतले आफ्नो भूमिका निर्वाह गर्न सक्छ। सैनिकद्वारा मानिसहरुलाई गिरफ्तार गर्ने, कारवाही गर्ने काम भइरहेको छ यो गम्भीर कुरा हो।

अहिले सैनिकले "सर्च एण्ड डिस्ट्रोय" भन्ने कुरा गरिरहेको छ, डिस्ट्रोय गर्ने अधिकार उसले कहाँबाट पायो? जबकि बाँच्न पाउने अधिकार जीवितै छ। यस सम्वन्धमा मानवअधिकार आयोगले उपयुक्त निर्देशन जारी गर्नु पर्‍यो। त्यस्तै वार एशोसिएशन पनि यस कार्यमा लाग्नु पर्‍यो- दिनेश त्रिपाठीले जोड दिंदै भन्नुभयो- संविधानका केही धाराहरु निलम्बन मात्र भएका हुन खारेज नै गरिएको होइन। सङ्कटकाल हो यस बेला जे पनि गरे हुन्छ भन्ने कुरा सोच्नु भएन।

गोपालनाथ योगिले नागरिक समाजको एउटा संयन्त्र केन्द्रदेखि जिल्लासम्म बन्नु आवश्यक भएको औचित्य दर्शाउँदै बताउनु भयो- नेपालगंजको एउटा ल फर्ममा कार्यरत ४ जनामध्ये एक जना भूमिगत भएको आधारमा वाँकी सबैलाई पक्रिने काम भयो। तर यस सम्वन्धमा बोल्न, वकिलहरु आफै पनि डराइरहेका छन्, पत्रकारहरु लेख्न तयार छैनन्। यस सम्बन्धमा बल्लबल्ल मानवअधिकारकर्मीहरुसंगै गएर सिडिओसंग कुराकानी गरे पछि बेलुका छाडेको थियो। यस्तो परिस्थितिमा सर्वसाधारणलाई परेको मर्का बारेमा कसले बोल्ने?

सेनाले गरिरहेको सर्च एण्ड डिस्ट्रोयको कुरा जीवनको अधिकार विरुद्ध छ भनी अदालतमा जान सकिन्छ कि सकिदैन?- यो प्रश्न केदार कोइरालाको थियो।

सबै संयन्त्र तथा निकायहरु निरंकुशताको मानसिकतामा रहेको अवस्थामा मानवअधिकार समुदायका मानिसहरुले यसको बारेमा चेतना अभिवृद्धि गर्न सकेनौं भने अझै धेरै मानिसहरु पीडित हुँदै जानेछन् भननुहुँदै डा. मधुराप्रसाद श्रेष्ठले भन्नुभयो- निलम्वित नभएका धाराहरु लागू गर्न दबाव दिन पनि एउटा संयन्त्र बनाउनु पर्‍यो। सङ्कटकाललाई छिटो समाप्त गर्न पहल गर्नु पर्दछ। यसले कसैलाई हित गर्दैन।

छलफल उपर प्रस्त्योक्ति दिंदै राधेश्याम अधिकारीले भन्नुभयो- रमेश बडालले उठाउनु भए अनुसार धारा ८८ (१) र (२) अन्तर्गत कानूनी उपचारमा जान सकिन्छ भन्ने मलाई लाग्छ। धारा ७२ लाई सङ्कटकालसंग जोडेर हेरिरहनु आवश्यक छैन वरु धारा ११५ (७) सङ्कटकालसंग जोडिएर आउनु पर्ने हो। सङ्कटकाल सकिन सक्छ तर अध्यादेश लागू भइरहन सक्छ। वकिलहरु डराएको भन्ने कुरा यथार्थ हो तर भएको देखेको कुरा भन्न छोड्नु हुदैन भन्ने लाग्छ। राष्ट्रिय मानवअधिकार आयोगले अहिलेको अवस्थामा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ। 'सर्च एण्ड डिस्ट्रोय' को बारेमा सरकारसंग सोध्ने काम हामीले गर्नु पर्दछ। तर पत्रपत्रिकामा आएको आधारमा गरिने उजुरीहरुको बारेमा अदालतले कसरी लिन्छ भन्ने कुरा पनि मनन गर्नु पर्दछ। विद्यमान मौलिक हकको सवालमा हामी लड्न छोड्नु हुदैन। यदि प्रजातन्त्र जोगाउनु

छ भने निलम्बित नभएका धाराहरु निष्क्रिय हुन दिनु हुदैन।

त्यसपछि सङ्कटकालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान प्रदत्त मानवअधिकारहरु विषयमा पूर्व सभामुख तथा सरकार माओवादी वार्ताका मध्यस्थकर्ता दमन ढुंगानाले आफ्नो विचार पेश गर्दै भन्नुभयो- सङ्कटकाल लागू भएको ठिक एक महिना पछि यो कार्यक्रम राखिएकोले सान्दर्भिक छ। हामी ठिक समयमा सङ्कटकालको समीक्षा गर्दैछौं।

मुलुक हतियारको च्यापमा परेको छ। यो च्यापबाट कसरी मुक्ति हुने भन्ने सवाल महत्वपूर्ण छ भन्नुहुँदै उहाँले अहिले लागू भएको सङ्कटकाल संसदले अनुमोदन गरिनसकेको, सत्तारुढ दलले निर्णय गरी लागू गरेको सङ्कटकाल हो भन्नुभयो।

अध्यादेश कपटपूर्ण तवरले ल्याइएको बताउँदै उहाँले सङ्कटकाल कायम नरहेपनि अध्यादेशले काम चलाउने अभिप्रायले ल्याइएको बताउनु भयो।

अहिले सरकारले उसको क्रियाकलापको विरोध गर्ने सबैलाई आतङ्ककारीको समर्थकको रुपमा कारवाही गर्ने धम्की दिइरहेको छ। तर के नागरिक समाज हत्या हिंसाको राजनीतिमा सरिक हुने पक्ष हो र ? अहिले सरकार पक्ष नागरिक समाजसँग डराइरहेको छ- उहाँको स्पष्टोक्ति थियो। निशस्त्र पक्षको संरक्षण राज्यले गर्नु पर्ने र आफ्नो दायित्व राज्यले पूरा गर्नु पर्ने कुरामा जोड दिदै उहाँले जनता बिलकुल हत्या हिंसाको राजनीतिको पक्षमा नरहेको बताउनु भयो। जनता प्रजातन्त्रको पक्षमा छन्। यो एक महिनामा जनताको व्यवहारले सङ्कटकालको औचित्य समाप्त भएको देखाउँछ। जनताले संविधानतः राज्यले गरेको कार्यलाई शान्ति र प्रजातन्त्रको पक्षमा समर्थन दिइसकेको छ- उहाँले अगाडि भन्नुभयो।

नागरिक समाजले प्रधानमन्त्रीलाई जिम्मेवार बनाउँदै जनताउपर ज्यादती हुन दिनु नहुने

कुरामा उहाँको जोड थियो। आदेश मार्फत अध्यादेशलाई निष्क्रिय पार्ने बेला भइसकेको बताउँदै ढुंगानाले ज्यादतीहरु रोक्न मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहने हुँदा यसमा आयोगले काम गर्नुपर्ने आग्रह उहाँको थियो।

नागरिक सरकारलाई सैनिक सरकार बन्न दिनु हुँदैन। अहिले जे भइरहेको छ त्यसबारे प्रत्यक्षरुपमा सेना, प्रशासन र प्रहरीलाई केही भन्ने हैन त्यो निर्वाचित प्रधानमन्त्रीलाई भन्नु पर्छ। सङ्कटकाल र अध्यादेशले प्रजातन्त्रको वृक्षलाई विस्तारै मार्ने काम गर्दैछ। हतियारको राजनीतिले राष्ट्र नै समाप्त हुन सक्छ त्यसैले अब दृष्टिकोण बनाउने बेला आएको छ- अन्त्यमा ढुंगानाले भन्नुभयो।

यसै सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष प्रमुख अतिथि नयनबहादुर खत्रीले आफ्नो विचार पेश गर्नुभएको थियो। उहाँको भनाई थियो- जे जति काम भएको छ त्यो नियमानुसार भएको छ। नागरिक प्रशासन सुचारुरुपले संचालन भएको छ। "कर्डन एण्ड सर्च"तथा "सर्च एण्ड डिष्ट्रोय" एउटा प्रक्रिया हो। सङ्कटकाल कसरी अन्त्य गर्ने, यसको प्रक्रिया तथा बाटो होला। बिचमा आएर यसको अन्त्य गर्ने संयन्त्र बन्दैन। वर्तमान अवस्थामा सबै कुरा छ, कानून छ, नियम छ तर कार्यान्वयनको प्रतिवद्धता छैन। कुनै अधिकार हरणीय भएको छैन, केही समयको लागि निलम्वन भएको हो। तीन महनापछि सरकारले सङ्कटकालमा भएका मानव अधिकारका उल्लंघनका घटनाहरुको सम्वन्धमा कानूनी उपचार पाउने व्यवस्था छ। तर अहिले हामी किन हतारिरहेका छौं?

नागरिक प्रशासनमा प्रधानमन्त्रीको जति अधिकार छ, अहिले पनि प्रमको त्यत्ति नै अधिकार छ भन्नुहुँदै उहाँले ल एण्ड अर्डर कायम गर्न प्रधानमन्त्रीले सेनाको सहयोग लिन सङ्कटकाल लागू गरिएको बताउनु भयो। सङ्कटकाल लागू गर्दा सीमित शक्तिको प्रयोग हुनु पर्ने कुरामा जोड दिदै त्यसै अनुरुप काम भइरहेको आफूलाई लागेको उहाँले बताउनु भयो। सरकार र माओवादी बीचको वार्ता तेश्रो चरण पछि अकस्मात किन बन्द भयो? भन्ने प्रश्न गर्दै प्रमुख अतिथि खत्रीले वार्ताको टेबुलबाट नै यो समस्याको समाधान गरिनु पर्ने कुरामा जोड दिनु भएको थियो।

फ्लोर डिस्कसनमा कल्याणदेव भट्टराई, प्रजातान्त्रिक अधिकार बचाउन आन्दोलनका सचिव श्याम श्रेष्ठ, अर्जुन कार्की र सुदिप पाठकले क्रमशः निम्न प्रश्न र विचार राख्नु भएको थियो- संविधान सभा मार्फत जनतालाई सोध्न पाइन्छ कि पाइदैन?

वर्तमान परिस्थितिमा नागरिकका अधिकारहरु हनन् भइरहेका छन्। यो सङ्कटकाललाई कसरी चांडो अन्त्य गर्ने सवालमा सबैको ध्यान जानु पर्दछ। यस सम्बन्धमा मानवअधिकार आयोगले जिम्मेवार भएर बोल्नु पर्‍यो।

निर्दोष मानिसहरु सङ्कटकालको अवस्थामा धेरै मारिएका छन। छोरा वा दाजु माओवादी भएको कारण बहिनीले यातना पाएको सैयौं मान्छेले देखेका छन्। यसैगरी वाबु आमालाई पनि यातना दिएको उदाहरणहरु प्रशस्त छन्। ती मान्छेहरु यो र त्यो पार्टीका होइनन्। यस्तो अवस्थामा संयन्त्रको कुरा भइरहेको छ। हाम्रो आशाको केन्द्र भनेको पनि मानवअधिकार आयोग नै हो।

सङ्कटकालमा सरकारले गरेका मानवअधिकारको हनन्का घटनाहरुको यथार्थ जानकारी दिई त्यस्ता घटना नगर्न सजग गराउनु पर्दछ। मानवअधिकार अयोग हाम्रो अधिकारको संरक्षण गर्ने निकाय हो। उक्त आयोगमा हामीले के कति

उल्लंघनका घटनाहरुको उजुरी गर्यौं?

यी प्रश्न र विचारका सन्दर्भमा स्पष्ट पार्दै प्रमुख अतिथि खत्रीले भन्नुभयो- सरकारले निर्ममतापूर्वक दमन गर्ने काम कारवाही गर्यो भने त्यो क्षम्य हुन सक्दैन।

वरिष्ठ पत्रकार पी खरेलले सङ्कटकालका समयमा सूचनाको अधिकार रक्षाका सम्वन्धमा प्रेसको भूमिका विषयका सन्दर्भमा आफ्नो विचार पेश गर्दै भन्नुभयो- चारचार सय सम्पादक भएको देशमा यथार्थ घटना किन आउँदैन? फलोअप समाचार किन आइरहेको छैन? किन खोजी गरिदैन? किन सरकारलाई सोधिदैन? यसमा संचारकर्मीहरुको कमजोरी देखिएको छ। सरकारी संचारमाध्यामले त धर्म छोड्यो छोड्यो तर निजी संचार माध्यमले धर्म छोड्नु भएन। पत्रकारले व्यवसायिक धर्म र सामाजिक दायित्व पूरा गर्नु पर्दछ। सामान्य अवस्थामा जो कोहीले पनि काम गर्न सक्दछन् तर सङ्कटकालको अवस्थामा मात्र थाहा हुन्छ, कसको अनुहार कस्तो छ र कसले कति काम गर्न सक्दछ।

सङ्कटकाल भन्दैमा सूचना प्रवाहको स्रोत एउटा मात्रै होइन भन्दै उहाँले त्यत्रो पंचायती कालरात्रीमा बोल्ने तथा लेख्ने पत्रकार अहिलेको प्रजातान्त्रिक सङ्कटकालमा किन डराउने? भन्ने प्रश्न राख्दै उहाँले भन्नुभयो- राष्ट्रमा यत्रो ज्यादती भएको छ त्यसको सही सूचना दिइएको छैन। सैनिक तथा विद्रोहीको फोटो राख्न रक्षाको स्वीकृति लिनु पर्ने? यो कस्तो चलन हो?

सङ्कटकालमा पनि पत्रकारले आफ्नो व्यवसायिक भूमिका निर्वाह गर्नु पर्ने कुरामा जोड दिंदै उहाँले सूचनाको हक संविधानमा उल्लेख गर्ने दक्षिण एशियमा नेपाल मात्र हो भने विश्वका १५ वटा मुलुकमा मात्र यस्तो व्यवस्था रहेको बताउनु भयो।

त्यस पश्चात् राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलले कुनैपनि अवस्थामा अहरणीय मानव अधिकारको सवाल र सङ्कटकालमा मानव अधिकारकर्मीहरुको भूमिका विषयमा आफ्नो विचार पेश गर्नु भएको थियो। यस क्रममा उहाँले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अधिकारलाई अहिले त श्री ५ को सरकारले प्रतिज्ञापत्र भन्न थालेको बताउँदै भन्नुभयो- प्रतिज्ञापत्रमा हेर्ने हो भने, त्यस सङ्कटकालमा पनि धारा ६, ७, ८, ११, १५, १६ र १८ लाई निलम्बन गर्न पाइँदैन भनिएको छ। त्यस अनुसार राज्यले हस्ताक्षर गरेको छ। नेपालले हस्ताक्षर गरेका सम्पूर्ण संयुक्त राष्ट्रसंघीय दस्तावेजहरुमा उल्लेख भएका अधिकारहरु नेपाली जनताका अधिकारहरु हुन। हामी त्यसमा अडिग छौं। कति सम्म सकिन्छ कार्यान्वयन गर्दै जाने कुरा हो।

विचार पेशको क्रममा उहाँले अगाडि भन्नुभयो- अहिलेको स्थितिलाई राष्ट्रिय मानवअधिकार आयोगले बडो गम्भीरतापूर्वक हेरेको छ। जहाँसम्म सङ्कटकालीन अवस्थामा मानवअधिकार आयोगले केही नगरेको भन्ने कुरा छ, हामीले प्रेस विज्ञप्ती जारी गरेका थियौं। जसमा हामीले श्री ५ को सरकारलाई बडो संयमित हुनकोलागि र बडो सोच विचारका साथ आफ्नो कामलाई अगाडि बढाउन आग्रह गरेका छौं। किनभने संयम गुमाइयो भने यसले देशमा ठूलो हिंसाको लहर ल्याउन सक्छ भन्ने हाम्रो भनाइ हो। हाम्रो टीमले सम्माननीय प्रधानमन्त्रीसंग भेटेर मुख्य दुईवटा कुराहरु राखेका छौं। १. घाइते मानिसका कुराहरु : घाइते मानिसहरुका वारेमा अहिलेसम्म कुनै जानकारी गराइएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले आइ सी आर सी सँग वसेर कुरा गरीसकेको छ। स्थानीय क्षेत्रमा आकस्मीक उपचार सामग्री राखिनु पर्छ। यसमा पनि आयोगले चासो राखेको छ। र २. क्याज्योल्टी हुनसक्छ भनेर सरकारको तयारी कति छ त? रुकुम रोल्पा देखी सल्यान स्याङ्जा तथा सोलुमा अपरेशनको लागि आर्मी जान्छ तर अपरेशन गर्न जानुभन्दा अगाडी त्यहाँको अस्पतालमा डाक्टरहरु, औषधीहरु तथा आवश्यक सामानहरुको व्यवस्था गर्ने कि नगर्ने? हामीले यो कुरा स्वास्थ्य मन्त्रालयलाई सोधेका छौं। स्वास्थ्य मन्त्रालयले आयोगलाई जानकारी दिनको लागि तयारी गर्दै छ। यसैगरी जनकपुरमा भएको घटनाको पनि हामीले माग गरेका छौं। आत्मसमर्पण गरिरहेकाको सुरक्षा बारेमा सरकारलाई सचेत गराउँदै जानकारीको माग गरेका छौं। दा'मा भएको घटनाका वारेमा पनि आयोगले यो कुराहरु उठाइरहेको छ र आवश्यक पर्दा निश्चयपनि अनुसन्धानको काम गर्नु पर्छ। र उजूरीको रुपमा आयोगमा यी कुराहरु आउनु पर्यो।

कार्यक्रमको अन्त्यमा इन्सेकका महासचिव सुबोधराज प्याकुरेलले इन्सेकले 'सङ्कटकालको एक महिना' शिर्षकमा प्रतिवेदन प्रकाशन गरेको जानकारी दिनु हुँदै राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार संघसंस्थाहरु, पत्रकार तथा नागरिक समाजका लागि यो एउटा पूर्ण सामाग्री हुने विश्वास लिएको बताउनु भयो। कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद दिंदै प्याकुरेलले अन्तरक्रिया कार्यक्रम समाप्त भएको जानकारी गराउनु भएको थियो।

निष्कर्ष

देशका लब्धप्रतिष्ठित संवैधानिक आयोगका पदाधिकारी, मानवअधिकार समुदायका नेता, सांसद, राजनीतिज्ञ, विभिन्न राजनीतिक दलद्वारा गठित संकटकाल अनुगमन समितिका नेता, पत्रकार, कानुन व्यवसायी लगायत बहुपक्षीय व्यक्तिहरुको उक्त जमघटमा भएको छलफलले अन्त्यमा निम्न निष्कर्ष निकालेको थियो-

- जस्तोसुकै अवस्थामा पनि कानुनको शासन हुनुपर्छ।
- यो संकटकालमा मानवीय कानुनको परिपालनाको गुरुत्तर र दोब्बर जिम्मेवारी सरकारको काँधमा छ।
- यतिबेला सिंगो नागरिक समाज हिम्मतका साथ उल्लेखित भावनाको परिपालना गराउनका लागि अगाडि बढ्नुपर्छ।
- राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकार संस्थाहरुले संयन्त्रको निर्माण गरेर सुसूचित हुने र न्यायपूर्ण व्यवहारबाट वञ्चित नहुने, नागरिकहरुको रक्षाका लागि देखा पर्ने गरी काम गर्नु पर्छ।
- संचार जगत भयग्रस्त मानसिकताबाट मुक्त हुनुपर्छ।
- कानुन व्यवसायीहरु अहरणीय हकहरु पालना गराउन अग्रसर रहनुपर्छ।

तपाईलाई थाहा छ ?

प्राचीमा छापिए जस्तै सामाग्रीहरु
रेडियो नेपालबाट पनि प्रशारित हुने गरेका छन्।
प्रत्येक शनिबार रेडियो नेपालमा
बिहान ८:३० बजे

मानवअधिकार शिक्षा कार्यक्रम

एक महिनाको नेपाल

माओवादीद्वारा संघर्षविराम फिर्ता र वार्ता भङ्ग, सरकारद्वारा संकटकालको घोषणा र त्यसपछिका घटनाक्रम

- तेस्रो चरणको वार्तापछि नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा २०५८ मंसिर ४ गते वार्ताबाट राजनीतिक निकासको संभावना क्षीण हुँदै गएको कुरा सार्वजनिक।
- २०५८ मंसिर ६ गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा एक विज्ञप्तिमार्फत् "युद्धविराम"को औचित्य समाप्त भएको कुरा सार्वजनिक। सरकारले वार्ताका माध्यमबाट सकारात्मक राजनीतिक निकास निकाल्ने सबै ढोका बन्द गरेकोले "युद्धविराम" सम्बन्धी आफ्नो निर्णयको औचित्य समाप्त भएको कुरा विज्ञप्तिमा उल्लेख गरिएको। विज्ञप्तिमा अगाडि भनिएको छ- "अत: यसै वक्तव्यमार्फत् हामी वार्ताका माध्यमबाट शान्तिपूर्ण ढंगले सकारात्मक राजनीतिक निकास खोज्ने आम जनता र हाम्रो पार्टीको चाहनालाई साम्राज्यवादी र प्रतिक्रियावादी षडयन्त्रद्वारा असफल पारिएको प्रष्ट गर्दछौं।" तर, वार्ताको ढोका खुल्ला रहेको कुरा पनि सो विज्ञप्तिमा उल्लेख गर्दै भनिएको छ- "नयाँ प्रकृयामा जनताका आधारभूत हितका निमित्त आवश्यकताअनुसार वार्ताको ढोकालाई भने हामी आफ्नो तर्फबाट बन्द भने गर्ने छैनौं।"
- २०५८ मंसिर ८ गते माओवादीद्वारा वार्ता भङ्ग गर्दै दाङ्, स्याङ्जा, सुर्खेत लगायत् देशका २५ भन्दा बढी जिल्लाहरुमा सशस्त्र आक्रमण तथा बम विस्फोट।
  - दाङ्मा १४ सैनिक, ९ प्रहरी र ३ सर्वसाधारणको हत्या। घोराहीस्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शाही नेपाली सेनाको भगवतीप्रसाद गुल्म, एसपी निबास, सिडिओ निबास, जिल्ला वन कार्यालय, मालपोत कार्यालय, कृषि विकास बैंकको बैंकिङ कार्यालय र नेपाल बैंक लिमिटेड तथा नारायणपुर स्थित इलाका प्रहरी कार्यालय र राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयमा आक्रमण, आगजनी र लुटपाट। माओवादीहरुले प्रहरी र सैनिकसँग रहेको सयौंको संख्यामा

हातहतियार र गोली तथा करिब ७ करोड रुपैयाँ बराबरको धनमाल लिएर गएको। कारागार शाखा ध्वस्त गरी सम्पूर्ण बन्दी भगाएको।

- स्याङ्जामा १४ प्रहरीको हत्या। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, कारागार शाखा र इलाका प्रहरी कार्यालय वालिङमा आक्रमण। कारागार शाखाबाट सबै बन्दी भगाएको।
- सुर्खेत विमानस्थलमा पार्किङमा राखिएको एशियन एयरलायन्सको एउटा हेलिकप्टर विद्युतीय धरापमा पारी ध्वस्त।
- २०५८ मंसिर ८ गते माओवादीद्वारा डा. बाबुराम भट्टराईको संयोजकत्वमा ३७ सदस्यीय केन्द्रीय जन सरकार गठन गरेको घोषणा। जनसरकारको नाम "संयुक्त क्रान्तिकारी जनपरिषद नेपाल केन्द्रीय तदर्थ समिति" राखिएको। समितिको उपाध्यक्षमा कृष्णबहादुर महरा र सचिवमा देव गुरुङ। सो समिति भदौको अन्तिम सातामा रोल्पाको कुरेली गाविस ढाङढुङमा सम्पन्न राष्ट्रिय भेलाद्वारा गठन भएको जनाइएको।
- ०५८ मंसिर ९ गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले एक वक्तव्य जारी गरी मंसिर ८ गतेका घटनाहरुको जिम्मेवारी सो पार्टीले लिएको जनाएको।
- २०५८ मंसिर ९ गते नेपालगञ्जबाट सुर्खेत जाँदै गरेको सशस्त्र प्रहरीको ट्रक माओवादीहरुले सुर्खेत जाने बाटोमा एम्बुसमा पार्दा ४ जना प्रहरीको मृत्यु, अन्य घाइते।
- २०५८ मंसिर ९ गते श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री शेरबहादुर देउवालाई बोलाई मंसिर ८ गते राति माओवादीद्वारा देशका विभिन्न स्थानमा गराइएका घटनासम्बन्धमा जानकारी लिइबक्स्यो।
- २०५८ मंसिर ९ गते प्रधानमन्त्री निवास बालुवाटारमा सर्वदलीय वैठक सम्पन्न। प्रमुख प्रतिपक्षी लगायत् सबै विपक्षी दलका प्रतिनिधिहरुद्वारा संकटकाल घोषणाको विपक्षमा धारणा व्यक्त।
- ०५८ मंसिर १० गते काठमाण्डौ नयाँबजारबाट नेकपा (माओवादी) का केन्द्रीय स्तरका नेता रविन्द्र श्रेष्ठ र उनकी पत्नी तथा अनेमसंघ (क्रान्तिकारी) की सदस्य लक्ष्मी श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तारको क्रममा माओवादी नेता रविन्द्र श्रेष्ठ बायाँ हातमा गोली लागी घाइते भए। प्रहरीका अनुसार रविन्द्र श्रेष्ठले आफूसँग रहेको रिभल्भरबाट प्रहरीलाई गोली प्रहार गर्न लाग्दा आफ्नै हातमा लागेको थियो।
- ०५८ मंसिर १० गते राति सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा माओवादीद्वारा आक्रमण गरी प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत, २७ प्रहरी, ५ सैनिक र १ कैदीको हत्या। फाप्लुङ विमानस्थलको टावर, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, कृषि विकास बैंक, मालपोत कार्यालय, सिडिओ निवास, डिएसपी निवासमा आक्रमण। थप ४ जना सर्वसाधारणको घरमा क्षति। नेपाल बैंक लिमिटेडबाट करिब डेढ करोड रुपैयाँ र लाखौं बराबरको गरगहना लगेको। माओवादीतर्फ भएको क्षतिबारे अस्पष्ट, १५ जनाको लास भेटिएको। र, पछि रक्षा मन्त्रालयले २ सय जनाको मृत्यु भएको पुष्टि गरेको।
- ०५८ मंसिर ११ गते सोलुखुम्बु जिल्ला सल्लेरी गाविस-४ का ९ वर्षीय डति शेर्पालाई सोही ठाउँको जंगलको बाटो भई विद्यालयबाट घरतर्फ फर्किरहेको अवस्थामा माओवादीको आशंकामा सुरक्षाकर्मीहरुले गोली हानी हत्या गरे।
- रोल्पा जिल्ला पाछावाङ गाविस घर भई दाङ जिल्ला त्रिभुवननगर नगरपालिका-१० स्थित सेनाको व्यारेक अगाडि पसल गरी बस्ने ४८ वर्षीय जितबहादुर घर्तीलाई ०५८ मंसिर ११ गते सेनाले पक्राउ गरेकोमा मंसिर १४ गते महेन्द्र अस्पताल, दाङमा उनको लास फेला पऱ्यो। उनलाई सेनाले नै हत्या गरेको हुनसक्ने आशंका गरिएको छ।
- २०५८ मंसिर ११ गते सरकारद्वारा माओवादीहरुलाई "आतंककारी" घोषणा।
- २०५८ मंसिर ११ गते मन्त्री परिषदको सिफारिसमा श्री ५ बाट "आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८" जारी।
- २०५८ मंसिर ११ गते मन्त्रीपरिषदको वैठकद्वारा अधिराज्यभर संकटकालीन अवस्था घोषणा गर्न श्री ५ समक्ष सिफारिश र श्री ५ बाट संकटकालको घोषणा। साथै, सुरक्षा परिषदको सिफारिसमा श्री ५ बाट अधिराज्यभर सैनिक परिचालनको घोषणा।
- ०५८ मंसिर ११ गते नेपाल र भारतका प्रधानमन्त्रीबीच टेलिफोन वार्ता सम्पन्न। भारतीय प्रधानमन्त्री अटल विहारी वाजपेयीले आम नेपालीको सुरक्षाका लागि चालिएका कदमको समर्थन गर्नुभएको कुरा भारतीय विदेश मन्त्रालयका प्रवक्ताले जनाएको।
- ०५८ मंसिर ११ गते अमेरिकी राजदुतावासले माओवादीद्वारा गरिएका हिंसात्मक आक्रमणको भर्त्सना गर्दै संविधानभित्र रहेर आफ्ना नागरिक र पदाधिकारीहरुको रक्षा गर्ने सरकारको प्रयासलाई समर्थन गर्ने जनायो।
- ०५८ मंसिर ११ गते युरोपियन युनियनको मुख्यालयले माओवादीद्वारा गरिएका हिंस्रक आक्रमणप्रति गहिरो चिन्ता व्यक्त गर्दै माओवादी नेता तथा कार्यकर्तालाई तत्काल हिंसा त्यागी सहमतिका आधारमा समस्यालाई निकास दिन आग्रह गरिएको छ। साथै प्रधानमन्त्री शेरबहादुर देउवाबाट थालिएको शान्ति प्रकृयाको विगतमा स्वागत गरिएको स्मरण गऱ्यो। उक्त धारणाप्रति नर्वेको हेड अफ मिसनले पनि सहमति जनायो।
- प्रधानमन्त्रीद्वारा संकटकालको घोषणाका सम्बन्धमा जानकारी दिने उद्देश्यले ०५८ मंसिर १२ गते आयोजित कुटनीतिक नियोगका प्रमुखहरुसँगको सामूहिक भेटघाट कार्यक्रमका अवसरमा कुटनीतिक नियोगहरुद्वारा श्री ५ को सरकारको यस कदमप्रति समर्थन रहेको धारणा व्यक्त।
- ०५८ मंसिर १२ गते भारतीय राजदुतावासले एक विज्ञप्ति जारी गरी भारतले नेपाल सरकारले माओवादीलाई "आतंककारी" घोषित गर्दै अधिराज्यभर संकटकाल लागू गरेको कदमको समर्थन गर्दै नेपाली सुरक्षाकर्मीविरुद्धको गतिविधिमा माओवादीलाई आफ्नो भूमि प्रयोग हुन नदिने जनाएको। साथै, माओवादीले वार्ता भंग गरी हिंसामा उत्रिएकोमा खेद प्रकट गरेको। सोही दिन नयाँ दिल्लीमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता निरुपमा रावले दुई देशबीचको सीमामा सुरक्षा बल उच्च सतर्कताको स्थितिमा राखिएको उल्लेख गरेको। भारतीय प्रधानमन्त्री अटल विहारी वाजपेयीले आम नेपालीको सुरक्षाका लागि चालिएका कदमको समर्थन गर्नुभएको जनाएको।
- ०५८ मंसिर १२ गते रोल्पा जिल्लाको नुवागाउँ, खुङ्ग्री, होलेरी, कोटगाउँलगायत्का स्थानमा सेनाले सर्च तथा आक्रमण गर्दा ५० भन्दा बढी माओवादी छापामारहरुको मृत्यु भएको कुरा सैनिक सूत्रले सार्वजनिक गरेको।

- ०५८ मंसिर १२ गते सुरक्षाकर्मीउपर आक्रमण गर्न खोज्नेहरुमध्ये प्युठान र रोल्पाको सीमा क्षेत्रमा २२ र प्युठानकै अर्को घटनामा ७ "आतंककारी"हरुको सैनिक कारवाहीमा मृत्यु भएको कुरा मंसिर १३ गते सैनिक समाचार विभागद्वारा जनाइएको। साथै, ५ जना पक्राउ परेको, केही हतियार र १८ लाख १ हजार २ सय ६७ रुपैयाँ सैनिकले बरामद गरेको जनाइएको।
- २०५८ मंसिर १२ गते संकटकाल घोषणाको औचित्य पुष्टि गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा देशवासीका नाममा सञ्चार माध्यममार्फत् सन्देश।
- २०५८ मंसिर १३ गते राष्ट्रिय मानवअधिकार आयोगद्वारा जुनसुकै अवस्थामा पनि जनताको मानवअधिकारप्रति संवेदनशील रहन सरकारलाई सचेत गराउँदै नेकपा (माओवादी) लाई पनि ध्वंसात्मक गतिविधि तुरुन्त बन्द गर्न आग्रह।
- २०५८ मंसिर १३ गते विभिन्न मानवअधिकार संस्थाद्वारा मुलुकमा संकटकाल घोषणा भइसकेको र आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजायसम्बन्धी अध्यादेश लागू गरिएपछि उक्त अध्यादेशमा निहित प्रावधानको व्यापक दुरुपयोग हुनसक्ने संभावना र त्यसलाई नियन्त्रण गर्ने संरचनाको अभावप्रति गम्भीर चिन्ता व्यक्त। कुनै पक्षबाट गरिने जथाभावी, अन्धाधुन्ध जीवन हरण गर्ने कार्यको विरोध गर्दै जनताको जीवनको अधिकारको रक्षा गर्न र आधारभूत स्वतन्त्रताको सम्मान गर्न श्री ५ को सरकारलाई जोडदार आव्हान। साथै सोही दिन मानवअधिकारवादी नेता पद्मरत्न तुलाधरलाई प्रहरीले पक्राउ गरेको घटनाप्रति निन्दा।
- २०५८ मंसिर १३ गते सञ्चार मन्त्रीद्वारा सोही मन्त्रालयमा आयोजित एक पत्रकार सम्मेलनमार्फत् प्रकाशन/प्रशारणसम्बन्धी एक निर्देशिकाको घोषणा। निर्देशिकामा निम्न विषय समावेश गरिएको छः

प्रकाशन/प्रशारण गर्न नहुने :

- श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अपहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने।
- नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने।
- नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्नजाने।
- विभिन्न जात, जाति, धर्म, वर्ग क्षेत्र, सम्प्रदायका मानिसहरुबीच वैमनष्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने।
- सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्नजाने।
- नेपाल अधिराज्यको संविधान २०४७ को प्रतिकूल हुने समाचारहरु।
- बहुदलीय प्रजातन्त्रको मूलभूत मान्यतामा आँच आउने समाचारहरु।
- राष्ट्रिय अस्मितामा आँच आउने, सामाजिक विखण्डन ल्याउने, आतंक र त्रासदी फैलाउने।
- शाही नेपाली सेना, नेपाल प्रहरी र निजामती राष्ट्रसेवकप्रति दुर्भावना

मानवअधिकारकर्मीलाई पक्राउ गरियो

सुर्खेत

एमनेस्टी इन्टरनेशनल नेपाल ग्रुप-६९, सुर्खेतका संयोजक विष्णुप्रसाद खनाललाई ०५८ मंसिर १२ गते साँझ ५:३० बजे वीरेन्द्रनगरस्थित संगम पुस्तक पसल ठेटमा पर्चा पढिरहेको अवस्थामा प्रहरीले "तपाईलाई प्रहरी कार्यालयमा बोलाइएको छ" भनी गिरफ्तार गरे।

स्याङ्जा

इन्सेक आबद्ध संस्था मानवअधिकार शिक्षा एवं विकास केन्द्रकी कार्य समिति सदस्य २९ वर्षीय टिमकुमारी कुमाललाई ०५८ मंसिर १३ गते प्रहरीले गिरफ्तार गरे। ०५५ सालमा संस्थाद्वारा सञ्चालित कार्यक्रममा सहभागी हुनुभएकी टिमकुमारी ०५७ साउनदेखि संस्थाको कार्यसमितिमा निर्वाचित हुनुभएको थिए। पुतलीबजार नपा-५ घर भएकी उहाँ घरेलु विकास समितिको कार्यालय सचिव पनि हुनुहुन्छ। हाल उहाँलाई कास्की जिल्ला प्रहरी कार्यालयमा राखिएको छ। इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक र कार्यालयका अर्का साथी भेट गर्न जाँदा भेट्न दिइएन र रिहा गर्न पनि नमिल्ने कुरा डिएसपीले बताए।

डडेल्धुरा

इन्सेक आबद्ध संस्था मानवअधिकार तथा जनजागरण केन्द्रका कार्यक्रम संयोजक प्रेमबहादुर साउदलाई ०५८ मंसिर १८ गते संस्थाको कार्यालयबाटै प्रहरीले गिरफ्तार गरे। माओवादी गतिविधिमा संलग्न भई हाल प्रहरीले पक्राउ गरेका व्यक्तिहरुले "हामीलाई माओवादी बनाउने व्यक्ति प्रेम हो" भन्ने बयान प्रहरीसमक्ष दिएकाले आवश्यक अनुसन्धानका लागि उहाँलाई गिरफ्तार गरिएको प्रहरीले बताए। श्री साउद विगत दुई वर्षभन्दा बढी अवधिदेखि इन्सेक आबद्ध संस्थामा रही मानवअधिकार आन्दोलनमा सक्रिय हुनुहुन्छ।

चितवन

भरतपुर नगरपालिका-७ कृष्णपुराका जनअधिकार सरोकार अभियानका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष धर्मराज आचार्य जिल्ला सदस्य रविमोहन सापकोटा र भरतपुर नपा-४ का नेपाल मानवअधिकार संगठनका केन्द्रीय सदस्य भिमराज अधिकारीलाई ०५८ मंसिर २९ गते राति आ-आफ्नो घरबाट प्रहरीले पक्राउ गरे। (तीनैजनालाई ०५८ पुस २ गतेदेखि जेल चलान गरी नजरबन्दमा राखिएको छ।

तेह्रथुम

इन्सेक आबद्ध संस्था जन चेतना अभियान (प्याक) का अध्यक्ष ज्योति अधिकारीलाई ०५८ पुस ५ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयमा पुऱ्याए। अधिकारीलाई १५ दिने तारेखमा सोही दिन रिहा गरियो।

उद्देश्य : यस्ता क्रियाकलापहरु संयुक्त राष्ट्रसंघको साधारण सभाले १० डिसेम्बर १९९८ मा ग्रहण गरेको मानवअधिकार रक्षकहरुले सुरक्षासम्बन्धी घोषणापत्रको धारा १ (मानवअधिकारको रक्षा र विकास गर्न पाउने प्रत्येक व्यक्तिको अधिकार) धारा २ (मानवअधिकार रक्षकहरुको अधिकारलगायत समग्र मानवअधिकारहरुको रक्षा र विकास गर्न राज्यको दायित्व) धारा ६ (मानवअधिकारका सवालमा बोलाउन मानवअधिकारसम्बन्धी सूचना प्राप्त गर्ने र प्रसार गर्ने अधिकार) धारा १२ (मानवअधिकार रक्षकहरुलाई कुनै आक्रमण, धमकी र भेदभावबाट कानून तथा व्यवहारमा समेत पूर्ण रक्षा गर्ने राज्यको दायित्व) विपरित हुएको।

फैलाउने, मनोबल गिराउने र उनीहरुको छविमा आँच आउने समाचारहरु।

- ○ माओवादी "आतंककारी" व्यक्ति, समूहलाई प्रश्रय पुग्ने किसिमको एवं उनीहरुको मनोबल बढ्ने प्रकृतिका समाचारहरु।
- ○ निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरु।
- ○ जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरु।
- ○ कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्रीहरु।

प्रकाशन/प्रशारण गर्न हुने :

- ○ माओवादी "आतंककारी"को आपराधिक गतिविधिलाई उदांगो पार्ने समाचार दिने। तर, मनोबल नबढ्नेतर्फ सावधान रहने।
- ○ शाही नेपाली सेना, प्रहरी र राष्ट्रसेवकहरुको वीरतापूर्ण काम र प्राप्त उपलब्धिसम्बन्धी समाचारहरु।
- ○ श्री ५ को सरकार, सरकारी माध्यमहरुबाट प्राप्त आधिकारिक समाचारहरु।

● ०५८ मंसिर १३ गते भारतीय प्रधानमन्त्री वाजपेयीले श्री ५ ज्ञानेन्द्रसँग टेलिफोन वार्ता गरी माओवादी "आतंककारी"सँगको युद्धका सन्दर्भमा "आवश्यक कुनै पनि किसिमको सहयोग" नेपाललाई उपलब्ध गराउन भारत तत्पर रहेको विचार व्यक्त।

● ०५८ मंसिर १३ गते दाङको त्रिभुवन नगरपालिका-३ वर्गदीमा किसानहरुको एक समूहले धान त्रिखण्डी बाँडिनु पर्ने कुरा उठाउँदै गर्दा उक्त ठाउँमा सेनाको गस्ती पुगी त्रिखण्डीको कुरा उठाउने स्थानीय ११ जनालाई गोली हानी हत्या गरे। गोलीद्वारा हत्या गरिनेहरुमा सोही ठाउँका आशाराम चौधरी, कृष्ण चौधरी, जोगी चौधरी, रिष चौधरी, रामु चौधरी, परशु चौधरी, सितु चौधरी, जगमान चौधरी, खुशीलाल चौधरी, रुपलाल चौधरी र साँड्ग्रा चौधरी रहेका छन्।

● ०५८ मंसिर १३ गते गृह मन्त्रालयले एक अनुरोधपत्र जारी गर्दै संकटकालीन अवस्थामा मुलुकको राष्ट्रिय सुरक्षाका विषयमा सबै नागरिकलाई संवेदनशील एवं सचेत हुन आग्रह गऱ्यो।

● ०५८ मंसिर १३ गते राति सल्यान जिल्लामा सुरक्षाकर्मीहरुलाई एम्बुस थापेर क्षति पुऱ्याउने प्रयास गर्दै गरेका करिब ७० जना माओवादीहरु सैनिक कारवाहीमा मृत्यु भएको कुरा सैनिक समाचार विभागले मंसिर १४ गते जनाएको। त्यसैगरी शारदा र माल्टा खोलाको दोभान नजिक सोही दिन पौष्टिक आहार कार्यक्रमको ट्रकमा रहेका माओवादीहरुलाई "कारवाही" गर्ने क्रममा सेनाको गोलीबाट ८ जना माओवादी कार्यकर्ता, ४ जना पौष्टिक आहार कार्यक्रमको कर्मचारीहरु (चितवनका ईश्वर भट्टराई, सल्यानका रोशन बुढाथोकी, भैरहवाका कोमल खनाल र सर्लाहीका जितन चौधरी) तथा एक जना घट्ट रुँघेर बसेका स्थानीय व्यक्तिसमेत १३ जनाको मृत्यु भयो। ट्रकमा बसेका व्यक्तिहरुले सैनिकहरुमाथि गोली प्रहार गरेपछि सैनिकले प्रतिकार गर्दा उक्त घटना भएको कुरा सैनिक समाचार विभागले जनाएको।

● ०५८ मंसिर १३ गते बसेको राप्रपा केन्द्रीय कार्य समितिको बैठकले सरकारद्वारा घोषणा गरिएको संकटकालीन स्थितिप्रति समर्थन जनायो। बैठकले माओवादीले जनयुद्धका नाममा हिंसा, हत्या र आतंकको वातावरण सिर्जना गरी राष्ट्रिय सुरक्षाको अन्तिम र भरपर्दो आधार शाही नेपाली सेनामाथि समेत आक्रमण गरेर देशलाई असहज परिस्थितिमा पुऱ्याएकाले सरकारले संकटकालीन स्थिति घोषणा गरेको प्रस्ताव पारित गऱ्यो। बैठकले यस्तो अवस्थामा मुलुकमा शान्ति सुरक्षा कायम गर्नु सरकारको प्राथमिक कर्तव्य भएको ठहर गऱ्यो।

● ०५८ मंसिर १४ गते राष्ट्रिय जनआन्दोलन संयोजन समितिका संयोजक भक्तबहादुर श्रेष्ठद्वारा उक्त समितिलाई औचित्य समाप्त भएको बताउँदै विघटन।

● ०५८ मंसिर १४ गते माओवादीले बालाजु औद्योगिक क्षेत्रभित्र रहेको बोटलर्स नेपाल लिमिटेडमा दुईवटा बम विस्फोट गराउँदा डेढ करोड रुपैयाँभन्दा बढीको सम्पत्ति नोक्सान।

● ०५८ मंसिर १४ गते सम्पन्न नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठकद्वारा माओवादीहरुका क्रियाकलापका कारण संकटकाल घोषणा गर्नुपर्ने अवस्था उत्पन्न भएको ठहर गर्दै मुलुकमा संकटकालीन स्थिति घोषणा भई जनताका अधिकार निलम्बित हुने, देशमा अन्यौल र अनिश्चितता कायम रहने अवस्था यथाशक्य चाँडो अन्त्य गर्नुपर्ने निष्कर्ष।

● ०५८ मंसिर १४ गते देशमा संकटकालको घोषणा भएपछिको अवधिमा भइरहेका घटनाहरुको यथार्थ विवरण संकलन र विश्लेषण गरी सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले नेकपा (एमाले) द्वारा राजेन्द्रप्रसाद पाण्डेको संयोजकत्वमा ५ सदस्यीय अनुगमन कार्यदल गठन। कार्यदलका सदस्यमा परशुराम मेघी गुरुङ, वीरबहादुर सिंह, उर्मिला अर्याल र धर्मनाथप्रसाद शाह रहनुभएको छ।

● ०५८ मंसिर १५ गते गृह मन्त्रालयले "आतंककारी"हरु आफूमाथि भएको वा हुनसक्ने कारवाहीबाट बच्न होटल, लजका साथै नीजि घरमा डेरा लिई लुकीछिपी बस्न सक्ने भएकाले शंकास्पद व्यक्तिहरु देखिएमा सूचना दिन गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र प्रहरी कन्ट्रोलको फोन नं. मा सूचना दिन आग्रह।

● ०५८ मंसिर १५ गते राजधानीमा आयोजित एक कार्यक्रममा स्वास्थ्य मन्त्री शरतसिंह भण्डारीले स्वास्थ्य संस्थाहरुलाई सुरक्षा निकायको अनुमतिविना घाइते "आतंककारी"हरुको उपचार नगर्न चेतावनी दिनुभयो। उहाँले सरकारी र नीजि स्वास्थ्य संस्थाहरुले सुरक्षा निकायको स्वीकृति विना त्यस्तो कार्य गरेमा सजायको भागी बन्नुपर्ने कुरा बताउनुभयो।

● ०५८ मंसिर १५ गते स्वास्थ्य मन्त्रालयले मातहतका निकायहरुलाई एक निर्देशन जारी गरी विध्वंसात्मक क्रियाकलापमा संलग्न हुँदा घाइते भई उपचारका लागि नीजि क्लिनिक, नर्सिङ होम वा नीजि अस्पतालमा समेतमा आउने व्यक्तिहरुको उपचारमा संलग्न व्यक्ति, संघ-संस्थाले सो सम्बन्धी विषयको जानकारी अनिवार्य रुपले यथाशिघ्र स्थानीय प्रशासन वा नजिकको सुरक्षा निकायसमक्ष गराउनुपर्ने कुरा सार्वजनिक।

● ०५८ मंसिर १५ गते रोल्पा जिल्ला खुमेल गाविस-४ मेलधारामा बराहा पूजा गरिरहेको अवस्थामा सेनाले हेलिकप्टरबाट गोली चलाउँदा खुमेल गाविस-४ का ३६ वर्षीय बलिराम थापा, १२ वर्षीय फुर्सी रोका, खुमेल गाविस-५ का ६५ वर्षीय मनबहादुर गुरुङ, खुमेल गाविस-६ का दिलबहादुर घर्ती र ६० वर्षीय गायत्री गुरुङको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा अन्य ७ जना व्यक्ति सख्त घाइते भए।

- ०५८ मंसिर १६ गते शाही नेपाली सेनाले माओवादीका अखडा र तालिम केन्द्रमाथि हवाई र स्थलमार्गबाट "कर्डन एन्ड सर्च अपरेशन" शुरु गरेको सार्वजनिक।
- ०५८ मंसिर १६ गते राति रोल्पामा गस्ती गरिरहेका शाही सेना र "आतंककारी"बीच दोहोरो भीडन्त हुँदा कम्तीमा ३७ जना हताहत भएको कुरा सार्वजनिक।
- ०५८ मंसिर १६ गते नवलपरासी जिल्ला सुनवलका हरि क्षेत्रीलाई सुरक्षाकर्मीहरुले गोली हानी हत्या गरेको। पीडितको घरमा खानतलास गरी आत्मसमर्पण गर्न लगाउँदा भाग्न खोजेकाले सुरक्षाकर्मीहरुले प्रतिकार गर्दा घटनास्थलमा नै मृत्यु भएको कुरा रक्षा सूत्रले बताएको।
- ०५८ मंसिर १६ गते सुनसरी जिल्ला मधेली गासिवका गुलजन चौधरीको प्रहरीसँगको भीडन्तमा गोली लागी मृत्यु।
- ०५८ मंसिर १६ गते डोल्पा जिल्ला लिकु गाविस-८ हुमका ३० वर्षीय भिमबहादुर रावललाई माओवादीहरुले अपहरण गरी कुटपिट गरेर हत्या गरे। पीडितको लास ५ दिनपछि मंसिर २१ गते फेला परेको थियो।
- रुसी महासंघ, चीन, जापान लगायत्का देशहरुद्वारा नेपालमा माओवादीद्वारा गरिएका पछिल्ला आक्रमणका घटनाहरुप्रति दुःख व्यक्त गर्दै संकटकाल घोषणाको समर्थन।
- ०५८ मंसिर १७ गते दश वामको संयुक्त वैठकद्वारा संकटकालको अवधि यथाशक्य छिटो अन्त्य गर्न र शान्तिपूर्ण वार्ताकै माध्यमबाट समस्या समाधान गर्न सरकार र माओवादी दुवै पक्षसँग आग्रह।
- ०५८ मंसिर १७ गते प्रधानमन्त्री शेरबहादुर देउवाले प्रम निवास बालुवाटारमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा सूचना सम्प्रेषणका निम्ति मुलुकको भौगोलिक कठीनाई समेतका कारण केही समस्या देखिएता पनि समयमै सूचना सम्प्रेषण गर्न श्री ५ को सरकार प्रतिबद्ध रहेको बताउनु भयो। र, सूचना सम्प्रेषणलाई सरल र सुलभ बनाउन श्री ५ को सरकार प्रयासरत रहेको पनि स्पष्ट पार्नुभयो। प्रम देउवाले, अहिलेको संकटकालीन अवस्था केवल माओवादी "आतंककारी" र उनीहरुलाई सहयोग र समर्थन गर्ने व्यक्ति तथा संस्थाहरुतर्फ मात्र केन्द्रित रहेको बताउनु भयो।

मानवअधिकारकर्मीको क्यामरा खोसियो

सोलुखुम्बु

सल्लेरीमा ०५८ मंसिर ११ गते मृतक माओवादीको फोटो खिचिरहेको अवस्थामा मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि तेजनारायण राजभण्डारीको क्यामरा प्रहरीले खोसे। किन खोसिएको हो भनी सोध्दा "मन्त्रीज्यूले फोटो खिच्न नदिनू भन्नुभएको छ त्यसैले" भन्ने उत्तर प्रहरीले दिए। तपाईको क्यामरा पछि दिन्छौं भनेकोमा ०५८ मंसिर १९ गते विहान डिएसपी मोहन खड्काले जिल्ला प्रतिनिधिको घरमै ल्याएर क्यामरा फिर्ता गरिदिए। क्यामराको रिल झिकेर आफूलाई दिएको जिल्ला प्रतिनिधि तेजनारायणले बताए।

- ०५८ मंसिर १८ गते रक्षा मन्त्रालय र शाही नेपाली जंगी अड्डाले एक अपिल सार्वजनिक गर्दै मुलुकमा शान्तिसुरक्षा र अमनचयन कायम गर्न माओवादी "आतंककारी" क्रियाकलापमा संलग्न व्यक्ति वा समूहका बारेमा कुनै पनि जानकारी प्राप्त भएमा शाही नेपाली सेनाको व्यारेक वा टुकडीलाई सूचित गराउन सर्वसाधारण जनतालाई आग्रह। साथै निर्दोष वा अन्जान व्यक्तिहरुलाई क्षति नपुगोस् भन्ने हेतुले माओवादी "आतंककारी"हरु बस्ने वा भेला हुने स्थानहरुबाट टाढा बस्नसमेत सम्पूर्ण नेपालीहरुलाई अपिल।
- ०५८ मंसिर १८ गते नेकपा (एमाले) संसदीय दलको कार्यालयमा संसदमा प्रतिनिधित्व गर्ने र नगर्ने १२ वटा विपक्षी पार्टीहरुको वैठक सम्पन्न। वैठकद्वारा अधिराज्यभरी लागू भएको संकटकालीन अवस्थामा अधिकारको दुरुपयोग हुन नपाओस् भनेर सम्पूर्ण विपक्षी राजनीतिक पार्टीहरुले अनुगमन गर्ने र प्राप्त विवरणका आधारमा श्री ५ को सरकारको ध्यानाकर्षण गर्ने निर्णयं।
- ०५८ मंसिर १८ गते नेकपा (माले) को केन्द्रीय कमिटीको आकस्मिक वैठक बसी नेकपा (माओवादी) लाई वार्ता भङ्ग गरी हिंसात्मक कारवाहीमा उत्रिएकोमा र श्री ५ को सरकारले अन्य वैकल्पिक उपायहरुको खोजी नगरी संकटकाल घोषणा गरेकोमा त्यसको आलोचना।

- ०५८ मंसिर १८ गते एमनेष्टी इन्टरनेशनलले सरकारद्वारा लागू गरिएको संकटकालीन अवस्थाको शिकार मानवअधिकारलाई हुन नदिन प्रधानमन्त्री शेरबहादुर देउवालाई विशेष अनुरोध गऱ्यो। एमनेष्टीको एशिया प्रशान्त कार्यक्रमका निर्देशक गेरी नवसले प्रधानमन्त्री देउवालाई एक पत्र लेखी उक्त अनुरोध गर्नुभएको हो। संकटकालीन अवस्थामा मानवअधिकारको गम्भीरतापूर्वक रक्षा गर्न एमनेष्टीले सरकारसँग आग्रह गऱ्यो।
- ०५८ मंसिर १८ गते गृह मन्त्रालयद्वारा गराइएको जानकारी अनुसार मंसिर १७ र १८ गते नुवाकोट, ओखलढुङ्गा, रामेछाप, रसुवा, संखुवासभा, गोरखा, स्याङ्जा र वाग्लुङ जिल्लामा गरी करिब ७ सय माओवादीहरुले आत्मसमर्पण गरेको।
- ०५८ मंसिर १९ गते रक्षा मन्त्रालयले एक विज्ञप्तिमार्फत् ०५८ मंसिर १० गते सोलुखुम्बुमा सैनिक प्रत्याक्रमणमा २०० माओवादी मारिएको पुष्टि भएको दाबी गरेको। त्यस भीडन्तमा मारिएका माओवादीहरुमध्ये

केहीको टाउको काटेर माओवादीहरुले नै लगेको र शरीर मात्र छरिएर रहेको अवस्थामा भेटिएको कुरा समेत उक्त विज्ञप्तिमा उल्लेख गरिएको।

- सिन्धुपाल्चोक जिल्ला माहांकाल गाविस-१ का प्रकाश लामिछानेलाई ०५८ मंसिर १८ गते बेलुका ८ बजे लामोसाँघु जलविद्युत आयोजनाको सुरक्षार्थ रहेको सेनाले गोली चलाउँदा घाइते भएकोमा काभ्रे, धुलिखेलस्थित अस्पतालमा उपचार गर्दागर्दै ०५८ मंसिर १९ गते मृत्यु भयो। रेडियो नेपाल तथा अन्य संचार माध्यमले निज लामिछाने "आतंककारी" भएको भन्ने तापनि लामिछाने आफन्तलाई भेट्न त्यसतर्फ गएको र बेलुका आफ्नो व्यक्तिगत कामले बाहिर निस्केको अवस्थामा सेनाले "आतंककारी"को आशंकामा गोली प्रहार गरेको हुन सक्ने खुल्न आएको छ। पीडित नेकाँ समर्थक रहेको खुल्न आएको छ।
- ०५८ मंसिर १९ गते नेपाली काँग्रेस उच्चस्तरीय अनुगमन समिति एवं पार्टी-सरकार समन्वय समितिको संयुक्त बैठक सम्पन्न। बैठकद्वारा संकटकालमा पनि प्रशासन, शाही नेपाली सेना लगायत्का सुरक्षा संयन्त्रले माओवादी आतंक दबाउने क्रममा सामान्य र निर्दोष मान्छे पर्नुहुन्न भनेर सरकारलाई सचेत गराइएको।
- ०५८ मंसिर १९ गते गोरखा जिल्ला छोप्राक गाविस-२ अमराहीका करिब ५६ वर्षीय भवदत्त पोखेललाई "कर्डन एन्ड सर्च अपरेशन" का क्रममा सोही गाविस-१ चित्रेमा सैनिकहरुले गोली हानी हत्या गरे। पीडित माओवादी कार्यकर्ता थिए।
- ०५८ मंसिर २० गते गोरखा जिल्लाको चित्रे इलाकाको जंगलमा सेनाले गरेको हवाई आक्रमणका कारण ठूलो संख्यामा माओवादी छापामारहरु मारिएको तर, संख्या भने यकिन नभएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ मंसिर २० गते संकटकालीन अवस्थामा गर्न हुने र नहुने सूचीका बारेमा सूचना तथा सञ्चारमन्त्री र स्वास्थ्य मन्त्रीले क्रमशः प्रेस र स्वास्थ्यकर्मीलाई दिएको निर्देशनका सम्बन्धमा काठमाण्डौस्थित संयुक्त राज्य अमेरिकाको विदेश विभागद्वारा थप स्पष्टीकरण माग।
- ०५८ मंसिर २० गते यातायात मन्त्रालयद्वारा हाल मुलुकका विभिन्न स्थानमा निषेधाज्ञा जारी भएका कारण सुरक्षाको दृष्टिकोणले रात्री बस संचालन कार्य मंसिर २१ गतेदेखि अनिश्चित कालका लागि स्थगित गरिएको कुरा सार्वजनिक।
- ०५८ मंसिर २० गते नेकपा (माओवादी) को घनिष्टतम भनिने भारतको पिपल्स वार ग्रुप र माओवादी कम्युनिष्ट सेन्टर तथा यी दुवै दलका भातृ संगठनहरुलाई समेत भारत सरकारद्वारा "आतंककारी" घोषणा गरेको कुरा भारतीय समाचार संस्था प्रेस ट्रस्ट अफ इण्डियाले जनाएको।
- ०५८ मंसिर २० गते ताप्लेजुङ जिल्ला थुम्किबा गाविस-१ का १६ वर्षीय तारा लंवाको ५०-६० जना माओवादी समूहको गोलीद्वारा मृत्यु।
- ०५८ मंसिर २१ गते यसअघि सरकार-माओवादी बीचको तेस्रो चरणको वार्ताको क्रममा न्यायिक हिरासतमा रहेका माओवादी बन्दीहरुलाई रिहा गर्ने सरकारी निर्णय हाल फिर्ता लिइएको कुरा सूचना तथा संचारमन्त्री तथा सरकारका प्रवक्ता जयप्रकाशप्रसाद गुप्ताद्वारा सार्वजनिक।
- ०५८ मंसिर २१ गते सूचना तथा संचारमन्त्री तथा सरकारका प्रवक्ता जयप्रकाशप्रसाद गुप्ताद्वारा संकटकालीन स्थिति घोषणा भए यता कम्तीमा २ सय ५० जना "आतंककारी"को मृत्यु भएको र १ सय ३ जना पक्राउ परेको कुरा सार्वजनिक।
- ०५८ मंसिर २१ गते धनुषा जिल्ला धनुषाधाम गाविस-७ का ५६ वर्षीय चन्द्रदीप यादव, ३५ वर्षीय उत्तिमलाल यादव र २६ वर्षीय देवकुमार यादवको प्रहरीको गोलीद्वारा मृत्यु। प्रहरीले पक्राउ गरी भ्यानमा राखेर ल्याइरहेको अवस्थामा भागेकाले गोली प्रहार गरिएको कुरा क्षेत्रीय प्रहरी इकाई कार्यालय जनकपुरका वरिष्ठ प्रहरी उपरीक्षक हेमबहादुर गुरुङले बताएको। पीडितहरुमध्ये चन्द्रदीप र उत्तिमलाल क्रमशः माओवादीका केन्द्रीय नेता अजवलाल यादवका पिता र सहोदर दाजु हुन्। अजवलाल यादवलाई ०५६ चैत २१ गते प्रहरीले पक्राउ गरी झण्डै एक वर्ष बेपत्ता पारेकोमा सरकार-माओवादी वार्ताको क्रममा ०५८ असोज ३० गते रिहा गरेको थियो।
- ०५८ मंसिर २१ गते मन्त्रीपरिषदको निर्णयद्वारा भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेको संयोजकत्वमा २४ सदस्यीय संकटकालीन अवस्था व्यवस्थापन एवम् समन्वय मूल समिति गठन। सोही दिन बसेको उक्त समितिको बैठकले "जनतालाई स्वच्छ एवम् जिम्मेवार सरकारको अनुभूति प्रदान गर्न जनसामान्यले पाउने सेवा, सुविधालगायत् व्यहोर्नु परिरहेका अन्य समस्याहरुको निराकरण गरी जनताको दैनन्दिनको जीवनमा सहुलियत पुऱ्याउन" तत्काल लागू हुने गरी विभिन्न निर्णय गऱ्यो। जसअन्तर्गत खानेपानी, विद्युत र टेलिफोनको महसुल बुझ्ने, मर्मत तथा जडान कार्य, जग्गा दर्ता, अंशवण्डा, नामसारी, मालपोत बुझाउने कार्य, नागरिकता र राहदानी प्रदान गर्ने कार्य जस्ता कार्यहरु सर्वसुलभ ढंगले गरिदिन सम्बन्धित कार्यालयहरुलाई निर्देशन।
- ०५८ मंसिर २१ गते राती कास्की जिल्ला धम्बुस प्रहरी चौकीमा कार्यरत हातहतियाररहित सामुदायिक प्रहरीहरु वीरेन्द्र श्रेष्ठ र बुद्धिबल खड्कालाई नेकपा (माओवादी) का छापामारहरुद्वारा मुख खोल्न लगाई मुखभित्र गोली हानी हत्या गरियो।
- ०५८ मंसिर २१ गते राती वर्दिया जिल्ला प्रशासन कार्यालयमा नेकपा (माओवादी) द्वारा सकेट बम प्रहार गरी पर्खालमा सामान्य क्षति। घटनापछि जिल्ला प्रहरी कार्यालयबाट आएको बा.अ.झ ३८०७ नं. को गाडी गस्तीका क्रममा गुलरिया नपा-६ मा माओवादीद्वारा थापिएको एम्बुसमा परी सामान्य रुपमा क्षतिग्रस्त।
- ०५८ मंसिर २१ गते राती म्याग्दी जिल्लाको घोडेपानी स्थित सेनाको पोष्टमा माओवादीहरुले आक्रमण गर्न खोज्दा सेनाको प्रत्याक्रमणमा परी "उल्लेख्य संख्या" मा माओवादीहरु मारिएको रक्षा मन्त्रालयको दाबी। सेनाको प्रत्याक्रमणबाट मारिनेहरुको शव माओवादीहरुले नै बोकेर लगेकाले संख्या यकिन हुन नसकेको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ मंसिर २२ गते देशमा संकटकाल लागू भएको अवस्थामा शाही नेपाली सेनालाई परिचालन गरिएकाले कारवाहीको क्रममा घाइते हुनेहरुको उपचारको विशेष व्यवस्था मिलाउने प्रयोजनका लागि सरकारद्वारा स्वास्थ्यमन्त्री शरदसिंह भण्डारीको अध्यक्षतामा १४ सदस्यीय स्वास्थ्य व्यवस्था समितिको गठन। यससम्बन्धी निर्णय

मन्त्रीपरिषदको मंसिर १५ गतेको बैठकले गरेको थियो।

- ०५८ मंसिर २२ गते स्वास्थ्य व्यवस्था समितिद्वारा सबै स्वास्थ्य संस्थाहरुले घाइते भई उपचारका लागि आउने विरामीहरुको जानकारी सम्बद्ध सुरक्षा निकायलाई दिनुपर्ने व्यवस्था गर्नुका साथै वीर अस्पतालमा केन्द्रीय स्तरको "डिजास्टर म्यानेज्मेन्ट टिम" गठन गर्ने निर्णय। सो टिम चौबीसै घण्टा आकस्मिक सेवाका लागि तयारी अवस्थामा रहने र आवश्यक परेको खण्डमा टिमलाई देशका विभिन्न भागमा तत्काल पठाउने व्यवस्था समेत मिलाउने निर्णय।
- ०५८ मंसिर २२ गते स्वास्थ्य व्यवस्था समितिले संकटकालीन अवस्थामा घाइतेहरुको विवरण सुरक्षा निकायलाई दिनुपर्ने कुरा फौजदारी कानूनमै व्यवस्था भएको र समितिले पनि त्यसो गर्नुपर्ने निर्देशन दिइएको जानकारी समितिका सदस्य सचिव महेन्द्रनाथ अर्यालद्वारा गराइयो।
- ०५८ मंसिर २२ गते नेकपा (माओवादी) द्वारा संकटकालपूर्व घोषणा गरिएको "नेपाल बन्द" बाट देशव्यापी रुपमा जनजीवन प्रभावित भयो। राजधानी काठमाण्डौमा यातायातका साधन तथा पसलहरु बन्द रहे भने विराटनगर, नारायणगढ, पोखरा, बुटवल, दाङ, नेपालगञ्ज, धनगढी जस्ता ठाउँहरुमा केही मात्रामा पसलहरु खुले पनि यातायात ठप्प रह्यो। प्रायः शैक्षिक संस्थाहरु बन्द रहे। तर, अप्रिय घटना भएनन्। नेकपा (माओवादी) ले संकटकाल घोषणा हुनुपूर्व ०५८ मंसिर ८ गते मंसिर २२ गतेको बन्दको कार्यक्रम सार्वजनिक गरेका थिए।
- ०५८ मंसिर २२ गते गोरखा, दोलखा, पर्वत र डोल्पा जिल्लामा गरी करिब ७ सय माओवादी समर्थकहरुद्वारा प्रशासनसमक्ष आत्मसमर्पण गरेको कुरा मंसिर २३ गते को *दि काठमाण्डौ पोस्ट* दैनिकले जनायो।
- ०५८ मंसिर २२ गते वर्दिया जिल्ला देउढाकला गाविस-३ का १६ वर्षीय जीतेन्द्र थारुलाई दिउँसो ४ बजे गाउँ नजिकैको जंगलमा घाँस काटिरहेको अवस्थामा सेनाले हात माथि उठाउन लगाई गोली हानी हत्या गरे।
- ०५८ मंसिर २३ गते नुवाकोट जिल्ला वागेश्वरी गाविस-३ तीनथुम्कीनेर सोही ठाउँका २४ वर्षीय खीलप्रसाद लामिछाने र रसुवा जिल्ला यार्चा गाविसका तामाङ थरका एक जना व्यक्तिलाई सेना र प्रहरीले अन्धाधुन्ध गोली प्रहार गर्दा घटनास्थलमै मृत्यु भयो। खीलप्रसाद लामिछाने माओवादी अभियानमा नलागेको स्थानीय व्यक्तिहरुले बताए। तामाङ लोक्ता व्यापारी थिए।
- सिराहा जिल्ला सोनमति मझौरा गाविस-८ का ३० वर्षीय शिवु भन्ने शिवनारायण यादवलाई ०५८ मंसिर २३ गते राति १२ बजे ब्रम्हहान गोरछारी गाविस-९ मा रामखेलाउन महतोको घरबाट प्रहरीले पक्राउ गरी नजिकैको आँपको रुखमा बाँधी निर्मम कुटपिट गरे। त्यसपछि ३ पटक हवाइ फायरसमेत गरी उनलाई गोली प्रहार गरी हत्या गरे। भोलीपल्ट शिवनारायण मारिएको छ, पोष्टमार्टमका लागि जिल्ला अस्पतालमा लैजानू भनी परिवारका सदस्यलाई प्रहरीले नै जानकारी दिएका थिए।
- ०५८ मंसिर २३ गते मोरङ जिल्लाको कानेपोखरी जंगलमा प्रहरीले गरेको अप्रेसनमा परी ३ जना "आतंककारी" को मृत्यु भएको कुरा प्रहरीले जनाएको।
- ०५८ मंसिर २४ गते रोल्पा जिल्ला राँक गाविसस्थित नेपाल दूर संचार संस्थानको रिपिटर टावरको सुरक्षार्थ खटिएका सैनिकहरुमाथि माओवादीद्वारा आक्रमण। त्यसक्रममा माओवादीतर्फ कम्तिमा ६० जना र सैनिकतर्फ ४ जनाको मृत्यु।
- ०५८ मंसिर २४ गते कैलाली जिल्लास्थित खटिया खोला नजिक श्रीगाउँमा सुरक्षाकर्मीको कारवाहीमा ११ जना



हप्तामा एक दिन मात्र आत्मसमर्पण !

सरकारले मुलुकमा संकटकाल घोषणा गरेपछि विभिन्न जिल्लाका माओवादी कार्यकर्ताहरुले प्रशासन समक्ष आत्मसमर्पण गर्न आउनेहरुको संख्या बढेको छ। देशका मानवअधिकारकर्मीहरुले पनि आत्मसमर्पण गर्न चाहने माओवादीका लागि निश्चित ठाउँको व्यवस्था गर्न सरकारसंग माग गरेका छन्। ०५८ मंसिर २० गते राजधानीमा आयोजित एक कार्यक्रममा मानवअधिकारकर्मीहरुले अन्धाधुन्ध मान्छे मारिने काम रोकिनु पर्ने, आत्मसमर्पण गर्न चाहने माओवादी कार्यकर्ताका लागि निश्चित स्थान तोकिनुपर्ने र मानवअधिकारवादी र सञ्चारकर्मीलाई सेना र माओवादीबीच भीडन्त भएका स्थानको स्थलगत अवलोकन गर्न विशेष व्यवस्था गर्न सरकारसंग माग गरे। हिंसात्मक गतिविधिहरुमा संलग्न नहुने प्रतिबद्धता व्यक्त गर्दै प्रशासनसमक्ष आत्मसमर्पण चाहनेहरुलाई सहज परिस्थितिको सिर्जना गर्नुपर्ने राज्यको दायित्व बढ्दै बेला ०५८ मंसिर ३० गते पर्वत जिल्ला प्रशासन कार्यालयले हप्ताको एक दिन (प्रत्येक शुक्रवार) मात्र आत्मसमर्पणको निवेदन लिने निर्णय गरेको छ, जसले त्यस्ता व्यक्तिहरुका लागि असहज स्थिति उत्पन्न गरेको छ। आत्मसमर्पण गर्न चाहनेहरुले अनिवार्य रुपमा एकप्रति पासपोर्ट साइजको फोटो दिएर आत्मसमर्पणसम्बन्धी फाइल विहिवारसम्म लिई सक्नुपर्ने निर्णय जिल्ला प्रशासनले गरेको छ। विशेष व्यवस्था गरेर भए पनि आत्मसमर्पण गर्न चाहनेहरुको निवेदनसम्बन्धी कारवाही अगाडि बढाउनु पर्ने अवस्थामा पर्वत जिल्ला प्रशासन कार्यालयले गरेको निर्णयले त्यस्ता व्यक्तिहरु मुठभेडमा पर्न सक्ने र मुलुकले थप धनजनको क्षति व्यहोर्नुपर्ने देखिएको छ।

माओवादीको घटनास्थलमै मृत्यु भएको कुरा रक्षा सचिवद्वारा जानकारी।

- ०५८ मंसिर २४ गते सल्यान जिल्ला धनवाङ गाविस कपुरकोटस्थित नेपाल दूर संचार संस्थानको रिपिटर टावरको सुरक्षार्थ तैनाथ सुरक्षाकर्मी विरुद्ध माओवादीद्वारा आक्रमण। त्यसपछि दोहोरो भीडन्त हुँदा मारिएका माओवादीहरुमध्ये ११ जनाको लास प्राप्त। २ जना सैनिकको मृत्यु। माओवादीतर्फ ठूलो संख्यामा हताहत भएको र मृतकहरुलाई उनीहरुले नै बोकेर लगेको रक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख गरिएको।
- ०५८ मंसिर २४ गते रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) का चार जना प्रतिनिधि दाङ जिल्ला पुगेको। दाङमा मंसिर ८ गते माओवादीहरुले सशस्त्र आक्रमण गरेपछिको उत्पन्न परिस्थितिको अध्ययन तथा उनीहरुले घोराही जिल्ला कारागारबाट कैदी मुक्त गराएपछि जिल्लाकै अर्को तुलसीपुर कारागारमा रहेका कैदीहरुमा परेको प्रभावको अध्ययन लगायत्का विषयमा जानकारी लिन उक्त टोली दाङ पुगेको कुरा नेपाल रेडक्रस सोसाइटीले जनाएको।
- ०५८ मंसिर २४ गते राति वर्दिया जिल्ला कालिका गाविस-८ राजापुरको मुख्य सडकमा माओवादीहरुले थापेको एम्बुसमा परी नेपाल रेडक्रस सोसाइटी वर्दिया शाखाको एम्बुलेन्स क्षतिग्रस्त। भे. १ ख ४८५ नम्बरको उक्त एम्बुलेन्स गुलरियाकी एक विरामी महिला बोकी नेपालगञ्जतर्फ आइरहेको थियो।
- ०५८ मंसिर २४ गते सम्पन्न नेपाली काँग्रेस केन्द्रीय कार्य समिति र संसदीय दलको संयुक्त वैठकद्वारा मुलुकमा लागू गरिएको संकटकाल जतिसक्दो चाँडो अन्त्य गर्न सरकारलाई निर्देशन। साथै, संकलकाट लामो समयसम्म जारी रहँदा त्यसको असर सर्वसाधारणसम्म पर्ने, प्रजातन्त्रको अनिवार्य शर्त मौलिक अधिकार कुण्ठित हुने र त्यसको असरको परिणाम आगामी निर्वाचनमा काँग्रेसले बेहोर्नुपर्ने ठहर गरेको।
- ०५८ मंसिर २५ गते वैतडी जिल्लाको दुर्गामाण्डौ भन्ने स्थानमा सुरक्षा फौजले "कर्डन एण्ड सर्च" गर्दा ७ जना माओवादीहरुलाई फेला पारी उनीहरुलाई आत्मसमर्पण गर्न लगाउँदा भागेका कारण गोली प्रहार गर्दा ५ जनाको मृत्यु र २ जनालाई पक्राउ गरेको कुरा रक्षा मन्त्रालयको सोही दिनको विज्ञप्तिमा उल्लेख गरिएको।
- ०५८ मंसिर २५ गते विहान ७ बजे दाङ जिल्ला तुल्सीपुर नगरपालिका-७ का ३५ वर्षीय मंगले कामीलाई सोही ठाउँस्थित शिरखोलामा भारी बोकेर हिँडिरहेको अवस्थामा सेनाले गोली हानी हत्या गरे।
- ०५८ मंसिर २५ गते "नयाँ सडक" दैनिकमा प्रकाशित अन्तर्वार्तामा श्री ५ महाराजाधिराज ज्ञानेन्द्रद्वारा संकटकालको घोषणा आफ्नो इच्छालें नगरेर वाध्यतात्मक परिस्थितिका कारण गरिएको कुरा उल्लेख।
- ०५८ मंसिर २५ गते समापन भएको नेपाल सद्भावना पार्टीको केन्द्रीय समितिको वैठकले संकटकाल समय र देशको अवस्था अनुकूल लागू भएको र तीन महिनाभन्दा बढी संकलकालको अवधि लम्ब्याउन नहुने निर्णय गऱ्यो।
- ०५८ मंसिर २५ गते प्रमुख प्रतिपक्ष नेकपा (एमाले) का महासचिवको आयोजनामा सो पार्टीको संसदीय दलको कार्यालय, सिंहदरबारमा प्रतिपक्षी पार्टीहरुको सर्वदलीय वैठक सम्पन्न। वैठकमा देशको वर्तमान परिस्थितिबारे छलफल गरिनुका साथै देशका सबै जिल्लामा सर्वदलीय सूचना संयन्त्रको निर्माण गर्ने निर्णय भयो।
- ०५८ मंसिर २५ गते राति १०:४५ बजेतिर काठमाण्डौ ताहाचलस्थित आफ्नो निवासबाट विघटित राष्ट्रिय जनआन्दोलन संयोजन समितिका संयोजक करिब ७० वर्षीय भक्तबहादुर श्रेष्ठलाई एक जना सिभिल र तीन जना सैनिक पोशाकमा आएका सुरक्षाकर्मीहरुले घरबाट गिरफ्तार गरी लगे। श्रेष्ठको अवस्थाको बारेमा कुनै जानकारी हुन सकेको छैन। उहाँलाई पक्राउ गर्दा निवास बाहिर करिब ५०-६० जना प्रहरी पनि आएको कुरा उहाँका परिवारले बताए। श्रेष्ठ विरामी अवस्थामा रहनु भएको कुरा पनि परिवारले बताए। उहाँलाई ०५८ पुस ६ गते विहान रिहा गरी परिवारको जिम्मा लगाइएको। गिरफ्तार भएको चार दिनपछि गम्भीर रुपले अस्वस्थ भएका श्रेष्ठलाई छाउनी अस्पतालमा भर्ना गरिएको थियो। गिरफ्तारीपछि आफूप्रति सुरक्षाकर्मीहरुको व्यवहार अत्यन्त राम्रो भएको कुरा श्रेष्ठले बताएको कुरा स्पेसटाइम दैनिकले जनाएको।
- ०५८ मंसिर २६ गते सल्यान जिल्ला धनवाङ गाविस कपुरकोटस्थित नेपाल दूर संचार संस्थानको रिपिटर टावर वरपर सुरक्षाकर्मीहरुले खोजतलास गर्दा माओवादीहरुसँग पुनः मुठभेड। त्यसक्रममा ३ माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ मंसिर २६ गते प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लगायत् १३ वटा प्रतिपक्षी पार्टीहरुद्वारा प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ज्ञापनपत्र पुस्तुत। ज्ञापनपत्रमा संकटकालीन अवस्था निसन्देह असहज, गम्भीर एवं जटिल परिस्थिति भएको उल्लेख गर्दै ०४६ सालको जनआन्दोलनद्वारा सार्वभौमसत्ता सम्पन्न हुन पुगेका नेपाली जनताका अधिकारहरु निलम्बन हुनु राम्रो कुरा नभएको र जनतालाई कमजोर बनाउने यो अवस्थाको जतिसक्दो चाँडो अन्त्य गर्नुपर्ने कुरा उल्लेख।
- ०५८ मंसिर २६ गते भारत सरकारद्वारा सहयोगस्वरुप दिएको २ वटा "चिता" हेलिकप्टर काठमाण्डौ आइपुगेको। माओवादी विरुद्ध सरकारी कारवाहीमा सेनालाई विशेष अवस्थामा प्रयोग गर्न उक्त हेलिकप्टर दिइएको।
- ०५८ मंसिर २७ गते बेलुका दोलखा जिल्ला गौरीमुदी गाविस-१ का ३५ वर्षीय दानबहादुर तामाङलाई इसिमोडले आयोजना गरेको "विवाद समाधान" विषयक गोष्ठी भइरहेको अवस्थामा जिल्ला वन कार्यालयको सभाकक्षबाट प्रहरीले पक्राउ गरी लैजाँदा-लैजाँदै गोली हानी हत्या गरे।
- ०५८ मंसिर २७ गते दोलखा जिल्लाको लादुक गाविसमा माओवादीहरुमाथि सेनाले हेलिकप्टरबाट आक्रमण गर्दा ठूलो संख्यामा हताहत भएको तर मर्नेहरुको संख्या भने प्राप्त नभइसकेको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ मंसिर २७ गते राति ११:३० बजे दाङ जिल्लाको तुल्सीपुर नपा-११ बटोलपुरका भगवतीप्रसाद चौधरीको घरमा एक्कासी बम विस्फोटन हुँदा ६ जनाको मृत्यु भयो। मृत्यु हुनेहरुमा भगवतीप्रसादकी आमा ८० वर्षीय चम्पा चौधरी, भगवतीप्रसादका छोरीहरु २० वर्षीय रमला चौधरी, ७ वर्षीय रामकुमारी चौधरी, ५ वर्षीय रिता चौधरी, छोरा ८ वर्षीय चन्द्रु चौधरी र एक जना अन्दाजी ३० वर्षीय नाम थाहा हुन नसकेका व्यक्ति रहेका

छन्। एक्कासी बम विस्फोटन हुँदा मानिसका शरीरका विभिन्न अङ्ग घटनास्थलबाट १ सय मिटर टाढासम्म उछिट्टिएको प्रत्यक्षदर्शीहरुले बताए। भगवतीप्रसादका १३ जनाको घर-परिवारमध्ये उनी, उनकी पत्नी र २ छोराहरु जीवित रहेका छन् भने मृतकबाहेक अन्यको स्थिति थाहा हुन सकेको छैन। भगवतीप्रसादका छोरा रविन्द्र विगत ३ वर्षदेखि माओवादी गतिविधिमा संलग्न भई भूमिगत भएका थिए र घटना भएको दिन अन्य केही साथीहरुका साथ घरमा आएको र उनीहरुको साथमा रहेको बम विस्फोटन भएको थियो ।

- नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड र पोलिटव्यूरो सदस्य डा. बाबुराम भट्टराईद्वारा हालै जननिर्वाचित संविधान सभाको माग स्वीकार गरिएमा सशस्त्र कारवाही बन्द गरी पुनः शान्ति वार्ता शुरु गर्न आफू तयार रहेको धारणा अन्तर्राष्ट्रिय जगत्समक्ष व्यक्त गरेको कुरा ०५८ मंसिर २८ गतेको कान्तिपुर दैनिकमा प्रकाशित। माओवादीले संयुक्त राष्ट्र संघका महासचिव, युरोपेली संघ तथा ठूला राष्ट्रहरुका सरकारलाई पत्र पठाई वार्ताको क्रममा आफू अत्यन्त लचिलो रहेको र त्यसको फाइदा उठाई सरकारले सैनिक कारवाहीको तयारी गरेकाले बाध्य भई फेरि सशस्त्र संघर्षमा उत्रनुपरेको बताएको छ। पत्रमा भनिएको छ, "हामी संविधानसभाको प्रस्तावप्रति अझै सकारात्मक छौं र अर्को पक्षले सकारात्मक रवैया अपनाएको खण्डमा सशस्त्र कारवाही निलम्बन गरी वार्ता शुरु गर्न तयार छौं।"
- ०५८ मंसिर २८ गते सरकारद्वारा संकटकाल लागू भइरहेको अवस्थामा पर्ने पूर्वाग्रही उजुरीका आधारमा नागरिक गिरफ्तार नगर्न र माओवादी त्यागी आत्मसमर्पण गर्न आएकाहरुलाई उनीहरुको माग अनुरुपका व्यक्ति वा राजनीतिक पार्टीको जिम्मामा सुम्पन मातहतका निकायहरुलाई निर्देशन।
- ०५८ मंसिर २९ गते तेह्रथुम जिल्लाको म्याङ्लुङमा नेकपा (माओवादी) का जिल्ला कमाण्डर विमल विरामको सेनाको कारवाहीमा मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ मंसिर २९ गते राजधानीमा राष्ट्रिय दैनिकका प्रकाशक तथा सम्पादकहरुसँग कुराकानी गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा माओवादीहरुले देशका विभिन्न भागबाट लुटेका पैसा, सम्पत्ति तथा हातहतियार फिर्ता नगरेसम्म उनीहरुसँग वार्ताको संभावना नभएको र वार्ताको नाममा हिंसा गर्ने छुट माओवादीलाई दिन नसकिने धारणा व्यक्त।

५३ औं विश्व मानवअधिकार दिवसका अवसरमा व्यक्त विचारहरु

शेरबहादुर देउवा, प्रधानमन्त्री

कुनै पनि व्यक्तिलाई पक्राउ गरेपछि मारिएको छैन। प्रजातान्त्रिक सरकार भएका नाताले अन्तर्राष्ट्रिय मानवअधिकारका मान्यता अनुरुप आइतेहरुलाई खाने, सुत्ने र औषधी उपचार गर्ने प्रतिबद्धता जाहेर गर्दछु। यो संकटकाल माओवादी आतंककारी र उनीहरुको स्वार्थ सिद्ध गर्नेहरुका विरुद्ध मात्र हो। त्यसो गर्न बाध्य पार्ने स्वयम् माओवादीहरु नै हुन्। आतंककारी र उनीहरुका मतियारमाथि जस्तासुकै कारवाही गर्ने सरकार पछि पर्नेछैन। मेरो पार्टीमा पनि कोही त्यस्ता रहेछन् भने उनीहरुलाई पनि छोडिनेछैन। जबसम्म माओवादी निशस्त्र हुँदैनन्, उनीहरुविरुद्ध सैनिक कारवाही निरन्तर जारी रहन्छ।

लक्ष्मणप्रसाद अर्याल, न्यायाधीश

सर्वोच्च अदालतसूचना तथा संचार मन्त्रीले केहीदिन अघि पत्रपत्रिकाले लेख्न हुने र लेख्न नहुने विषयमा र स्वास्थ्य मन्त्रीले घाइते माओवादीहरुको उपचार गर्दा सुरक्षा निकायको आदेश लिनुपर्ने विषयमा दिनुभएको आदेश संविधानसम्मत छैन। मानव संकटकालीन अवस्थामा पनि मानव नै भइरहने भएकाले संविधान, कानुन र अन्तर्राष्ट्रिय अनुबन्धहरुबाट पनि मानिसलाई मानिस नै भएर बाँच्ने अधिकारबाट वञ्चित गर्नु हुँदैन।

माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

हिंसा र प्रतिहिंसाका कारण देश गृहयुद्धको चपेटामा पर्ने स्थितिमा पुन्याउन सत्तारुढ कांग्रेस सबैभन्दा जिम्मेवार रहेको छ। मुलुकलाई यो अवस्थामा पुन्याउने भ्रष्टाचारीहरुलाई दण्डित गर्ने प्रधानमन्त्रीले आँट देखाउनै पर्छ र समस्या समाधानका लागि दृढ संकल्पसहितको योजना एवम् गृहकार्य गर्नुपर्छ। संकटकालको दुरुपयोग सरकार पक्षबाट हुँदै गएको अवस्थामा प्रतिपक्षीहरु तमासे भएर बस्ने छैनौं।

दमननाथ ढुंगाना, पूर्व सभामुख

संकटकालीन अवस्था भनेको संविधानको समाप्तिकाल होइन। यस अवस्थामा सरकारले बढी जिम्मेवारीका साथ काम गर्नु पर्दछ।

नयनबहादुर खत्री, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग

संकटकाल परिस्थितिवश उब्जेको घटना हो। हामी असामान्य स्थितिमा छौं, यो सबद् स्थितिचाहीं होइन, तर पनि सरकारले संविधानअन्तर्गत नै काम गरिरहेको छ र प्रधानमन्त्रीले पनि आफ्नो कर्तव्य निर्वाह गरिरहनु भएको छ।

सिन्धुनाथ प्याकुरेल
अध्यक्ष, नेपाल बार एशोसिएशन

संकटकालमा परिवारलाई थाहै नदिई मानिसलाई उक्रेर धुनेकाले सहयोग मागेर बारमा निवेदन परिरहेको छ। यसरी परिवारलाई समेत जानकारी नदिई धुनामा राख्न हुन्छ कि हुँदैन सञ्चार माध्यमहरुले सरकारले चाहेको जस्तोबाहेक आफ्नै मौलिक सूचना प्रवाह गर्न सकेका छैनन्।

सुबोधराज प्याकुरेल
महासचिव, इन्सेक

राज्यले मानवअधिकारको सन्दर्भमा संकटकाल लागू गर्नुअघि घाइतेको उपचार गर्ने व्यवस्था र आत्मसमर्पण गर्नेहरुका लागि अस्थायी आवास तथा जेलको व्यवस्था गर्न नसकेको अवस्थाप्रति असहमत छु। राज्यले गरेको गल्तीलाई मानवअधिकारकर्मी तथा नेपाली नागरिकले आँखा चिम्लेर समर्थन गर्नु हुँदैन।

कृष्ण पहाडी
सभापति, मानवअधिकार तथा शान्ति समाज

सरकार जन उत्तरदायी बनेर संकटकालमा जनताको मानवअधिकार रक्षार्थ सचेत हुनुपर्छ र घटनास्थलमा मानवअधिकारवादी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरुलाई जान दिनुपर्छ।

- ०५८ मंसिर २९ गते सरकारका प्रवक्ता सूचना तथा संचारमन्त्री जयप्रकाशप्रसाद गुप्ताद्वारा माओवादीले अन्तर्राष्ट्रिय जगतसँग संविधानसभा निर्वाचनको माग नेपालको सरकारले स्वीकार गरे आफू सशस्त्र कारवाही बन्द गरी वार्तामा फर्कने भनी गरेको कुराबाट सरकारी दृढतामा कुनै विचलन नआउने धारणा व्यक्त गर्दै सरकार आफ्नो निर्णयप्रति प्रतिबद्ध भएको र निर्णय लागू गर्न केन्द्रित भइरहेको कुरा जानकारी।
- ०५८ मंसिर २९ गते सम्पन्न नेपाली काँग्रेस पार्टी र सरकार समन्वय समितिको बैठकद्वारा संकटकाललाई सरकारले पनि रचनात्मक रुपमा उपयोग गर्नुपर्ने, जनसाधारणले कुनै पनि असुविधा व्यहोर्नुपर्ने परिस्थिति आउन दिन नहुने तथा विकार र विकृतिहरुलाई हरेक क्षेत्रबाट हटाउनुपर्ने कुरामा जोड।
- ०५८ मंसिर ३० गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा सोलुखुम्बु जिल्लामा मंसिर १० गते भएको घटनामा माओवादीतर्फ १५ जना मारिएको स्वीकार। पाँच दिन अघिको मिति उल्लेखित एक फ्याक्समार्फत् मंसिर ३० गते नेपाल समाचारपत्र दैनिकमा पठाइएको प्रेस विज्ञप्तिमा समस्याको राजनीतिक निकासका लागि समुदायलाई नै फैसलाको अधिकार दिन चाहँदा पनि सरकारले नमानेको, वार्ताको चल्दाचल्दै सैनिक परिचालन गरी देशव्यापी रुपमा घेराबन्दी गरेको, आत्मसमर्पण गराउने चाल चलेको आरोप सरकारमाथि लगाइएको छ।
- ०५८ मंसिर ३० गते अमेरिकी राजदुतावासका विशेष सुरक्षाकर्मी २८ वर्षीय रमेश मानन्धरलाई रविभवनस्थित लिंकन स्कुल र अमेरिकी सहायता नियोग (युएसएड) को सुरक्षा स्थिति निरीक्षण गरेर फर्किरहेको अवस्थामा लिंकन स्कुल अगाडि दुई जना अज्ञात व्यक्तिहरुले टाउको र छातीमा गोली प्रहार गरी हत्या गरे। साथै उनीसँग रहेको सञ्चार सेट र परिचयपत्रसहितका पर्स पनि लिएर गए। ती अज्ञात व्यक्तिहरु माओवादी भएको आशंका गरिएको छ। मानन्धरलाई गोली प्रहार गरिसकेपछि उनीहरुले "हामी माओवादी हौं, कोही पछि नलाग्नू, होरियार" भन्दै सोल्टिमोडतर्फ गएको कुरा प्रत्यक्षदर्शीले बताए।
- ०५८ पुस १ गते बेलुकी ७:३० बजे कर्फ्यु लागेको समयमा सोलुखुम्बु सल्लेरीस्थित जिल्ला प्रहरी कार्यालय र सेनाको व्यारेकमा माओवादीहरुद्वारा आक्रमण। दुवै पक्षबीच एघार बजेसम्म भीडन्तस सो क्रममा शाही सेनाका जवान रुद्र रावतको घटनास्थलमै मृत्यु। माओवादीको बम प्रहारबाट प्रहरी जवान भक्तबल्लभ शर्माको टाउकोमा गम्भीर चोट लागेको। अन्य २ जना सैनिक घाइते। प्रहरी कार्यालय नजिकै स्थानीय बासिन्दाको घरमा बम विस्फोट हुँदा घरधनी सिताराम श्रेष्ठका दम्पत्ती गम्भीर घाइते।
- ०५८ पुस १ गते राति ९ बजे सुर्खेत जिल्ला रातानाङ्लास्थित नेपाल दूर सञ्चारको रिपिटर टावरमा तैनाथ सुरक्षाकर्मी र माओवादीबीच आधा घण्टा भीडन्त। क्षतिबारे यकिन हुन नसकेको।
- ०५८ पुस १ गते राजधानीमा आयोजित एक कार्यक्रममा सरकारका प्रवक्ता सूचना तथा सञ्चार मन्त्री जयप्रकाशप्रसाद गुप्ताद्वारा संकटकालले तीन साता गुजारीसक्दा पत्रकारलाई सञ्चार मन्त्रालय र प्रमुख जिल्ला अधिकारीबाट एउटा पुर्जी नकाटिनुले सरकारको सकारात्मक नीति स्पष्ट भैसकेको र प्रेसको अधिकार र सीमा कुण्ठित गर्ने पक्षमा सरकार नभएको धारणा व्यक्त। सोही कार्यक्रममा मन्त्री गुप्ताद्वारा माओवादीहरुले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको आग्रह भ्रम मात्र भएको टिप्पणी गर्दै उनीहरुका कुनै पनि पूर्वशर्तबारे सरकार छलफल गर्न तयार नभएको र उनीहरुले हतियार बुझाई सार्वजनिक रुपमा माफी मागेमा मात्रै सरकारले केही विचार गर्न सक्ने धारणा व्यक्त।
- ०५८ पुस १ गते वर्तमान संकटकालको स्थितिमा शाही नेपाली सेना परिचालित भएकाले सरकारद्वारा सैनिक इतिहासमा पहिलोपटक सैनिक डिभिजन खडा गरेको। डिभिजनको प्रमुखमा शाही नेपाली जंगी अड्डाका उपरथी संदीपबहादुर शाहलाई नियुक्त गरिएको।
- ०५८ पुस १ गते कैलाली जिल्लाको दोदोधारा गाविस-२ कुम्भियाका ५१ वर्षीय दिलबहादुर बमलाई माओवादीहरुले घरबाट समाती गाविस अध्यक्ष हस्तबहादुर बमको घरमा लगी लठ्ठी र रडले निर्मम कुटपिट गरी हत्या गरेको। कुटपिट गरेको एक घण्टापछि बमको मृत्यु भएको । साथै, गाविस अध्यक्ष बमलाई कुटपिट गरी घाइते बनाएको र दायाँ हातसमेत भाँचिदिएको।
- ०५८ पुस १ गते वर्दिया जिल्लाको मगरागढी नजिक मानपुरमा सैनिक कारवाहीमा परी १ जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले विज्ञप्तिमार्फत् सार्वजनिक गरेको।
- ०५८ पुस १ गते दोलखा जिल्ला सुरी गाविस-७ की १९ वर्षीय गायत्री पोखरेलको माओवादीले बन्दुक सफा गर्न लाग्दा अचानक पड्किई गोली लागेर मृत्यु। पोखरेलको घरमा माओवादीहरु गई जबर्जस्ती खाना बनाएर खान लागेको बेला घर सफा गरिरहेको अवस्थामा शरीरमा एक्कासी गोली लागेको। पीडित स्थानीय विष्णुश्वरी प्राविमा अध्यापनरत रहेको।
- ०५८ पुस २ गते रोल्पा जिल्लाको बुढागाउँ गाविसमा सेनाको कारवाहीमा परी १ जना माओवादीको घटनास्थलमै मृत्यु र २ गिरफ्तार गरेको कुरा रक्षा मन्त्रालयले विज्ञप्तिमार्फत् सार्वजनिक गरेको।
- ०५८ पुस २ गते गोरखा जिल्ला हंसपुर गाविस-१ स्थित पञ्चकन्या प्राविका शिक्षक २८ वर्षीय शिवप्रसाद अधिकारीलाई माओवादीहरुले हत्या गरे। त्यसैगरी सोही गाविस-५ का नेपाली काँग्रेस गाउँ समितिका सभापति तथा क्षेत्र नं. २ का क्षेत्रीय सदस्य सूर्यप्रसाद दवाडीलाई पनि माओवादीहरुले हत्या गरे। दवाडी सो गाबिसका पूर्व प्रधानपञ्च हुन्। पीडितहरुलाई माओवादीले आ-आफ्नै घरमा बसिरहेको अवस्थामा बाहिर बोलाई खुकुरी र अन्य हतियार प्रहार गरी हत्या गरेको। दवाडीको घटनास्थलमै र अधिकारीको स्थानीय भच्चेक हेल्थपोष्टमा उपचार गर्दागर्दै मृत्यु भएको। दवाडीलाई माओवादीहरुले आक्रमण गर्दा उनकी पत्नी लक्ष्मी दवाडीले प्रतिकार गर्न खोज्दा माओवादीहरुले आक्रमण गरी घाइते बनाएका कारण उपचारार्थ पुस ३ गते हेलिकप्टरबाट काठमाण्डौ ल्याइएको।
- ०५८ पुस २ गते सुर्खेत जिल्लास्थित रेडियो नेपाल सुर्खेत क्षेत्रीय प्रशारण केन्द्रमा आक्रमण गर्न आएका ५ माओवादीहरुमध्ये एक जनाको सुरक्षाकर्मीहरुको गोलीद्वारा मृत्यु भएको।
- ०५८ पुस २ गते प्रधान सेनापति महारथि प्रज्ज्वल्ल शमशेर जबराले नेपाल टेलिभिजनबाट प्रशारित "दिशा निर्देश"

०५८ मंसिर १० गते पश्चात् पक्राउ परेका सञ्चारकर्मीहरू

०५८ मंसिर १० गते, काठमाण्डौं

ओम शर्मा, गोविन्द आचार्य, ईश्वरचन्द्र ज्वाली, बिलबहादुर भण्डारी, मनकृष्ण बिसाल, विपेन्द्र रोकाया, दिपक मैताली, दिपक लामिछाने, जिमबहादुर बुढाथोकी र रामभक्त मल्लजन प्रहरीद्वारा गिरफ्तार। २८ दिनपछि नवेलाई भद्रबन्दी गृहमा पुऱ्याइएका।

०५८ मंसिर १३ गते, सिराहा

सितारम साह, पवन श्रेष्ठ र देवकुमार यादव (३ जना) – असमर्थ देवकुमार पत्रकारहरूको अनुरोधमा सोही दिन रिहा। उनी मृत्युमुख भई एक-दुई दिनपछि इशालतसमक्ष आत्मसमर्पण गरेको र हाल पुनामा राखिएको। अन्य २ जना मंसिर १८ गते रिहा।

०५८ मंसिर १३ गते, जुम्ला

नवराज थापी – रेडियो नेपालको स्टिङ्गर। जिल्लाले हाल समाचार नपठाउन भनेपछि समाचार प्रेषणको काम नगरेको, माओवादीप्रति नमिल आफ्नो समाचार रेडियोमा पठाएर भनी आरम्भार हवाब दिन गरेकोमा आजभोली समाचार पठाउन बन्द गरेको कुरा गोडिनले बताए।

०५८ मंसिर १४ गते, रुपन्देही

बेनुराम उप्रेती, अक्षयमान श्रेष्ठ, ईश्वर गौतम, हरि पौडेल, विवेक प्रधान, बसन्त गोयल, जीतेन्द्र जिसी, भरत के सी, केशरी पुन, कालिका खरेल, मीरा शर्मा, नारायणी शर्मा, सर्मिला खनाल, सुमा भण्डारी, विनित गुप्ता, तारा खरेल, विमाश चौधरी, शरद ढकाल, भरत पौडेल, कमल पौडेल, जनकृष्ण आचार्य, गुणराज घिमिरे, शिवियो थापा, तारा काफ्ले, मनोज बस्नेत, धनकुमार जोशी, तारा थापा, सुर्य बस्नेत, राजन थापा, कविन गौतम, कविराम महरुडे, हमराज शर्मा, रामप्रसाद आचार्य, लक्ष्मण ज्वाली, शेरबहादुर के सी, विष्णु घिमिरे, बुद्धामणि पराजुलीसमेत गरी ३८ जना गिरफ्तार। मंसिर १६ र १७ गतेसम्मै ३७ जनालाई सिंहा गरिसे भने बसन्त पोखललाई ०५८ पुस ९ गते सिंहा। जनसंघर्ष दैनिकको कार्यालयमा अध्यक्ष बेनुराम प्रधानको स्वागतार्थ जम्मा भएको अवस्थामा गिरफ्तार गरिएको।

०५८ मंसिर १७ गते, सखुवासभा

लोडकारी नगरपालिकाबाट प्रकाशित नेपाल टेलिभिजन तथा स्थानीय जोनारी टाइम्समा कार्यरत सगा विष्ट, एभेन्टाइम दैनिक र रेडियो नेपालमा काम गरेर खनाल, नेपाल समाचारपत्रमा कार्यरत इन्द्र गिरी सुरक्षाकर्मीद्वारा गिरफ्तार। इन्द्र गिरी मंसिर २१ गते रिहा।

०५८ मंसिर २० गते, मोरङ

बिराटनगरबाट प्रकाशित हुने वाणिज्य साप्ताहिकका पत्रकार सत्यनारायण शर्मा दिउँसो ३ बजे पत्रकार महासंघ मोरङ शाखाद्वारा आयोजित एक कार्यक्रमबाट प्रहरीद्वारा गिरफ्तार गर। पत्रकार शर्मालाई माओवादी नजिक मानिने मधेशी राष्ट्रिय मुक्ति मोर्चाको बैठकमा सलग्न भएको आरोप लगाइएको थियो। पत्रकार महासंघको पहलमा ०५८ मंसिर २१ गते बोलाएको समयमा उपस्थित हुने शर्तमा शर्मा रिहा।

०५८ मंसिर २० गते, सुनसरी

अरानबाट प्रकाशित हुने विजयपुर साप्ताहिकका बजार व्यवस्थापक छिरिङ गुर्मालाई प्रहरीले गिरफ्तार गरेकोमा ०५८ पुस ५ गते नेपाल पत्रकार महासंघ सुनसरीको जिल्ला समिति रिहा गरेको। यो पत्रिकाका सम्पादक, प्रकाशक भवानी बरललाई गिरफ्तार गर्न खोजी एका प्रहरीले बरललाई नपाएपछि गुर्मालाई गिरफ्तार गरेको।

०५८ मंसिर २३ गते, रुपन्देही

बुटवलबाट प्रकाशित हुने नेपाल दैनिकका सम्वाददाता नारायण शर्मा कवाली प्रहरीद्वारा गिरफ्तार। मंसिर २६ गते रिहा।

०५८ मंसिर २८ गते, रुपन्देही

नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद दिल साहनी बुटवलमा प्रहरीद्वारा गिरफ्तार। साहनी पुस २ गते रिहा।

०५८ पुस १ गते, रुपन्देही

बुटवलबाट प्रकाशित हुने मेचीकाली दैनिकका सम्पादक डोलाराम घिमिरे बुटवल नगरपालिकाको सभाकक्षमा भएको एउटा कार्यक्रममा भग लिइरहेको अवस्थामा सादा पोशाकमा आएका प्रहरीहरूद्वारा गिरफ्तार। पुस ३ गते घिमिरेको निवास र कार्यकक्षको खानतलासी।

०५८ पुस १ गते, लमजुङ

लमजुङबाट प्रकाशित हुने जनमुलासी साप्ताहिकका कार्यरत पत्रकार माधव अधिकारी र बोडसागर खर्कोर बेरीशरबाट प्रहरीद्वारा गिरफ्तार। सोधपुछपश्चात पुस ६ गतेको तारखमोजिम थाही दिन हुँदैमा रिहा।

०५८ पुस २ गते, रुपन्देही

बुटवलबाट प्रकाशित हुने मेचीकाली दैनिकका कार्यकारी सम्पादक सिद्धिनरण भट्टराई प्रहरीद्वारा गिरफ्तार। हालसम्म रिहा नभएको। पुस ३ गते भट्टराईको निवास खानतलासी गरिएको।

०५८ पुस २ गते, काठमाण्डौं

साप्ताहिक ईशान्यका प्रकाशक बन्धु थापा र साप्ताहिक प्रकाशक-सम्पादक नेपाल बुढाथोकी प्रहरीद्वारा गिरफ्तार। थापा गैरीधारास्थित आफ्नै निवासबाट राति ११ बजे र बुढाथोकी मन्डीखाटारस्थित आफ्नै निवासबाट राती ९ बजे गिरफ्तार। दुवैजनालाई कुनै प्रकार पत्रकारिता र प्रकाशन पर्नुको कारण पत्ता नखुलाइएको कुरा पारिवारिक सुत्रद्वारा बताइएको। उक्त कार्यको सञ्चारकर्मीहरूद्वारा भर्त्सना। दुवैजना २५ घण्टापछि पुस ३ गते मुक्त। थापालाई बडा प्रहरी कार्यालय बौद्ध र बुढाथोकीलाई बडा प्रहरी कार्यालय सिंहदरबारमा राखिएको। सैनिक आतंक छाउनीमा लगी केहीबेर सोधपुछ गरिएको।

०५८ पुस ३ गते, रुपन्देही

बुटवलबाट प्रकाशित हुने मेचीकाली दैनिकका प्रधान सम्पादक बन्धु गौतम प्रहरीद्वारा गिरफ्तार। सोधपुछपश्चात सोही दिन रिहा।

०५८ पुस ६ गते, सुनसरी

धरानबाट प्रकाशित हुने क्लास दैनिकका सम्पादक गौरी दियाली प्रहरीद्वारा इटहरीस्थित निवासबाट गिरफ्तार। पुस ८ गते जिल्ला प्रहरी कार्यालयद्वारा सामान्य बयान लिई निवारक नजरबन्दमा राखिएको। हाल प्रहरी यातनाको कारण अशक्त अवस्थामा रहेको र आफ्नो दिनदैनिक खाना समेत नखाएको।

०५८ पुस १२ गते, सिराहा

पत्रकार महासंघका जिल्ला अध्यक्ष तथा कालिपुर दैनिकका सम्वाददाता विजयप्रसाद सिंह प्रहरीद्वारा गिरफ्तार। सामान्य छानबिनका लागि गिरफ्तार गरिएको कुरा पमुख जिल्ला अधिकारी बोलाएसाद निवाकाटीद्वारा व्यक्त। सोधपुछ गरी सिंहलाई आधा घण्टापश्चात कागज गराई रिहा गरिएको।

०५८ पुस १२ गते, काठमाण्डौं

जनदिशा दैनिकका प्रकाशक निर्देशक चन्द्रमान श्रेष्ठ महाराजगञ्जबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार। कहाँ, कुन अवस्थामा राखिएको छ भन्नेबारे कसैलाई जानकारी नदिइएको।

०५८ पुस १२ गते, बाग्लुङ

बाग्लुङ साप्ताहिकका सम्पादक तथा प्रकाशक बदिप्रसाद शर्मा बाग्लुङ नगरपालिका-५ स्थित आफ्नै घरबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार।

कार्यक्रममा दिनुभएको अन्तर्वार्तामा माओवादीविरुद्ध सैनिक कारवाही भइरहेको इलाकाबाट आम जनतालाई हट्न अनुरोध गरिएको जानकारी गराउनु भयो।

- ०५८ पुस २ गते नेपाली काँग्रेसका प्रवक्ता अर्जुननरसिंह के.सी. ले राजधानीमा आयोजित एक कार्यक्रममा "आतंककारी" विरुद्ध शाही नेपाली सेना र प्रहरीले गरिरहेको कारवाहीबाट निर्दोष व्यक्तिहरु मारिएको दाबी गर्नुभएको कुरा पुस ३ गते प्रकाशित राजधानी दैनिकले उल्लेख गरेको।
- ०५८ पुस ३ गते मुगु जिल्लाको घन्टेलेकमा सेनाको कारवाहीमा १ जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस ३ गते गोरखा जिल्लाको कल्लेरीमा सुरक्षाकर्मीको कारवाहीमा परी बालकुमार श्रेष्ठ नाम गरेका माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले पुस ४ गते जनाएको।
- ०५८ पुस ३ गते सल्यान जिल्लाको बाघचौरमा सुरक्षाकर्मीको कारवाहीमा परी एक जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रलयले पुस ४ गते जनाएको।
- ०५८ पुस ४ गते संकटकालसँगै राजनीतिक, आर्थिक र सामाजिक.क्षेत्रमा बृहत्तर सुधार गर्ने क्रममा संसदको आगामी अधिवेशनमा संविधान संशोधन गर्न सरकार, सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दल सहमत भएको कुरा नेपाल समाचारपत्र दैनिकमार्फत् सार्वजनिक। प्रधानमन्त्री शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी नेता माधवकुमार नेपालबीच पुस १ गते भएको वार्तामा पनि संविधान संशोधनका विषयमा सहमति भएको बताइएको। नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले पार्टीको तर्फबाट अगाडि सार्नुभएको बृहत्तर प्रजातान्त्रिक एकताको एजेन्डामा पनि संविधान संशोधनलाई समेटिएको।
- ०५८ पुस ४ गते राजधानीमा आयोजित साक्षात्कार कार्यक्रममा नेपालका लागि चीनियाँ राजदूत उ धुङ्ग योङ्गद्वारा नेपालका माओवादीलाई चीनमा सेल्टर नदिइएको र आतंकवादलाई चीनले कहिल्यै प्रश्रय नदिने भएकाले उनीहरुलाई चीनको भूभाग प्रयोग गरेर नेपालविरोधी गतिविधि गर्ने छुट नदिइने धारणा व्यक्त। उहाँले चीन नेपालको वर्षौं पुरानो सहयोगी मित्र भएकोले नेपालमा संकटकाल लागू भएपछि पनि आफ्नो सहयोग निरन्तर जारी राख्ने जनाउँदै नेपालले चालेको कदमप्रति चीन सरकारको पूर्ण समर्थन रहेको धारणा व्यक्त गर्नुभएको।
- ०५८ पुस ४ गते नेपाल मानवअधिकार संगठनले हाल पक्राउ परेका वकिल, प्राध्यापक, शिक्षक र मानवअधिकारवादीहरुसँग थुनामा नै रहेको स्थानमा गएर भेटघाट गर्न पाउने व्यवस्था मिलाउन प्रधानमन्त्रीसँग अनुरोध गरेको।
- ०५८ पुस ४ गते डोटी जिल्लाको तारामाण्डौमा सुरक्षाकर्मीको कारवाहीमा दुई जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस ४ गते पाल्पा जिल्ला दर्लमडाँडा गाविस तल्लो कोलडाँडामा सुरक्षाकर्मीको कारवाहीमा सोही ठाउँका माओवादी "पाल्पा जनसरकार प्रमुख" केवल गाहा मगरको मृत्यु भएको।
- ०५८ पुस ४ गते गोरखा जिल्लामा माओवादीले थापेको एक्बुसमा परी २ सैनिक जवानको मृत्यु र केही घाइते भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस ४ गते जलस्रोत राज्य मन्त्री नारायण शर्मा पौडेलको चितवन जिल्लाको गुञ्जनगर गाविसको भीमनगर स्थित घर माओवादीहरुले गराएको बम बिस्फोटनबाट क्षतिग्रस्त भएको ।
- ०५८ पुस ४ गते गुल्मी जिल्लाको सिमीचौर गाविसका अध्यक्ष जयप्रसाद अर्याल र जैसीथोक गाविस अध्यक्ष चूडाबहादुर घर्ती माओवादीद्वारा गरिएको आक्रमणबाट घाइते।
- ०५८ पुस ४ गते कैलाली जिल्ला टिकापुर नपा-५ का २८ वर्षीय श्रीराम चौधरीको अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको। माओवादी आरोपमा उनलाई मंसिर २५ गते पक्राउ गरिएको र प्रहरी हिरासतमै बिरामी भएपछि सेती अञ्चल अस्पताल धनगढीमा उपचारार्थ लगिएको समाचार पुस ६ गतेको राजधानी दैनिकमा प्रकाशित ।
- ०५८ पुस ४ गते काठमाण्डौ जिल्ला फुटुङ गाविस-४ बाट निर्वाचित सदस्य अमीरबहादुर खड्कालाई माओवादीहरुले बज्रयोगिनी, साँखुमा हत्या गरेको। खड्कालाई माओवादीहरुले अपहरण गरी लगेका थिए।
- ०५८ पुस ५ गते नेपाली काँग्रसको उच्चस्तरीय अनुगमन समिति र सरकार-पार्टी समन्वय समितिको संयुक्त बैठकले कुनै पनि पक्षको दबाबका भरमा सरकार एवं प्रशासन संयत्र संचालित हुन नहुने र हिंस्रकहरुलाई कुनै हालतमा "मुक्ति" नदिन सरकारलाई निर्देशन ।
- ०५८ पुस ५ गते राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नैनबहादुर खत्रीको नेतृत्वमा एक प्रमण्डलले प्रधानमन्त्री शेरबहादुर देउवासंग भेट गरी संकटकालमा जनताले मानवअधिकारको न्यूनतम उपभोग गर्न पाउन पर्ने सम्बन्धमा ध्यानाकर्षण ।
- ०५८ पुस ५ गते गोरखा जिल्लाको मिरकोट गाविसमा सुरक्षाकर्मीद्वारा गरिएको कर्डन एन्ड सर्च अप्रेशनमा घेरा तोडेर भाग्न खोज्ने क्रममा सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा परी शारदा पोखरेल, राधिका अधिकारी र कोपिला कुमाल नाम गरेका माओवादी महिलाहरुको घटनास्थलमै मृत्यु भएको।

  (शाही नेपाली सेना भैरवीदलद्वारा प्राप्त जानकारी अनुसार गोरखापत्र दैनिकमा पुस ६ गते प्रकाशित समाचारमा सुरक्षाकर्मीको गोलीबाट मारिने ती महिलाहरु मध्ये दुई जनाको नाम कोपीला कुमाल र राधिका अधिकारी रहेको।)
- ०५८ पुस ५ गते गोरखा जिल्ला छोप्राकस्थित मण्डली माध्यमिक विद्यालयका शिक्षक गिरीराज पोखेललाई कक्षा कोठामा पढाइरहेको बेला दिउँसो ११:४५ बजे नारा लगाउँदै आएको माओवादीको समूहले कक्षा कोठाबाट बाहिर निकाली खुकुरी र गोली प्रहार गरी हत्या गरे। मृतक पोखेल नेपाल शिक्षक संघसँग आबद्ध थिए।
- ०५८ पुस ५ गते श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरेन्द्र सैनिक अस्पताल छाउनी सवारी भई माओवादी आक्रमणबाट घाइते सैनिकहरुको स्वास्थ्य स्थितिबारे जानकारी हासिल।
- ०५८ पुस ६ गते गोरखा जिल्ला खोंप्लाङ गाविस सातदोबाटोमा सुरक्षाकर्मीहरुको कारवाहीमा परी मदन गुरुङ र श्यामसुन्दर अधिकारीको मृत्यु भएको। सुरक्षाकर्मीहरुले आफ्नो कब्जामा लिएको अवस्थामा भाग्न खोज्दा सेनाको गोलीबाट मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस ६ गते झापा जिल्ला माओवादी क्षेत्रीय कमाण्डर पुष्प बजगाईंलाई अघिल्लो दिन धरमपुर गाविस-६ का जनताले प्रतिकार

गर्दा घाइते भएकोमा उपचार हुँदाहुँदै मृत्यु भएको।

- ०५८ पुस ६ गते गोरखा जिल्ला ताप्ले गाविस-५ र ६ को बीचमा पर्ने स्याउलाघारीमा शाही नेपाली सेनाको गस्तीमा गएको ट्रक माओवादीले थापेको एम्बुसमा पर्दा तीन सैनिक घाइते भएको।
- ०५८ पुस ६ गते श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट शाही नेपाली जंगी अड्डा सवारी भई संकटकाल घोषणापछि "आतंकवाद"विरुद्ध मुलुकमा भएका सुरक्षात्मक गतिविधि र सैनिक कारवाहीबारे जानकारी हासिल।
- ०५८ पुस ६ गते नेपाल मानवअधिकार संगठनका अध्यक्ष सुदीप पाठकको नेतृत्वमा गएको एक टोलीले मुलुकको वर्तमान राजनीतिक अवस्थाको सन्दर्भमा गृहमन्त्री खुमेबहादुर खड्कासँग मन्त्रालयमा भेट गरी ज्ञापनपत्र प्रस्तुत गरेको। ज्ञापनपत्रमा सरकारसँग वर्तमान अवस्थामा नागरिक समाजमा कार्यरत मानवअधिकारवादी, रेडक्रस, प्रेस आदिलाई मानवीय कार्यक्षेत्रमा निर्वाधरुपमा कार्य गर्न सक्ने वातावरणको प्रत्याभूति गरियोस् भन्नेलगायत्को माग गरिएको छ।
- ०५८ पुस ६ गते भक्तपुर दरबार स्क्वायर क्षेत्रस्थित जिल्ला प्रहरी कार्यालयमा माओवादीहरुद्वारा बम प्रहार। बम प्रहारबाट जिप्रकाको भान्छाघर क्षतिग्रस्त। दुईवटा नीजि घरमा सामान्य क्षति पुगेको।
- ०५८ पुस ६ गते बाजुरा जिल्लामा बसेको सर्वदलीय वैठकले माओवादी हिंसा अन्त्य गर्न प्रत्येक गाविसमा प्रतिकार समिति गठन गर्ने निर्णय गरेको।
- ०५८ पुस ७ गते वर्दिया जिल्ला मैनापोखर गाविस-२ उचुवागाउँका प्रहरी जवान २८ वर्षीय दिपनरेश चौधरीलाई विहान ८:३० बजे सोही गाविस-१ मैनापोखर बजारको न्यू क्रिस्टी फेन्सी स्टोरमा बसिरहेको अवस्थामा माओवादीहरुले गोली हानी सख्त घाइते बनाएकोमा उपचारार्थ ल्याउँदा ल्याउँदै मृत्यु भएको। चौधरी सोही जिल्लास्थित इलाका प्रहरी कार्यालय कार्यालय बाँसगढीमा कार्यरत थिए र विदाको समयमा घरमा आएका थिए।
- ०५८ पुस ७ गते प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायले संकटकाल घोषणा पछि देशमा संवैधानिक तथा कानूनी प्रश्नहरु उठे पनि त्यस्ता प्रश्न अदालतसामू नआएसम्म आफू चुप रहने बताउनु भयो। वार दिवसका अवसरमा सर्वोच्च अदालत वार एशोसिएशनले आयोजना गरेको छलफलमा उहाँले भन्नुभयो- "जनताका हक अधिकार खोसिएका छन्। तर म चुप रहन वाध्य छु।" (कान्तिपुर दैनिक)
- श्री ५ महाराजाधिराज तथा युवराजबाट सैनिक मुख्यालय पुगी मन्त्रीहरुको अनुपस्थितिमा एक्लै सैनिक कारवाहीबारे जानकारी लिँदा भ्रम र शंका उत्पन्न हुने विचार ०५८ पुस ७ गते वरिष्ठ अधिवक्ता वासुदेव ढुंगानाबाट व्यक्त भएको कुरा पुस ८ गतेको कान्तिपुरले जनाएको। वर्तमान स्थितिमा श्री ५ एक्लैले सैनिक कारवाहीबारे जानकारी लिइबक्सनु उपयुक्त नहुने र "यो स्थिति" मा सरकारको अनुपस्थितिमा श्री ५ एक्लैले जानकारी लिँदा सशंकित बन्नुपर्ने धारणा व्यक्त।

लङ रेञ्ज फायरिङ र हेलीकप्टरबाट आक्रमण

०५८ मंसिर १२ गते

"सोलुको सल्लेरीमा मुठभेडपश्चात् दाङ, रोल्पा तथा प्युठान जिल्लाहरुका विभिन्न ठाउँहरुमा शाही नेपाली सेनाबाट माओवादीहरुलाई जमिन तथा हेलिकप्टरबाट पनि फाइयरिङ गरी विभिन्न कारवाहीहरु भइरहेको र शाही नेपाली सेनाको कारवाहीबाट माओवादीहरुतर्फ निकै क्षति पुग्न गएको पनि विज्ञप्तिमा उल्लेख छ। *(रासस, सांसे. ४०, रक्षा मन्त्रालय- विज्ञप्ति)*

०५८ मंसिर १३ गते

"ओखलढुङ्गा तथा जाजरकोटस्थित सेनाको टुकडीहरुमाथि माओवादी आतंककारीहरुको ठुलो जत्थाले हिजो आक्रमण गर्न तयारी हुने सिलसिलामा एकत्रित भएको आतंककारी जत्थामाथि सेनाले लङ रेञ्ज हतियारबाट फायर गरी आतंककारीहरुको आक्रमणको प्रारम्भिक योजनालाई नै विफल तुल्याई दिएका छन्। उक्त घटनामा आतंककारीहरु तर्फको क्षति एकिन हुन नसकेको जनाइको छ।उक्त घटनाहरुमा शाही नेपाली सेनातर्फ कुनै पनि क्षति नभएको जनाएको छ।" *(रासस, सांसे. ३६, रक्षा- विज्ञप्ति)*

०५८ मंसिर १४ गते

"शाही नेपाली सेनाले माओवादी आतंककारीहरु हाइड आउट तथा तालिम इलाकामाथि हेलिकोप्टर गनसीपबाट हवाई आक्रमण गर्ने क्रममा हिजो विहान जाजरकोट र रोल्पा जिल्लाहरुको जंगलमा सशस्त्र माओवादी आतंककारीहरुको ठुलो जत्थामाथि आक्रमण गर्दा भारी मात्रामा सशस्त्र माओवादी आतंककारीहरु हताहत भएको हेलिकोप्टरबाटै प्रत्यक्ष देखिएकी रक्षा मन्त्रालयले जनाएको छ।यसबाट आतंककारीहरुतर्फ भएको क्षतिको एकिन हुन नसकेको जनाइएको छ।" *(रासस, मसे. २४, प्रेस विज्ञप्ति)*

०५८ मंसिर १७ गते

"तेह्रथुम जिल्लाको बसन्तपुर इलाका प्रहरी कार्यालयमाथि माओवादी आतंककारीहरुले आक्रमण शुरु गरेपछि चित्रे डाँडास्थित नेपाल दुर संचार सम्थानको रिपिटर स्टेशन सुरक्षार्थ खटिएको शाही नेपाली सेनाको टोलीले आक्रमणकारीहरुमाथि लङ रेञ्ज हतियारबाट फायर गरी सो आक्रमणलाई पूर्ण रुपमा विफल तुल्याइदिएको छ।" *(रासस, सांसे. ४३, रक्षा- जानकारी)*

०५८ मंसिर २० गते

"गोरखा जिल्लामा सेनाले गरिरहेको हवाई गस्तीको दौरान हिजो मंसिर १९ गते चित्रे इलाकाको जंगलमा देखिएको सशस्त्र माओवादी आतंककारीहरुको ठुलो जत्थामाथि हेलिकप्टरबाट फायर गरिएको तर फायरबाट आतंककारीतर्फ भएको क्षतिबारे एकिन हुन बाँकी रहेको छ।" *(रासस, मसे. ३४, आतंककारी प्रकाउ)*

गौरी प्रधानद्वारा सरकारले बालबालिकाहरुलाई पनि वयस्कसरह आतंककारी घोषणा गरेकोमा कडा आपत्ति जनाउँदै बालबालिकाहरुलाई आत्मसमर्पण केन्द्र नभई आत्मसंरक्षण शिविर खडा गरिनुपर्ने कुरामा जोड।

- ०५८ पुस १३ गते जाजरकोट जिल्ला पजारु गाविस-६ स्थित पशुपति प्राविका प्रधानाध्यापक रामबहादुर रावतको घर माओवादीहरुले तोडफोड गरी ६ वटा गाई, २ वटा भैंसी, एक हल गोरु, कुखुरा तथा एक दर्जन बाख्रा, कुटो-कोदालो, बञ्चरो तथा १/१ थैलीमात्र छोडेर मकै, गहुँ र धानसमेत लुटेर लगे।
- ०५८ पुस १३ गते गाउँ विकास समिति महासंघले एक प्रेस विज्ञप्ति जारी गरी संकटकालमा पनि गाविसका जनप्रतिनिधिहरुको हत्या भइरहेकोले सुरक्षाका लागि विशेष कदम चाल्न श्री ५ को सरकारसँग माग गरेको। संकटकालको अवधिमा ४ जना गाविसस्तरीय जनप्रतिनिधिको माओवादीद्वारा हत्या गरिएको पनि विज्ञप्तिमा जनाइएको।
- ०५८ पुस १३ गते वाग्लुङ जिल्ला ताराखोला गाविस-२ का २३ वर्षीय मोहदत्त सापकोटालाई माओवादीहरुले गोली हानी हत्या गरे। ४०-५० जना माओवादीहरुले सापकोटालाई गोली हानी हत्या गरेको र आमा र दाजुलाई समेत कुटपिट गरेको कुरा पारिवारिक सूत्रबाट जानकारी दिइएको।
- ०५८ पुस १३ गते राति धनुषा जिल्ला सबैला गाविस-६ खरहानीटोल स्थित एक घरमा बसिरहेको अवस्थामा माओवादी कार्यकर्ता शेखरकुमार यादवको प्रहरीको गोलीद्वारा मृत्यु भएको। यादव माओवादीका तत्कालीन केन्द्रीय सदस्य स्व. रामवृक्ष यादवका छोरा हुन्।
- ०५८ पुस १३ गते राति दैलेख र सुर्खेत जिल्लाको सीमानास्थित खाली रहेको रानीमत्ता प्रहरी चौकीमा माओवादीहरुले बम प्रहार गरी क्षतिग्रस्त बनाएको।
- ०५८ पुस १३ गते कास्की जिल्लाको पोखरामा आयोजित एक पत्रकार सम्मेलनमा नेकपा (माले) का महासचिव वामदेव गौतमद्वारा संकटकाल लागू भएयता सो पार्टीका एक सय जना कार्यकर्ता पक्राउ परेका र ७० जना अझै पनि हिरासतमा रहेको जानकारी।
- ०५८ पुस १४ गते गोरखा जिल्लाको वीरेनचोक र टक्सारमा सुरक्षाकर्मी र माओवादीबीच भीडन्त हुँदा ४ जना माओवादीको मृत्यु भएको। त्यसैगरी सोही दिन रोल्पा जिल्लाको बुढागाउँमा माओवादी कार्यकर्ता बेलु घर्तीको सेनाको कारवाहीमा मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १४ गते सप्तरी जिल्लाको लोहजरा गाविसमा सुरक्षाकर्मीहरुको कारवाहीमा परी सोही ठाउँका मिश्रीलाल मण्डल (यादव) को मृत्यु भएको।
- ०५८ पुस १४ गते राति नुवाकोट जिल्ला थान्सिङ्ग गाविस-१ छहरेबजारका भुतपूर्व प्रहरी ३५ वर्षीय रामनाथ जि.सी. लाई माओवादीहरुले गोली हानी हत्या गरे। व्रत बसी घरमा पुजा गरिरहेको अवस्थामा राति १२:३० बजेतिर ४ जना माओवादीहरु आई "तपाईंसँग कुरा बुझ्नु छ, हामीसँग हिंड्नुस्" भनेर घरबाट लगेको १५ मिनेटपछि गोली चलेको आवाज आएको थियो। त्यसपछि परिवारका सर्दस्यहरुले खोजी गर्ने क्रममा पुस १५ गते विहान ४ बजे घरभन्दा २ सय मिटर टाढा रहेको कुलोको छेउमा के.सी.को लास फेला गरेको थियो।
- ०५८ पुस १४ गते रक्षा मन्त्रालयका सचिव पदमकुमार आचार्यद्वारा शाही नेपाली सेनालगायत् सुरक्षा निकायहरुका कारवाहीमा माओवादीका माथिल्लोस्तरका कुनै नेता मारिएको वा पक्राउमा परेको जानकारी नभएको धारणा व्यक्त। साथै उहाँले माओवादीले दाङको सैनिक ब्यारेकमा आक्रमण गरेयता करिब डेढ महिनामा पुस १२ गतेसम्म ९९ सुरक्षाकर्मीसहित ४ सय ८७ जनाको ज्यान गएको र यसक्रममा २ कर्मचारी र ३६ सर्वसाधारण मारिएको जानकारी गराउनु भएको।
- ०५८ पुस १४ गते राति काभ्रे जिल्ला बालुवा गाविस-५ मा सेनाको कारवाहीमा परी माओवादी छापामारका एरिया कमाण्डर मिनबहादुर तामाङ (लेकाली) र मकवानपुर जिल्ला घर भएका अनिल नामक माओवादी कार्यकर्ताको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको। मृत्यु भएकामध्ये तामाङको घाइते अवस्थामा उपचारार्थ ल्याउँदै गर्दा बाटोमा मृत्यु भएको। सो ठाउँबाट १२ जना माओवादी कार्यकर्ताहरुलाई सेना पक्राउ गरेको कुरा पनि रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १४ गते सुरक्षाकर्मीको कारवाहीमा परी कैलाली जिल्ला गदरिया गाविसस्थित कोइलेही तालमा ३ जना र सोही जिल्लाको चौमालामा २ जना माओवादीको मृत्यु भएको।
- ०५८ पुस १४ गते सोलुखुम्बु जिल्लाको गोराखानीमा सुरक्षाकर्मीको कारवाहीमा परी १ जना माओवादी कार्यकर्ताको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १४ गते रसुवा जिल्लाको धुन्चेमा सुरक्षाकर्मीको कारवाहीमा परी वीरबहादुर मोक्तान नाम गरेका व्यक्तिको मृत्यु भएको।
- ०५८ पुस १५ गते बाँके जिल्ला नौबस्ता गाविसमा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भीडन्तमा नौ जना माओवादीको घटनास्थलमै मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको। मृत्यु हुनेहरुमा सोही जिल्ला बनकटुवा गाविस-४ का राजन दाहाल र क्रान्ति देवकोटा र अर्को एक जना दिनेश नाम गरेका व्यक्ति रहेको कुरा इन्सेक क्षेत्रीय कार्यालयले जनाएको।

आत्मसमर्पणपछि आत्महत्या

सिन्धुपाल्चोक जिल्ला कुभिण्डे गाविस-१ का ४८ वर्षीय धनबहादुर श्रेष्ठले माओवादी "जनसरकार" को सदस्यता परित्याग गरी स्थानीय प्रशासन समक्ष आत्मसमर्पण गरेपछि ०५८ मंसिर १२ गते सोही ठाउँस्थित च्यातडाँडा बनमा झुण्डिएर आत्महत्या गरे। उनले मंसिर ६ गते प्रशासन समक्ष आत्मसमर्पण गरेका थिए।

हिरासतमै परीक्षा

नुवाकोटको जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका ६ जना विद्यार्थीहरुले ०५८ पुस १२ गते प्रहरी हिरासतबाट अर्धवार्षिक परीक्षा दिए। माओवादी गतिविधिमा सलग्न भएको आशंकामा पक्राउ गरिएका कक्षा १० मा अध्ययनरत भगवती थापा, पुष्पा कंडेल र अस्मिता थापा, कक्षा ९ का सन्देश भेटवाल र दीपक विश्वकर्मा तथा कक्षा ६ की भगवती पाण्डेले जिल्ला शिक्षा कार्यालयको सहयोगमा उक्त दिन "नेपाली" विषयको परीक्षा दिएका थिए। पुस ११ गते प्रमुख जिल्ला अधिकारी, डिएसपीसमेत उपस्थितिमा सम्पन्न सर्वदलीय बैठकले उक्त व्यवस्था मिलाउने निर्णय गरेको थियो।

- ०५८ पुस १५ गते गोरखा जिल्लाको छेपेटारमा सुरक्षाकर्मीसँगको मुठभेडका क्रममा १ जना माओवादीको मृत्यु भएको। मृत्यु हुनेमा माओवादी स्क्वायड कमाण्डर समीर भन्ने महेन्द्र मरहठ्ठा भएको रक्षा मन्त्रालयले जनाएको। त्यसैगरी सोही दिन कैलाली जिल्लाको गडरियामा सुरक्षाकर्मी र माओवादीबीच भएको मुठभेडमा १ जना माओवादी कार्यकर्ताको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १५ गते राति नुवाकोट जिल्ला बेलकोट गाविस-३ निवासी नेपाल शिक्षक संघका जिल्ला कोषाध्यक्ष ४५ वर्षीय सोमराज थपलियालाई माओवादीहरुले "हामी जिल्ला प्रशासन कार्यालयबाट आएका हौं, सरसँग केही बुझ्नु छ" भनेर अपहरण गरी लगे। थपलियाको लास पुस १६ गते दिउँसो सोही गाविसस्थित निरन्जना माध्यमिक विद्यालयको पर्खाल नजिकै फेला परेको। थपलियाको शरीरमा पाँच वटा गोलीको प्वाल र शरीरका विभिन्न भागमा खुकुरीले काटिएका चोटहरु रहेको प्रत्यक्षदर्शीहरुले बताए।
- ०५८ पुस १५ गते राति दैलेख जिल्ला नौमुले गाविस-७ का गंगाबहादुर तारामीलाई घरमा सुतिरहेको अवस्थामा माओवादीहरुले बञ्चरो प्रहार गरी हत्या गरे। पीडित नेपाली काँग्रेसका सक्रिय कार्यकर्ता हुन्।
- ०५८ पुस १६ गतेको नेपाल समाचारपत्र दैनिकमा नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा जारी गरिएको प्रेस विज्ञप्ति प्रकाशित। पुस १० गतेको मिति राखेर पुस १५ गते फ्याक्समार्फत् प्रेषित भनिएको सो विज्ञप्तिमा प्रचण्डले शहर बज़ार र सुगम इलाकामा सो पार्टीको प्रभाव घटेको र अन्य क्षेत्रमा भने आफ्नो प्रभाव कायमै रहेको उल्लेख गरिएको। विज्ञप्ति स्थायी समितिको निर्णय सार्वजनिक गर्ने सन्दर्भमा प्रकाशित गरिएको जनाइएको। वैठकले नयाँ परिवेशको मूल्यांकन गरेको जानकारी दिँदै विज्ञप्तिमा संसदभित्र र बाहिरका सबै राजनीतिक् दल, संघसंस्था, व्यक्तिहरुसँग अन्तरक्रिया, सहकार्य र समझदारी कायम गर्ने जानकारी दिइएको।
- ०५८ पुस १६ गते नेपाल समाचारपत्र दैनिकका प्रधानसम्पादक तथा प्रकाशक पुष्करलाल श्रेष्ठ र सम्पादक कपिल काफ्लेलाई सो पत्रिकामा नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा जारी गरिएको प्रेस विज्ञप्ति प्रकाशित गरेको विषयलाई लिएर काठमाण्डौका प्रमुख जिल्ला अधिकारी किर्तिबहादुर चन्दले बयान लिनुका साथै माओवादी विज्ञप्ति प्रकाशित नगर्न अनुरोध गरेको।
- ०५८ पुस १६ गते डोल्पा जिल्लाका नेकपा (एमाले) जिल्ला कमिटी सचिव दत्तबहादुर रोकायाको कालिका गाविस-५ स्थित घरमा माओवादीहरुले लुटपाट गरेको। माओवादीहरुले रोकायाको घरमा रहेको नौ तोला सुन, गाईवस्तु, भाँडाकुँडा, लत्ताकपडा लुटेर लग्नुका साथै २ वटा घर भत्काइदिएको।
- ०५८ पुस १६ गते बझा' जिल्लाको गडारामा सुरक्षाकर्मी र माओवादीबीचको दोहारो भीडन्तमा एक जना माओवादी कार्यकर्ताको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १७ गते बैतडी जिल्ला ग्वालेक गाविस-६ मा प्रहरीको गोलीद्वारा माओवादी कार्यकर्ता ४० वर्षीय मोहनदेव जोशीको मृत्यु भएको। सुरक्षाकर्मीमाथि मोहनदेवले गोली चलाएपछि प्रतिकारमा सो घटना भएको कुरा गृह मन्त्रालयले जनाएको।
- ०५८ पुस १७ गते कालिकोट जिल्लाको सदरमुकाम मान्मादेखि करिब एक किलोमिटरको दूरीस्थित माझपानीको सार्वजनिक धारामा माओवादीहरुले राखेको सकेटबम विस्फोट हुँदा पार्खा गाविस-४ का ११ वर्षीय भैरव मल्ल र ९ वर्षीय खेमराज मल्लको मृत्यु भएको कुरा गृह मन्त्रालयले जनाएको। सो घटनामा स्यूना गाविस-४ की सुजा शाही, जुम्ला जिल्ला घर भई मान्ममा बस्दै आएकी नविता भण्डारी, पार्खा गाविस-४ की सन्जु मल्ल मान्म गाविस-४ की प्रमिला दमाई र सुर्खेत जिल्लाका सन्तोष दमाई घाइते भएको। घाइतेहरुलाई उपचारार्थ हेलिकप्टरबाट पुस १८ गते सुर्खेत लगिएको।
- ०५८ पुस १७ गते गोरखा जिल्लाको हर्मी गाविस-८ का ६३ वर्षीय लीलानाथ अधिकारीलाई माओवादीहरुले घर बाहिर ल्याई खुकुरी र लाठी प्रहार गरी हत्या गरे।
- ०५८ पुस १७ गते बाँके जिल्ला बनकटुवा गाविस-४ जिगाउँका ३५ वर्षीय कमल दाहालको सुरक्षाकर्मीको हिरासतबाट भाग्न खोजेकोले सुरक्षाकर्मीको गोलीबाट मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १७ गते बर्दिया जिल्लाको बनियाभारमा सुरक्षाकर्मी र माओवादीबीच भएको भीडन्तमा एक जना माओवादीको मृत्यु भएको कुरा गृह मन्त्रालयले जनाएको।
- ०५८ पुस १८ गते राति कञ्चनपुर जिल्लाको दैजी गाविस-८ का गणेश प्रावि पिपलथलाका शिक्षक ३५ वर्षीय रंगनाथ भण्डारी, शारदा मावि दैजीमा कक्षा १० मा अध्ययनरत १८ वर्षीय दीर्घराज भण्डारी, सोही गाविसका ४० वर्षीय टेकबहादुर रावल, २८ वर्षीय सिद्धराज पाण्डे र १८ वर्षीय हर्के सार्कीलाई आ-आफ्नो घरबाट सेनाले गिरफ्तार गरी गाउँदेखि नजिकै रहेको खोलामा पुऱ्याई गोली हानी हत्या गरेको। उनीहरुसँगै गिरफ्तार गरिएका सोही ठाउँका १७ वर्षीय तुले सार्की सैनिकको कब्जाबाट भागेको।
- ०५८ पुस १८ गते बेलुका गोरखा जिल्ला छोप्राक गाविसमा सुरक्षाकर्मीको कारवाही परी सोही गाविस-५ का सूर्य भन्ने विष्णु मरहठ्ठा, सोही गाविसका नीरु पोखेल, खोप्लाङ गाविस-२ का पुष्प भन्ने पूर्णचन्द्र आचार्य, चिम्जुङ गाविस-८ का दिपेन भन्ने कुमार थापा र लमजुङ जिल्ला चक्रतीर्थ गाविस-८ का राजेश भन्ने नविन श्रेष्ठको मृत्यु भएको कुरा सैनिक सूत्रले जनाएको।
- ०५८ पुस १८ गते म्याग्दी जिल्लामा सुरक्षाकर्मीको कारवाहीमा परी मोहनप्रसाद विकको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १८ गते रसुवा जिल्लाको गंतलाङमा सुरक्षाकर्मीको कारवाहीमा परी माओवादी कार्यकर्ता छिरिङ घले र दिनेश श्रेष्ठको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। त्यसैगरी सोही दिन डडेल्धुरा जिल्लाको घुम्तिगडामा दुई जना माओवादी र ओखलढुङ्गाको डियालीमा दुई जना माओवादी महिलाको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १८ गते नेपाल बार एशोसिएशनले संकटकाल व्यवस्थित बनाउन श्री ५ बाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा १०७ अनुसार कानुन सरह लागू हुने आदेश जारी गराउन सरकारसँग माग गरेको। वैठकबाट

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ र १६ ले छापाखाना तथा प्रकाशन सम्बन्धी हक र सूचनाको हक निलम्बित भएका कारण यथार्थ सूचना प्राप्त गर्ने जनताको हक हनन भएकाले निलम्बन फुकुवाको माग समेत गरेको। वार एशोसिएशन केन्द्रीय कार्य समितिको १८ गते बसेको वैठकपछि उक्त माग गरिएको।

- ०५८ पुस १८ गते नेपाल अधिराज्यको संविधान २०४७ को मस्यौदा गर्न बनेको तत्कालीन संविधान सुझाव आयोगका अध्यक्ष पूर्वप्रधानन्यायाधीश विश्वनाथप्रसाद उपाध्याय, सदस्य पूर्वसभामुख दमननाथ ढु'ाना, ०४६ सालको जनआन्दोलनपछि बनेको अन्तरिम सरकारका मन्त्रीद्वय निलाम्बर आचार्य एवं डा. देवेन्द्रराज पाण्डे, वरिष्ठ चिकित्सक डा. मधु घिमिरे र डा. कृष्णकुमार पाँडेले संयुक्त विज्ञप्ति प्रकाशित गर्दै "जनतामा भय, आशंका र अन्यौल सिर्जना गर्नुबाहेक संकटकालको अर्को कुनै व्यावहारिक प्रयोजन" देखा नपरेको बताउनुभयो। "हाम्रो आग्रह" शिर्षकमा संविधान र कानूनका ज्ञाताहरुले भन्नुएको छ- "संकटकालीन अवस्था लागू गर्दैमा वा जनसाधारणका मौलिक हकहरु निलम्बित गर्दैमा श्री ५ को सरकारले जे गरे पनि हुने वा श्री ५ को सरकारलाई जनतामाथि शासन गर्ने असिमित अधिकार स्वतः प्राप्त हुन जाने होइन। श्री ५ को सरकार वा कुनै सरकारी कर्मचारीले कुनै व्यक्तिका विरुद्ध कुनै कारवाही चलाउन वा कुनै प्रकारको निषेधात्मक वा वाध्यात्मक व्यवस्था लागू गरी जनजीवनलाई निर्देशित वा नियन्त्रित गर्न, संकटकालको अवस्थामा विद्यमान रहे वा नरहेको जे भए पनि कानूनद्वारा अधिकार प्रदान गरिएको हुनुपर्छ।" संकटकालीन अवस्थामा आवश्यकतानुसार कुनै निषेधात्मक वा वाध्यात्मक व्यवस्था गर्नुपरेमा, विद्यमान संकटको निवारणार्थ सुरक्षा अधिकारीलाई प्रचलित कानूनले प्रदान गरेभन्दा बढी थप अधिकारहरु प्रदान गर्नुपर्ने देखिएमा धारा ११५ को उपधारा ७ अन्तर्गत आदेश जारी गरिनुपर्नेमा हालसम्म त्यस्तो कुनै आदेश जारी नभएको जनाउँदै विज्ञप्तिमा अगाडि भनिएको छ- "सेना परिचालनका लागि पूर्वशर्तका रुपमा सर्वदलीय सहमति कायम गरिनुपर्ने, संकटकालको घोषणा गरी जनताका मौलिक हकहरु निलम्बित गर्नुपर्ने र स्थलगत कारवाहीमा संलग्न सेनालाई नागरिक शासनद्वारा नियन्त्रित र निर्देशित नगरी बेरोकटोक कार्य गर्न दिनेजस्ता मागहरु गरिएका कुराहरु समय-समयमा समाचारहरुमा प्रकाशित गरिएका छन्। यस्ता मागहरुबाट देशमा द्वैध शासनको स्थिति विद्यमान भए जस्तो देखिने हुनाले नागरिक समाजबाट समय-समयमा चिन्ता व्यक्त हुने गरेको पनि हो। माओवादी आतंकबाट सयकडौं प्रहरी र जनसाधारण मारिँदै गएकोमा देशका प्रधानमन्त्री तथा सुरक्षा परिषदका अध्यक्षले शाही नेपाली सेनालाई परिचालित गराउन खोज्दा परिचालित नभई प्रकृयाको अत्तो थापिएको देखिएको तर अहिले संकटकालीन अवस्था लागू गरिनासाथ सबै प्रकृया तुरुन्त पूरा हुनु र सेना परिचालित हुनुले संकटकालीन अवस्था पूर्वशर्तकै रुपमा लागू भएको हो कि भन्ने शंका उपस्थित हुनु स्वाभाविकै हो।" विज्ञप्तिमा भनिएको छ- "यसरी मौलिक हकहरु निलम्बित हुँदा त्यसको तर्कसंगत कारण र प्रयोजन हुनुपर्दछ। सर्वसाधारण जनताको ज्यूधनको रक्षा गर्नु, सरकारी सम्पत्तिको रक्षा गर्नु, देशको कानूनको बर्खिलाप आचरण गर्ने व्यक्ति वा संगठनलाई कानून बमोजिम सजायभागी बनाउनु सरकारको प्राथमिक कर्तव्य हो। यसका लागि उसले आफ्नो प्रशासन र सुरक्षा यन्त्र उपयोग गर्न र आवश्यकतानुसार बल प्रयोग गर्न सक्तछ। त्यसको लागि जनताका मौलिक हक निलम्बित गर्नु आवश्यक हुँदैन। वस्तुतः विचार अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हकजस्ता हकहरु निलम्बित गर्नु संकटकाल लागू भएको अवस्थामा पनि वाञ्छनीय हुँदैन। सुरक्षासम्बन्धी रणनीति वा योजनाबाहेक सुरक्षा अधिकारी वा सुरक्षाकर्मीहरुका अन्य काम कारवाहीबारे जानकारी लिने र तत्सम्बन्धमा आफ्ना मन्तव्य व्यक्त गर्ने अधिकार त कुनै अवस्थामा पनि जनताबाट खोसिनु हुँदैन। यथार्थमा आफ्नै देशका नागरिकहरुका विरुद्ध चलाइने कारवाहीमा सुरक्षाकर्मीहरुलाई अनियन्त्रित रुपमा कारवाही गर्न दिइएको र ढाकछोप गर्नुपर्ने अवस्था विद्यमान भएको जस्तो शंका उत्पन्न हुने गरी तत्सम्बन्धमा वस्तुपरक सूचना वा जानकारी जनताले, खासगरी सञ्चार माध्यमहरुले संकलन गर्न नपाउने गरी मौलिक हकमा बन्देज लगाउनु देशको संविधानका लागि पनि संविधान अन्तर्गत स्थापित प्रजातान्त्रिक व्यवस्थाका लागि पनि घातक सिद्ध हुन सक्दछ। तसर्थ, देशको संविधान, प्रजातान्त्रिक परिपाटी, संसद, राजनीतिक पार्टीहरु, नागरिक समाज र जनतालाई कमजोर पार्नसक्ने काम-कारवाहीहरु हुन नदिन र भएका त्यस्ता काम-कारवाहीहरु सच्याई भय, आशंका र अन्यौलको वातावरण समाप्त पार्न हामी श्री ५ को सरकारलाई आग्रह गर्दछौं।"

- ०५८ पुस १८ गते बेलुका स्वास्थ्य मन्त्री शरतसिंह भण्डारीको महोत्तरी जिल्ला औराही गाविस-२ स्थित निवासमा माओवादीहरुद्वारा बम विस्फोट। विस्फोटबाट मन्त्री भण्डारीको दुई तले घर क्षतिग्रस्त।
- ०५८ पुस १९ गते गृह मन्त्रालयले एक सूचना जारी गरी "आतंककारी"हरुले असुरक्षित ठ नी लुकिछिपी बस्न सक्ने भएकाले कुनै पनि व्यक्ति आफ्नो घर, होटल, लज, छात्रावास, कारखाना आदिमा बसेका भए तुरुन्त र पछि पनि कोही बस्न आएमा बसेको तीन दिनभित्र त्यस्ता व्यक्तिको नाम, स्थायी ठेगाना, उमेर र पेशा उल्लेख गरी नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनुहुन र त्यसो नगरेमा प्रचलित कानुनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराएको।
- ०५८ पुस १९ गते म्याग्दी जिल्लाको सिंगा भन्ने ठाउँमा माओवादीहरुले राखेको एम्बुसमा परी दुई जना सैनिक जवानको मृत्यु भएको र ६ जना सैनिक रक्षा मन्त्रालयले जनाएको। घाइतेहरुलाई उपचारार्थ काठमाण्डौस्थित वीरेन्द्र सैनिक अस्पताल ल्याइएको। सोही दिन सोही जिल्लाको सिङ्गा गाविसको वनमा सुरक्षाकर्मीको कारवाहीमा परी वीरवहादुर बुढा र काशी कठायत नाम गरेका माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १९ गते तनहुँ जिल्लाको रुपाकोट गाविसका पूर्व प्रहरी हवल्दार चतुरमान बस्नेतको लास लमजुङ जिल्लाको कुन्छा गाविस-४ मा फेला परेको कुरा गृह मन्त्रालयले जनाएको। बस्नेतलाई अघिल्लो दिन माओवादीहरुले अपहरण गरी लगेका थिए।
- ०५८ पुस १९ गते राति कपिलवस्तु जिल्ला चनई गाविस बनकट्टीका मेखबहादुर के.सी.लाई घरमा बसिरहेको अवस्थामा १२-१५ जना माओवादीहरुले घरदेखि केही पर

०५८ मंसिर ८ गते, माओवादीद्वारा दाङमा प्रयोग गरिएको भनी सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिइएको सवारी साधन

०५८ पुस ११ गते, पाल्पामा सुरक्षाकर्मीद्वारा बरामद गरिएका

०५८ पुस १४ गते, काश्रे जिल्लाको वालुवा गाविसमा सुरक्षाकर्मीले फेला पारेको हातहतियार एवं पाठ्य सामाग्री



०५८ पुस १४ गते, काश्रे जिल्लाको वालुवा गाविसमा सुरक्षाकर्मीले फेला पारेको हातहतियार

०५८ पुस १४ गते, काश्रे जिल्लाको वालुवा गाविसमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका माओवादीहरु

०५८ पुस १४ गते, काश्रे जिल्लाको वालुवा गाविसमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका माओवादीहरु

यो पृष्ठका सम्पूर्ण तस्वीर : नेपाल टेलिभिजन

धनकुटामा सेनाले फेला पारेको प्रेशरकुकर बम

०५८ मंसिर ८ गते, माओवादीद्वारा दाङमा प्रयोग गरिएको गाडी

०५८ पुस १४ गते, काश्रे जिल्लाको वालुवा गाविसमा सेनाद्वारा बरामद हातहतियार

धनकुटामा सेनाद्वारा खोजतलासको क्रममा फेला परेको विस्फोटक पदार्थ

०५८ पुस ३ गते रोल्पामा गिरफ्तार गरिएका माओवादीहरु

०५८ पुस १४ गते काश्रेको वालुवा गाविसमा गिरफ्तार गरिएका माओवादीहरु

लगी धारिलो हतियार प्रहार गरेको र उपचार हुँदाहुँदै राति १०:३० बजे के.सी.को मृत्यु भएको।

- ०५८ पुस १९ गते राजधानीमा आयोजित पत्रकार सम्मेलनमा नेपाल बार एशोसिएशनले संकटकालमा सरकारी र माओवादी पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाको सूचना अद्यावधिक गर्न र त्यसको जानकारी सम्बन्धित निकायलाई गराउन पाँचै विकास क्षेत्रमा पर्यवेक्षण टोली खटाउने भएको जानकारी गराइएको। सम्मेलनमा बारका क्षेत्रीय उपाध्यक्षको संयोजकत्वमा गठित टोलीमा सम्बन्धित क्षेत्रका पुनरावेदन तथा जिल्ला बार अध्यक्ष, सचिव एवं सम्बन्धित इकाईका मानवअधिकार समितिका संयोजक सदस्य रहने जानकारी गराइएको।
- राष्ट्रिय मानवअधिकार आयोगले संकटकाल लागू भएपछिको स्थितिको तथ्यगत सूचना संकलन गर्न अदालत, सरकार, महान्यायाधिवक्ता र संसदको परराष्ट्र तथा मानवअधिकार समितिबीच छलफल गराउने भएको कुरा ०५८ पुस १९ गते सार्वजनिक जानकारी गराइएको। नागरिक अधिकार निलम्बन भएको अवस्थामा राज्यका तर्फबाट भएका कारवाहीको क्रममा मानवअधिकार उल्लंघनका घटनाहरुको यथार्थ जानकारी संकलन गरी सार्वजनिक गर्ने निर्णय ०५८ पुस १७ र १८ गते बसेको आयोगको वैठकले गरेको।
- ०५८ पुस २० गते म्याग्दी जिल्लाका नेपाली काँग्रेसका कार्यकर्ता शेरबहादुर शेरचनलाई घरमै बसिरहेको अवस्थामा माओवादीहरुले गोली हानी हत्या गरेको र घरका अन्य सदस्यहरुलाई कुटपिट गरेको।
- ०५८ पुस २० गते रोल्पा जिल्लाको दुविङमा सुरक्षाकर्मीको कारवाहीमा परी कर्णबहादुर घर्तीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। घर्ती माओवादीको इलाकास्तरीय कार्यकर्ता भएको बताइएको।
- ०५८ पुस २० गते दाङ जिल्लाको घोराहीस्थित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र सेनाको ब्यारेकमा माओवादीद्वारा आक्रमण प्रयास। दोहोरो भीडन्तका क्रममा त्रिभुवननगर नगरपालिका-८ वडहरामा बस्ने रिक्सा चालक करिब ४० वर्षीय चेतबहादुर कुवँर पुरीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको।
- ०५८ पुस २० गते प्युठान जिल्लाको दाखाक्वाडीमा सुरक्षाकर्मीको कारवाहीमा परी पहाड भन्ने गंगा पुनको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। पुन माओवादीको एरिया कमाण्डर भएको बताइएको।
- ०५८ पुस २० गते ओखलढुंगा जिल्लाको पोखरे र रुकुम जिल्लाको बाँफिकोटमा सुरक्षाकर्मीको कारवाहीमा परी १रू१ जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २१ गते कञ्चनपुर जिल्लाको शंकरपुर गाविस-६ मा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त हुँदा २ जना माओवादीको मृत्यु भएको। ●

माओवादीद्वारा एम्बुसमा पारिएका प्रतिनिधिमूलक घटनाहरू

०५८ मंसिर ९ गते

- नेपालगञ्जबाट सुर्खेत जाँदै गरेको सशस्त्र प्रहरीको ट्रक माओवादीहरूले सुर्खेत जाने बाटोमा एम्बुसमा पार्दा चार जना प्रहरीको मृत्यु भएको।

०५८ मंसिर २१ गते

- बर्दिया जिल्ला प्रहरी कार्यालयको बा अ.क्र ३८०७ न. को गाडी गस्तीका क्रममा गुलरिया नपा-६ मा माओवादीद्वारा थापिएको एम्बुसमा परी सामान्य रुपमा क्षतिग्रस्त।

०५८ मंसिर २४ गते

- बर्दिया जिल्ला कालिका गाविस-८ राजापुरको मुख्य सडकमा माओवादीहरूले थापेको एम्बुसमा परी नेपाल रेडक्रस सोसाइटी बर्दिया शाखाको एम्बुलेन्स क्षतिग्रस्त। भे. १ ख ४८५ नम्बरको उक्त एम्बुलेन्स गुलरियाकी एक बिरामी महिला बोकी नेपालगञ्जतर्फ आइरहेको थियो।

०५८ पुस ६ गते

- गोरखा जिल्ला ताप्ले गाविस-५ र ६ को बीचमा पर्ने खाडलाधारीमा शाही नेपाली सैनिकको गस्तीमा गएको ट्रक माओवादीले थापेको एम्बुसमा पर्दा तीन जना सैनिक घाइते।

०५८ पुस ८ गते

- लमजुङ जिल्लाको चण्डीस्थान गाविस-१ को सलाङ खोलामा माओवादीले थापेको एम्बुसमा परी ३ जना सैनिकको मृत्यु, २४ जना घाइते। मृत्यु भएका ३ जना सैनिकमध्ये एक जनाको घटनास्थलमै र दुई जनाको उपचार गर्दागर्दै वीरेन्द्र सैनिक अस्पताल, काठमाण्डौमा मृत्यु भएको।

०५८ पुस ११ गते

- रुकुम जिल्ला खारा गाविस-३ स्थित मुलबाटोमा माओवादीहरूले थापेको एम्बुसमा परी चारजना स्थानीय व्यक्तिको मृत्यु। मृत्यु हुनेहरूमा खड्कड मालिक गणेश के.सी., गोठाला गएका मोही ठाउँका जुहारी बुढ्याकी तथा अन्य दुई जना रहेको। मोही घटनामा परी शोभा गाविस-५ का खड्कबहादुर दमाई घाइते।

- बाँके जिल्ला फत्तेपुर गाविसमा गस्तीमा गएको भे. १ क १५७ नम्बरको प्रहरी भ्यान माओवादीहरूले थापेको एम्बुसमा पर्दा तीन जना सुरक्षाकर्मी घाइते र भ्यान क्षतिग्रस्त।

०५८ पुस १९ गते

- म्याग्दी जिल्लाको सिंगा भन्ने ठाउँमा माओवादीहरूले राखेको एम्बुसमा परी दुई जना सैनिक जवानको मृत्यु र ६ जना सैनिक घाइते।

दृष्टव्य : *बारुदी धरापमा पूर्णतः प्रतिबन्ध लगाउनुपर्छ भन्ने, सन् १९९७ को **ओटावा सन्धिमा** हालसम्म १४० मुलुकले हस्ताक्षर गरिसकेका छन्। यद्यपि नेपालले त्यसमा हस्ताक्षर गरेको छैन। तर ०५७ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नेपालमा बारुदी धरापलाई रोक लगाउने अभिप्रायका साथ ओटावा सन्धिमा हस्ताक्षर गर्ने प्रतिबद्धता जनाउनु भएको थियो। सार्क मुलुकहरुमध्ये बंगलादेश र मालदिभसले भने हस्ताक्षर गरिसकेका छन्। बारुदी धरापलाई **मानवविरुद्धको अपराध** मानिएको छ। सशस्त्र संघर्ष सम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानून (**जेनेभा महासन्धि**) को आधारभूत नियम ६ (**संघर्षका संलग्न पक्षहरु र तिनका सशस्त्र सैनिकहरुको युद्धमा प्रयोग गर्ने तौरतरिका र साधन असीमित हुनेछैन। अनावश्यक हानी नोक्सानी पुऱ्याउने अथवा अत्याधिक पीडा दिने हातहतियार अथवा युद्धको तौरतरिका प्रयोग गर्न निषेध गरिएको छ ।।** र नियम ७ (**असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले संघर्षका संलग्न पक्षहरुले जुनसुकै बेला पनि सामान्य नागरिक र युद्धरतलाई छुट्याउनु पर्दछ । असैनिक नागरिक आबादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य तुल्याउनु हुँदैन । केवल सैनिक लक्ष्यहरुलाई मात्र आक्रमणको निशाना बनाउनु पर्दछ ।।**) ले पनि यस प्रकारको हातहतियार र तरिका प्रयोग गर्न निषेध गरेको छ। बारुदी धरापका कारण निर्दोष व्यक्तिहरुसमेत शिकार हुने भएकाले यस्तो तरिका सम्बन्धित पक्षद्वारा तुरुन्त बन्द गरिनु पर्छ।*

संवैधानिक तथा अन्तर्राष्ट्रिय जिम्मेवारीका प्रावधानहरूको उल्लंघन

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा उल्लेखित प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार र कानूनको शासन संकटकालमा पनि निलम्बन गर्न नसकिने आधारभूत संरचनाभित्र पर्दछन्।

संविधान बमोजिम जारी हुने संकटकालीन अवस्थामा पनि आधारभूत मानवअधिकारको उल्लंघन हुन नपाओस् भन्ने हेतुले नै संविधानको धारा १२ (१) द्वारा प्रत्याभूत बाँच्न पाउने अधिकार सहितको वैयक्तिक स्वतन्त्रता, धारा १४ द्वारा प्रत्याभूत शारिरीक र मानसिक यातना दिन नपाइने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउको कारणसहितको सूचना यथासक्य चाँडो दिनु पर्ने, पक्राउ गरिएको व्यक्तिलाई २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने जस्ता फौजदारी न्यायका हकहरु संविधानको धारा ११५ (८) बमोजिम निलम्बित हुन सक्दैनन् र अहिले निलम्बन भएको पनि छैन। तर यस बीचमा निलम्बन नभएका यी क्रियाशील मौलिक हकहरुको उपभोग गर्नबाट आम नागरिकहरु बन्चित भएका देखिन्छन्। अर्कोतर्फ नेपाली नागरिकहरु नेपाल अधिराज्यको संविधान ०४७ का निलम्बन नभएका धारा ११ (१), धारा १२ (१), धारा १२ (२ घ), धारा १४ (५) र (६), धारा १३ (२) र (३) व्दारा प्रत्याभूत गरिएका अधिकारहरु उपभोग गर्नबाट समेत बन्चित भइ रहेका छन। उपचारविनाको हक, हक होइन भन्ने न्यायको सर्वमान्य सिद्धान्त विपरित कार्य भई रहेको अवस्था छ। यस्तो अवस्थामा निलम्बन भएको संवैधानिक हकहरुको निर्वाध उपभोग गर्न, गराउनका लागि संविधानको धारा ३५ (२) बमोजिम श्री ५ को सरकारले श्री ५ समक्ष सिफारिस चढाइ संविधानको धारा ११५ (७) बमोजिमको आदेश जारी हुन नितान्त जरुरी छ। तर यस बीचमा श्री ५ को सरकारका बिभिन्न निकायहरुबाट अनाधिकृत र गैरसंवैधानिक प्रकृतिका आदेशहरु जारी भइ संटकालको दुरुपयोग भएको र अझ पनि यस्तो दुरुपयोग बढ्ने संभावना छ। श्री ५ को सरकारले जारी गरेको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ को दफा १२ मा संविधानको प्रतिकूल नहुने गतिविधिमा संकटकालले असर नगर्ने भनी उल्लेख गरिएको भएता पनि संविधान बमोजिमको पेशा, रोजगारी र अभिव्यक्तिको स्वतन्त्रतामा समेत अनुचित बन्देज लगाइएबाट संवैधानिक प्रावधानहरुको उल्लंघन भएको देखिन्छ।

संयुक्त राष्ट्रसंघको महासभाद्वारा १६ डिसेम्बर १९६६ मा पारित तथा नेपालद्वारा १४ मे १९९१ मा सम्मिलन जनाइएको

नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध

धारा-४

(१) राष्ट्रको अस्तित्वलाई खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिक रुपमा घोषणा गरिएको समयमा यस अनुबन्धका पक्षराष्ट्रहरुले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र यस अनुबन्धअन्तर्गत आफ्ना दायित्वहरु न्यून गर्ने उपायहरु अवलम्बन गर्न सक्नेछन् तर त्यस्ता उपायहरु अन्तर्राष्ट्रिय कानुन अन्तर्गत तिनिहरुका अन्य दायित्वहरुको प्रतिकूल हुनु हुँदैन र जाति, वर्ण, लिंग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा त्यस्ता उपायहरुमा समावेश भएको हुनु हुँदैन।

(२) यो व्यवस्थाअन्तर्गत धारा ६, ७, ८ (प्रकरण १ र २), ११, १५, १६ तथा १८ लाई न्यून गर्न पाइने छैन।

(३) न्यून गर्ने अधिकारको उपयोग गर्ने यस अनुबन्धको कुनै पक्षराष्ट्रहरुले आफूले न्यून गरेका व्यवस्थाहरु र त्यसो गर्नुपर्नाको कारणहरुको जानकारी संयुक्त राष्ट्रसंघका महासचिव मार्फत् तुरुन्त यस अनुबन्धका अन्य पक्षराष्ट्रहरुलाई दिनेछ। आफूले यस्तो न्यूनता अन्त्य गरेको मिति सम्बन्धी अर्को सूचना पनि सोही मध्यवर्ति मार्फत् दिनेछ।

द्रष्टव्य : नेपालमा संकटकालीन स्थितिको घोषणा गरी मौलिक हकहरु निलम्बन गर्दा **नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय** अनुबन्धमा व्यवस्था भएबमोजिमका प्रकृया पूरा गरिएको जानकारी श्री ५ को सरकारबाट सार्वजनिक भएको छैन।

माओवादीद्वारा जेनेभा महासन्धिको उल्लंघन

निश्चित राजनीतिक उद्देश्य प्राप्तिका निम्ति संघर्ष गर्दै आएको दाबी गर्ने नेकपा (माओवादी) राज्य सत्तासँग चरणवद्ध वार्तामा सहभागी भएको थियो। रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC) का प्रतिनिधिहरुमार्फत् बन्दी हस्तान्तरण समेत गरेको थियो। माओवादीले योजनाबद्ध रुपमा ०५८ मंसिर ८ गते केन्द्रीय जनपरिषद र क्रान्तिकारी जनसेना गठन गरी समानान्तर संयन्त्र निर्माण गरेका थिए। उक्त "क्रान्तिकारी जनसेना" का सदस्यहरुले पोशाक, पदीय जिम्मेवारीसहित हतियारबन्द विरोध-संघर्ष गरिरहेको पनि माओवादीहरुले जनाएका थिए।

नेकपा (माओवादी) को सैन्य दस्ता, सैन्य संचालन प्रणालीका विषय लगायत् अन्तर्राष्ट्रिय मानवीय कानून पालन गर्नुपर्ने विषयमा सो पार्टीका पोलिटव्युरो सदस्य डा. बाबुराम भट्टराईको मिति ०५६ असोज १९ को कान्तिपुर दैनिकमा प्रकाशित "गाँखु घटनाले उठाएका प्रश्नहरु" मा लेखिएको छ- "तर सबै युद्धका आ-आफ्ना घोषित र अघोषित नियम वा मूल्य मान्यता हुन्छन् र तिनको पालना गरिनु पर्‍यो भन्ने मात्र हाम्रो अहिले आग्रह हो।"

माथिल्लो परिच्छेदमा उल्लेखित युद्धरत एक पक्ष नेकपा (माओवादी) लाई सन् १९०७ को हेग कन्भेन्सन र १९४९ को जेनेभा महासन्धिमा वर्णन गरिए अनुसारको उच्च करार पक्ष (High Contracting Party) मान्न सकिन्छ। राज्य पक्षले जेनेभा महासन्धिको पालना नगरेको आरोप लगाउने नेकपा (माओवादी) ले जेनेभा महासन्धिको अवहेलना गरेको प्रष्ट देखिन्छ।

संघर्षरत क्षेत्रका आम जनतालाई वैकल्पिक बसोबासको अभाव

०५८ पुस २ गते प्रधान सेनापति महारथि प्रज्वल्ल शमशेर जबराले नेपाल टेलिभिजनबाट प्रशारित "दिशा निर्देश" कार्यक्रममा दिनुभएको अन्तर्वातामा माओवादीविरुद्ध सैनिक कारवाही भइरहेको इलाकाबाट आम जनतालाई हट्न अनुरोध गरिएको जानकारी गराउनु भयो।

द्रष्टव्य : जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरु सम्वन्धी आधारभूत नियमहरुको सारांशको नं. ७ "असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले संघर्षका संलग्न पक्षहरुले जुनसुकै वेला पनि सामान्य नागरिक र युद्धरतलाई छुट्याउनु पर्दछ। असैनिक नागरिक आवादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य तुल्याउनु हुँदैन। केवल सैनिक लक्ष्यलाई मात्र आक्रमणको निशाना वनाउनु पर्दछ।" अनुसार संघर्षरत क्षेत्रका असैनिक नागरिकलाई वैकल्पिक वसोवासको व्यवस्था नै नगरी त्यहाँवाट हट्न अनुरोध गरेको।

आत्मसमर्पण, कारागार र सुरक्षाको प्रश्न

जिल्ला प्रशासन कार्यालय नुवाकोटमा आत्मसमर्पण गर्न आएका कविलास "गाउँ जनसरकार" का प्रमुख हितबहादुर सुवेदीलाई माओवादीहरुले अपहरण गरे। सुवेदीले ०५८ मंसिर १९ गते प्रमुख जिल्ला अधिकारीसमक्ष आत्मसमर्पणका लागि निवेदन दिएका थिए। त्यसपछि उनलाई मंसिर २४ गते कार्यालयमा उपस्थिति हुन तारेख दिइएको थियो। तर, २४ गते सुवेदी जिल्ला प्रशासन कार्यालय नपुग्दै माओवादीहरुले अपहरण गरेका कारण उपस्थित हुन सकेनन्।

यस घटनाले पनि सुरक्षाको लागि सरकारले आवश्यक व्यवस्था नमिलाएका कारण आत्मसमर्पण गर्नेहरुको सुरक्षाको प्रश्न गम्भीर रुपमा देखिएको छ।

नेपालका ७५ जिल्ला मध्ये सुनसरी, बारा, अर्घाखाँची, भक्तपुर र धनुषामा जेल नै छैनन्। अधिराज्यभरका ७३ वटा जेलको क्षमता करिब ५ हजार जनाको मात्र छ। सोलुखुम्बु, स्याङ्जा र दाङ्का गरी तीनवटा जेल मंसिर ८ र १० गते माओवादीको आक्रमणले क्षतिग्रस्त भएका छन्। यी घटनाबाट ८५ जना बन्दी क्षमतामा कमी आएको छ। मानवअधिकार वर्ष पुस्तक २००१ का अनुसार सन् २००० मा मुलुकभरिका जेलमा कूल ६ हजार १ सय ८५ बन्दीहरु थिए। त्यसअघि मानवअधिकार वर्ष पुस्तक २००० का अनुसार, सन् १९९९ मा ६ हजार ३ सय १८ जना बन्दीहरु रहेका थिए। यस तथ्यबाट पनि नेपालका जेलहरुमा क्षमताभन्दा बढी बन्दी रहँदै आएको तथ्य छर्लङ्ग हुन्छ।

सरकारका सुरक्षा निकायहरुले गिरङ्गतार गरेकाहरुको संख्या करिब ३ हजार पुगेको कुरा सरकारद्वारा सार्वजनिक भैसकेको छ। आत्मसमर्पण गर्ने र माओवादीद्वारा गठित जनसरकारबाट राजीनामा दिने पदाधिकारीलाई जेलमा राखेर सुरक्षा दिने अवस्था छैन। यस विषयमा सरकारले अन्य विशेष व्यवस्था गरेको पनि जानकारीमा आएको छैन। उनीहरु माओवादीबाट असुरक्षित भएका घटना समेत सार्वजनिक भैसकेका छन्।

घाइतेहरुको उपचारको प्रश्न

रामेछाप, जाजरकोट, रोल्पा, प्युठान, सल्यान र गोरखा जिल्लाका केही क्षेत्रमा सेनाद्वारा हेलिकप्टर "गनसिप"बाट हवाई आक्रमण गरिँदै आएको कुरा रक्षा मन्त्रालयले जनाएको छ। ०५८ मंसिर १६ गते रक्षा मन्त्रालयद्वारा जारी विज्ञप्तिमा १५ गते रोल्पा र जाजरकोटमा माओवादीहरु ठूलो संख्यामा हताहत भएको कुरा उल्लेखित छ। रक्षा मन्त्रालयको विज्ञप्तिमा सेनाले माओवादीका विरुद्ध हेलिकप्टरबाट बम समेत प्रहार गरेको कुरा उल्लेखित छ।

माओवादी नियन्त्रणका लागि हेलिकप्टर आक्रमण सजिलो र प्रभावकारी हुने कुरा श्री ५ को सरकारका प्रवक्ता एवं सूचना तथा संचार मन्त्री जयप्रकाश गुप्ताले मंसिर २१ गतेको पत्रकार भेटघाटका क्रममा बताउनु भयो। यसैक्रममा ०५८ मंसिर २६ गते भारत सरकारद्वारा सहयोगस्वरुप दिइएको २ वटा "चिता" हेलिकप्टर काठमाण्डौ आइपुगेका छन्। ती हेलिकप्टरहरु *नाइट भिजन सिस्टम* र *एसएलआर* जडित छन्।

सेनाले माओवादी विरुद्ध "लङ्रेन्ज" फायरिङ्ग गरिरहेको छ। ०५८ मंसिर २१ गतेसम्म गैरसैनिक १२-१३ जना मात्र घाइते भएको जानकारी सरकारले दिएको थियो। तर, घाइतेहरुको उपचार व्यवस्थाका बारेमा भने बताइएको छैन। त्यसैगरी ०५८ पुस २ गते प्रधान सेनापति महारथि प्रज्ज्वल्ल शमशेर जबराले नेपाल टेलिभिजनबाट प्रशारित "दिशा निर्देश" कार्यक्रममा दिनुभएको अन्तर्वातामा ५८ जना सैनिक घाइते भएको कुरा बताउनु भएको थियो। ०५८ मंसिर ८ गतेयता दाङ, स्याङ्जा, सोलुखुम्बु, रोल्पा, सल्यान, प्युठान, वाग्लुङ लगायत्का जिल्लामा सुरक्षाकर्मी र माओवादीबीच भएको भीडन्तका क्रममा माओवादी पक्षतर्फ ठूलो संख्यामा हताहत तथा घाइते भएको तर संख्या भने यकिन हुन नसकेको कुरा रक्षा मन्त्रालयले विज्ञप्तिमार्फत् सार्वजनिक गर्दै आएको छ।

सुरक्षाकर्मी र माओवादीबीच खोज र भीडन्तका क्रममा माओवादीतर्फ घाइते भएकामध्ये ०५८ मंसिर १० गते सोलुखुम्बुबाट १ जना, मंसिर १५ गते वाग्लुङबाट १ जना, ०५८ मंसिर १७ गते स्याङ्जाबाट १ जना र मंसिर २४ गते सल्यानबाट १ जनालाई सरकारद्वारा विभिन्न अस्पतालमा उपचारार्थ भर्ना गरिएको थियो।

नेपालको अत्यन्त सुगम र विकसित शहर विराटनगरस्थित कोशी अञ्चल अस्पतालको रक्त संचार सेवा केन्द्रमा मंसिर ६ गतेदेखि १५ गतेसम्म एक पिन्ट रगत उपलब्ध नभएको कुरा सरकारी अखबार गोरखापत्र दैनिकको ०५८ मंसिर १६ गतेको अंकमा प्रकाशित एक समाचारमा उल्लेख गरिएको छ। चार जना चिकित्सकको दरबन्दी रहेको सुनसरी जिल्ला अस्पतालमा एक जना पनि चिकित्सक छैनन्। सुनसरी, मोरङ लगायत्का जिल्लाहरुमा माओवादी र सैनिकबीच ठाउँ-ठाउँमा भीडन्त भइरहेको समाचारहरुमा जनाइएको छ।

माओवादीको प्रभाव क्षेत्र भनिएका सिन्धुली, पाँचथर, ताप्लेजुङ आदि जिल्लास्थित अस्पताल र सिन्धुपाल्चोकको चौतारास्थित हेल्थपोष्टमा एक जना पनि चिकित्सक छैनन्। रोल्पा, रुकुम, सल्यान, जाजरकोट आदि जिल्लाका अस्पतालहरुमा न त दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरु नै छन् न अन्य साधन, स्रोत नै पर्याप्त छ। रोल्पाको खुमेलमा ०५८ मंसिर १५ गते सेनाले हेलिकप्टरबाट गोली प्रहार गर्दा घाइते भएकाहरुले २-३ दिनसम्म पनि उपचार नपाएको तीतो यथार्थ पुनः नदोहोरियोस् भन्नेतर्फ सचेत हुनु आवश्यक देखिन्छ।

यसैक्रममा ०५८ मंसिर २२ गते स्वास्थ्य मन्त्रीको अध्यक्षतामा गठित स्वास्थ्य व्यवस्था समितिले सैनिक कारवाहीका क्रममा घाइते भएकाहरुको उपचारको विशेष व्यवस्था गर्ने निर्णय गरेको थियो। तर, सो निर्णय गरिएयता के कति जना र को-को घाइतेहरुलाई उपचारार्थ अस्पतालमा भर्ना गरिएको छ र कुन-कुन जिल्लामा स्वास्थ्यकर्मी र औषधीको के कस्तो व्यवस्था गरिएको छ भन्ने सम्बन्धमा समितिले कुनै सार्वजनिक जानकारी दिएको छैन।

द्रष्टव्य : संघर्षमा भाग लिने पक्षहरूले आफूले कब्जा गरेका घाइते र विरामीहरूलाई एकत्रित गरेर राख्नु र तिनीहरूको हेरविचार गर्नुपर्दछ।
- जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरु सम्बन्धी आधारभूत नियमहरुको सारांश नं. ३

राज्यद्वारा मारिएकाहरूको संख्या (०५८ मंसिर १० गते - पुस १६ गते सम्म)

मिति	जिल्ला	घटनाको प्रकार	पीडित	पीडित संख्या	जानकारीको स्रोत
०५८/८/१०	सोलुखुम्बु	गोलीद्वारा हत्या	माओवादी	२००	सरकार
०५८/८/११	रोल्पा	गोलीद्वारा हत्या	माओवादी	५०	सरकार
०५८/८/११	सल्यान	गोलीद्वारा हत्या	माओवादी	७०	सरकार
०५८/८/११	सोलुखुम्बु	गोलीद्वारा हत्या	विधार्थी	१	इन्सेक
०५८/८/११	दार्चुला	गोलीद्वारा हत्या	माओवादी	१२	सरकार
०५८/८/१२	तेह्रथुम	गोलीद्वारा हत्या	कामदार	१	इन्सेक
०५८/८/१२	रोल्पा	गोलीद्वारा हत्या	माओवादी	२२	सरकार
०५८/८/१२	प्यूठान	गोलीद्वारा हत्या	माओवादी	७	सरकार
०५८/८/१३	दाङ	गोलीद्वारा हत्या	कृषक	११	इन्सेक
०५८/८/१३	सल्यान	गोलीद्वारा हत्या	माओवादी, सर्वसाधारण र सरकारी कर्मचारी	१३	इन्सेक
०५८/८/१३	रोल्पा	गोलीद्वारा हत्या	सर्वसाधारण	५	इन्सेक
०५८/८/१३	दाङ	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/१६	मकवानपुर	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/१६	नवलपरासी	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/१६	रोल्पा	गोलीद्वारा हत्या	माओवादी भनिएको	३७	सरकार
०५८/८/१७	कैलाली	गोलीद्वारा हत्या	माओवादी भनिएको	३	सरकार
०५८/८/१९	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/८/१९	सिन्धुपाल्चोक	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/१९	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/८/२०	सुनसरी	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/८/२१	धनुषा	गोलीद्वारा हत्या	सर्वसाधारण	३	इन्सेक
०५८/८/२२	बर्दिया	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/२३	सिराहा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/८/२३	मोरङ	गोलीद्वारा हत्या	माओवादी भनिएको	३	इन्सेक
०५८/८/२३	नुवाकोट	गोलीद्वारा हत्या	सर्वसाधारण	२	इन्सेक
०५८/८/२३	बर्दिया	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/२४	रोल्पा	गोलीद्वारा हत्या	माओवादी भनिएको	६०	सरकार
०५८/८/२४	कैलाली	गोलीद्वारा हत्या	माओवादी भनिएको	११	सरकार
०५८/८/२४	सल्यान	गोलीद्वारा हत्या	माओवादी भनिएको	११	सरकार
०५८/८/२५	बैतडी	गोलीद्वारा हत्या	माओवादी भनिएको	५	सरकार
०५८/८/२५	दाङ	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/२६	सल्यान	गोलीद्वारा हत्या	माओवादी भनिएको	३	सरकार
०५८/८/२७	दोलखा	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक

मिति	जिल्ला	घटनाको प्रकार	पीडित	पीडित संख्या	जानकारीको स्रोत
०५८/८/२९	तेह्रथुम	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/१	बर्दिया	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/९/२	रोल्पा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/२	सुर्खेत	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/३	मुगु	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/३	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/३	सल्यान	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/४	डोटी	गोलीद्वारा हत्या	माओवादी भनिएको	२	सरकार
०५८/९/४	पाल्पा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/५	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	३	इन्सेक
०५८/९/६	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	२	इन्सेक
०५८/९/८	कैलाली	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/८	रुकुम	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/८	लमजुङ	गोलीद्वारा हत्या	कामदार	१	इन्सेक
०५८/९/९	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/१०	सोलुखुम्बु	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/१०	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१०	कैलाली	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१०	बर्दिया	गोलीद्वारा हत्या	माओवादी भनिएको	३	सरकार
०५८/९/११	स्याङ्जा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१२	सोलुखुम्बु	गोलीद्वारा हत्या	माओवादी भनिएको	२	सरकार
०५८/९/१२	मकवानपुर	गोलीद्वारा हत्या	सरकारी कर्मचारी	१	सरकार
०५८/९/१२	गोरखा	गोलीद्वारा हत्या	सर्वसाधारण	१	सरकार
०५८/९/१२	जुम्ला	गोलीद्वारा हत्या	माओवादी भनिएको	२	इन्सेक
०५८/९/१३	डडेल्धुरा	गोलीद्वारा हत्या	माओवादी भनिएको	६	सरकार
०५८/९/१३	सर्लाही	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१३	धनुषा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/१४	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	४	सरकार
०५८/९/१४	रोल्पा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१४	सप्तरी	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	इन्सेक
०५८/९/१४	काभ्रे	गोलीद्वारा हत्या	माओवादी भनिएको	२	सरकार
०५८/९/१४	कैलाली	गोलीद्वारा हत्या	माओवादी भनिएको	५	सरकार
०५८/९/१४	सोलुखुम्बु	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१४	रसुवा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१५	बाँके	गोलीद्वारा हत्या	माओवादी भनिएको	९	सरकार
०५८/९/१५	गोरखा	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१५	कैलाली	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
०५८/९/१६	बझाङ	गोलीद्वारा हत्या	माओवादी भनिएको	१	सरकार
	जम्मा			६०९	

माओवादीद्वारा मारिएकाहरूको संख्या (०५८ मंसिर १० गते - पुस १६ गते सम्म)

मिति	जिल्ला	घटनाको प्रकार	पीडित	पीडित संख्या	जानकारीको स्रोत
०५८/८/८	दाङ	गोलीद्वारा हत्या	प्रहरी र सेना	२३	इन्सेक
०५८/८/८	दाङ	गोलीद्वारा हत्या	सर्वसाधारण	२	इन्सेक
०५८/८/८	स्याङ्जा	गोलीद्वारा हत्या	विधार्थी	१	इन्सेक
०५८/८/९	दाङ	गोलीद्वारा हत्या	प्रहरी	१४	इन्सेक
०५८/८/९	सुर्खेत	एमबुसमा मारिएको	प्रहरी	४	इन्सेक
०५८/८/९	सुर्खेत	एमबुसमा मारिएको	कामदार	१	इन्सेक
०५८/८/९	उदयपुर	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/८/१०	सोलुखुम्बु	हत्या	प्रहरी, सेना र सरकारी कर्मचारी	३५	इन्सेक
०५८/८/१०	गोरखा	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/८/१०	सुनसरी	बम विस्फोटमा मारिएको	माओवादी	२	इन्सेक
०५८/८/१०	सुनसरी	बम विस्फोटमा मारिएको	विधार्थी	१	इन्सेक
०५८/८/११	कन्चनपुर	हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/११	प्यूठान	एमबुसमा मारिएको	सैनिक	२	इन्सेक
०५८/८/१२	दार्चुला	गोलीद्वारा हत्या	प्रहरी	७	इन्सेक
०५८/८/१२	सिन्धुपाल्चोक	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/८/१६	डोल्पा	हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/१७	स्याङ्जा	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/८/१९	ललितपुर	हत्या	कामदार	३	इन्सेक
०५८/८/१९	रौतहट	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/८/२०	ताप्लेजुङ	हत्या	विधार्थी	१	इन्सेक
०५८/८/२१	कास्की	गोलीद्वारा हत्या	प्रहरी	२	इन्सेक
०५८/८/२३	नुवाकोट	गोलीद्वारा हत्या	भुतपूर्व सैनिक	१	इन्सेक
०५८/८/२४	रोल्पा	गोलीद्वारा हत्या	सैनिक	४	सरकारी
०५८/८/२४	स्याङ्जा	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/८/२४	सल्यान	गोलीद्वारा हत्या	सैनिक	२	सरकारी
०५८/८/२४	इलाम	हत्या	सर्वसाधारण	२	इन्सेक
०५८/८/२७	दाङ	बम विस्फोटमा मारिएको	सर्वसाधारण	५	इन्सेक
०५८/८/२७	दाङ	बम विस्फोटमा मारिएको	माओवादी	१	इन्सेक
०५८/८/३०	दैलेख	हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/८/३०	काठमाण्डु	गोलीद्वारा हत्या	कामदार	१	सरकारी
०५८/९/१	कैलाली	हत्या	सर्वसाधारण	१	सरकारी
०५८/९/१	दोलखा	गोलीद्वारा हत्या (दुर्घटनावश)	शिक्षक	१	इन्सेक
०५८/९/१	सोलुखुम्बु	गोलीद्वारा हत्या	सैनिक	१	इन्सेक
०५८/९/२	गोरखा	हत्या	शिक्षक	१	इन्सेक

मिति	जिल्ला	घटनाको प्रकार	पीडित	पीडित संख्या	जानकारीको स्रोत
०५८/९/२	गोरखा	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/९/४	गोरखा	एमबुसमा मारिएको	सैनिक	२	सरकारी
०५८/९/४	काठमाण्डु	हत्या	राजनीतिक कार्यकर्ता	१	सरकारी
०५८/९/५	गोरखा	हत्या	शिक्षक	१	इन्सेक
०५८/९/७	कालीकोट	हत्या	राजनीतिक कार्यकर्ता	१	नेकपा (एमाले)
०५८/९/७	बर्दिया	गोलीद्वारा हत्या	प्रहरी	१	इन्सेक
०५८/९/८	लमजुङ	एमबुसमा मारिएको	सैनिक	३	सरकारी
०५८/९/९	बाँके	हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/९/९	रौतहट	गोलीद्वारा हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/९/११	सिन्धुपाल्चोक	गोलीद्वारा हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/९/११	रुकुम	एम्बुसमा मारिएको	सर्वसाधारण	३	सरकारी
०५८/९/११	तनहुँ	एम्बुसमा मारिएको	सर्वसाधारण	१	सरकारी
०५८/९/११	बाग्लुङ	गोलीद्वारा हत्या	सर्वसाधारण	३	समाचारपत्र दैनिक
०५८/९/१२	कास्की	गोलीद्वारा हत्या	राजनीतिक कार्यकर्ता	१	इन्सेक
०५८/९/१२	डडेल्धुरा	हत्या	सर्वसाधारण	१	सरकारी
०५८/९/१३	बाग्लुङ	गोलीद्वारा हत्या	सर्वसाधारण	१	समाचारपत्र पत्रहरु
०५८/९/१४	नुवाकोट	गोलीद्वारा हत्या	सर्वसाधारण	१	इन्सेक
०५८/९/१५	नुवाकोट	हत्या	शिक्षक	१	इन्सेक
०५८/९/१५	दैलेख	हत्या	राजनीतिक कार्यकर्ता	१	सरकारी
०५८/९/१६	-	-	-	-	-
	जम्मा			१५३	

पर्वत जिल्लामा आत्मसमर्पण

(०५८ मंसिर १८ - ०५८ पुस ९ गतेसम्म)

उल्लेखित मितिमा पर्वत जिल्ला प्रशासन कार्यालयमा माओवादी गतिविधिमा संलग्न २ सय १५ जनाले आत्मसमर्पण गरे। जसमध्ये १ सय ३९ जना १८ वर्षमुनिका र ७६ जना सोभन्दा माथिको उमेरका छन्। यसरी आत्मसमर्पणकारीहरूमध्ये बालबालिकाहरू अत्याधिक रहेको प्रष्ट हुन्छ।



संकटकालीन अवस्थामा पत्राउ पर्नेहरूको संख्या

मिति	जिल्ला	संख्या	स्रोत	मिति	जिल्ला	संख्या	स्रोत
०५८/८/२० सम्म		२६०	सरकारी संचार माध्यम	०५८/८/३०	मोरङ	४	गोरखापत्र, पुष १ गते
०५८/८/२१	भक्तपुर	४	रासस, मंसिर २२ गते	०५८/८/३०	चितवन	७	गोरखापत्र, पुष १ गते
०५८/८/२१	सुनसरी	५	रासस, मंसिर २२ गते	०५८/८/३०	अर्घाखाँची	२	गोरखापत्र, पुष १ गते
०५८/८/२१	स्याङ्जा	२	रासस, मंसिर २२ गते	०५८/८/३०	स्याङ्जा	१	गोरखापत्र, पुष १ गते
०५८/८/२१	तनहुँ	१०	रासस, मंसिर २२ गते	०५८/८/३०	सुनसरी	९	गोरखापत्र, पुष १ गते
०५८/८/२१	बाग्लुङ	४	रासस, मंसिर २२ गते	०५८/९/२	रौतहट	७	गोरखापत्र, पुष ३ गते
०५८/८/२१	पर्वत	३	रासस, मंसिर २२ गते	०५८/९/२	बारा	३	गोरखापत्र, पुष ३ गते
०५८/८/२१	गोरखा	२	रासस, मंसिर २२ गते	०५८/९/२	महोत्तरी	२	गोरखापत्र, पुष ३ गते
०५८/८/२३	रोल्पा	४०	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	चितवन	१८	गोरखापत्र, पुष ५ गते
०५८/८/२३	नुवाकोट	२५	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	गोरखा	१०	गोरखापत्र, पुष ५ गते
०५८/८/२३	बाजुरा	६	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	कपिलवस्तु	५	गोरखापत्र, पुष ५ गते
०५८/८/२३	काठमाण्डौं	४	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	कैलाली	४	गोरखापत्र, पुष ५ गते
०५८/८/२३	बाँके	७	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	मकवानपुर	३८	गोरखापत्र, पुष ५ गते
०५८/८/२३	बर्दिया	२	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	दाङ	२	गोरखापत्र, पुष ५ गते
०५८/८/२४	बैतडी	२	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	बैतडी	२	गोरखापत्र, पुष ५ गते
०५८/८/२४	रुकुम	२६	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	डडेल्धुरा	४	गोरखापत्र, पुष ५ गते
०५८/८/२४	बाग्लुङ	३	गोरखापत्र, मंसिर २६ गते	०५८/९/४	महोत्तरी	५	गोरखापत्र, पुष ५ गते
०५८/८/२४	लमजुङ	५	गोरखापत्र, मंसिर २६ गते	०५८/९/५	डोटी	३	गोरखापत्र, पुष ६ गते
०५८/८/२४	कैलाली	६	गोरखापत्र, मंसिर २६ गते	०५८/९/५	तनहुँ	५	गोरखापत्र, पुष ६ गते
०५८/८/२४	हुम्ला	१	गोरखापत्र, मंसिर २६ गते	०५८/९/५	नुवाकोट	७	गोरखापत्र, पुष ६ गते
०५८/८/२४	चितवन	३	गोरखापत्र, मंसिर २६ गते	०५८/९/५	भक्तपुर	२	गोरखापत्र, पुष ६ गते
०५८/८/२५	कपिलवस्तु	४	गोरखापत्र, मंसिर २७ गते	०५८/९/५	कास्की	१	गोरखापत्र, पुष ६ गते
०५८/८/२५	रोल्पा	४	गोरखापत्र, मंसिर २७ गते	०५८/९/५	जुम्ला	४	गोरखापत्र, पुष ६ गते
०५८/८/२५	नुवाकोट	४	गोरखापत्र, मंसिर २७ गते	०५८/९/५	स्याङ्जा	१	गोरखापत्र, पुष ६ गते
०५८/८/२६	म्याग्दी	५	रासस, मंसिर २७ गते	०५८/९/५	पर्वत	६	गोरखापत्र, पुष ६ गते
०५८/८/२६	काभ्रे	८	रासस, मंसिर २७ गते	०५८/९/५	डडेल्धुरा	१	गोरखापत्र, पुष ६ गते
०५८/८/२६	रोल्पा	७	रासस, मंसिर २७ गते	०५८/९/५	कन्चनपुर	२	गोरखापत्र, पुष ६ गते
०५८/८/२७	बझाङ्ग	४	गोरखापत्र, मंसिर २९ गते	०५८/९/५	काठमाण्डौ	३	गोरखापत्र, पुष ६ गते
०५८/८/२७	ओखलढुङ्गा	२	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	धाडिङ	७	गोरखापत्र, पुष ७ गते
०५८/८/२७	रोल्पा	१५	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	मकवानपुर	५	गोरखापत्र, पुष ७ गते
०५८/८/२७	कास्की	१	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	सर्लाही	३	गोरखापत्र, पुष ७ गते
०५८/८/२७	चितवन	१	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	धनकुटा	२	गोरखापत्र, पुष ७ गते
०५८/८/२७	दार्चुला	१	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	काठमाण्डौ	३	गोरखापत्र, पुष ७ गते
०५८/८/२९	मकवानपुर	५	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	गुल्मी	१	गोरखापत्र, पुष ७ गते
०५८/८/२९	डोल्पा	१२	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	पाँचथर	४	गोरखापत्र, पुष ७ गते
०५८/८/२९	कन्चनपुर	६	गोरखापत्र, मंसिर २९ गते	०५८/९/६	नवलपरासी	६	गोरखापत्र, पुष ७ गते
०५८/८/३०	डडेल्धुरा	४	गोरखापत्र, मंसिर २९ गते	०५८/९/७	धनुषा	१२	स्पेसटाइम, पुस ८ गते
०५८/८/२९	कन्चनपुर	५	गोरखापत्र, मंसिर २९ गते	०५८/९/७	सिन्धुपाल्चोक	७४	गोरखापत्र, पुष ८ गते
०५८/८/२९	गोरखा	४	गोरखापत्र, मंसिर २९ गते	०५८/९/७	दाङ	९	गोरखापत्र, पुष ८ गते
०५८/८/३०	धनुषा	१६	गोरखापत्र, पुष १ गते	०५८/९/७	काठमाण्डौ	८	गोरखापत्र, पुष ८ गते
०५८/८/३०	म्याग्दी	२	गोरखापत्र, पुष १ गते	०५८/९/७	दार्चुला	३	गोरखापत्र, पुष ८ गते
०५८/८/३०	भक्तपुर	२१	गोरखापत्र, पुष १ गते	०५८/९/७	डडेल्धुरा	२	गोरखापत्र, पुष ८ गते
०५८/८/३०	गोरखा	४	गोरखापत्र, पुष १ गते	०५८/९/७	दोलखा	१	गोरखापत्र, पुष ८ गते

मिति	जिल्ला	संख्या	स्रोत	मिति	जिल्ला	संख्या	स्रोत
०५८/९/७	सर्लाही	१	गोरखापत्र, पुष ८ गते	०५८/९/१३	रोल्पा	४	राजधानी दैनिक, पुस १४ गते
०५८/९/७	सुनसरी	१	गोरखापत्र, पुष ८ गते	०५८/९/१३	सुर्खेत	१	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	कैलाली	२८	गोरखापत्र, पुष १० गते	०५८/९/१३	काठमाण्डौ	१	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	दार्चुला	४	गोरखापत्र, पुष १० गते	०५८/९/१३	मुस्ताङ	४	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	सुनसरी	४	गोरखापत्र, पुष १० गते	०५८/९/१३	गोरखा	३	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	मकवानपुर	२	गोरखापत्र, पुष १० गते	०५८/९/१३	चितवन	१	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	गोरखा	२	गोरखापत्र, पुष १० गते	०५८/९/१३	झापा	९	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	बाग्लुङ	२	गोरखापत्र, पुष १० गते	०५८/९/१३	नुवाकोट	६	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	रोल्पा	१	गोरखापत्र, पुष १० गते	०५८/९/१३	स्याङ्जा	५	राजधानी दैनिक, पुस १४ गते
०५८/९/९	धनुषा	३	गोरखापत्र, पुष १० गते	०५८/९/१४	प्यूठान	२	समाचारपत्र, पुस १५ गते
०५८/९/१०	बाग्लुङ	३	गोरखापत्र, पुष ११ गते	०५८/९/१४	चितवन	८	समाचारपत्र, पुस १५ गते
०५८/९/१०	सोलुखुम्बु	१	गोरखापत्र, पुष ११ गते	०५८/९/१४	स्याङ्जा	१	समाचारपत्र, पुस १५ गते
०५८/९/१०	रोल्पा	१	गोरखापत्र, पुष ११ गते	०५८/९/१४	सुनसरी	७	समाचारपत्र, पुस १५ गते
०५८/९/१०	मकवानपुर	१	गोरखापत्र, पुष ११ गते	०५८/९/१४	संखुवासभा	९	समाचारपत्र, पुस १५ गते
०५८/९/१०	अर्घाखाँची	२	गोरखापत्र, पुष ११ गते	०५८/९/१४	दोलखा	४	समाचारपत्र, पुस १५ गते
०५८/९/१०	दाङ	१४	गोरखापत्र, पुष ११ गते	०५८/९/१४	काभ्रे	१२	गोरखापत्र, पुस १६गते
०५८/९/११	काठमाण्डौ	१९	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	सोलुखुम्बु	१	गोरखापत्र, पुस १६गते
०५८/९/११	बाँके	१४	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	पर्वत	१	गोरखापत्र, पुस १६गते
०५८/९/११	पर्सा	६	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	अर्घाखाँची	२	गोरखापत्र, पुस १६गते
०५८/९/११	चितवन	५	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	ताप्लेजुङ	११	गोरखापत्र, पुस १६गते
०५८/९/११	गुल्मी	५	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	मकवानपुर	३	गोरखापत्र, पुस १६गते
०५८/९/११	कपीलबस्तु	२	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	धादिङ	४	गोरखापत्र, पुस १६गते
०५८/९/११	पर्वत	३	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	कास्की	४	गोरखापत्र, पुस १६गते
०५८/९/११	कास्की	२	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	काठमाण्डौ	४	गोरखापत्र, पुस १६गते
०५८/९/११	सल्यान	१	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	भक्तपुर	८	गोरखापत्र, पुस १६गते
०५८/९/११	भक्तपुर	१	गोरखापत्र, पुष १२ गते	०५८/९/१४	कैलाली	१००	स्पेसटाइम, पुस १६ गते
०५८/९/११	सोलुखुम्बु	१	गोरखापत्र, पुष १२ गते	०५८/९/१४-सम्म	सप्तरी	५०	इन्सेक, पुस १६ गते
०५८/९/११	डडेल्धुरा	५	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	कैलाली	३	गोरखापत्र, पुस १७गते
०५८/९/११	सोलुखुम्बु	४	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	ताप्लेजुङ	६	गोरखापत्र, पुस १७गते
०५८/९/११	पाल्पा	५	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	रोल्पा	२	गोरखापत्र, पुस १७गते
०५८/९/११	गोरखा	२	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	दाङ	३	गोरखापत्र, पुस १७गते
०५८/९/११	काठमाण्डौ	३	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	काठमाण्डौ	२	गोरखापत्र, पुस १७गते
०५८/९/११	बर्दिया	२	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	स्याङ्जा	१	गोरखापत्र, पुस १७गते
०५८/९/११	झापा	१	गोरखापत्र, पुष १२ गते	०५८/९/१५	सोलुखुम्बु	२	गोरखापत्र, पुस १७गते
०५८/९/११	पर्वत	१	गोरखापत्र, पुष १२ गते	०५८/९/१६	अर्घाखाँची	७	गोरखापत्र, पुस १८ गते
०५८/९/११	सिराहा	१	समाचार माध्यमहरु, पुस १३ गते	०५८/९/१६	लमजुङ	४	गोरखापत्र, पुस १८ गते
०५८/९/११	भोजपुर	१२	समाचार माध्यमहरु, पुस १३ गते	०५८/९/१६	मकवानपुर	३	गोरखापत्र, पुस १८ गते
०५८/९/११	मोरङ	१	समाचार माध्यमहरु, पुस १३ गते	०५८/९/१६	ललितपुर	५	गोरखापत्र, पुस १८ गते
०५८/९/१३	सर्लाही	१६	समाचारपत्र, पुस १४ गते	०५८/९/१६	रोल्पा	२	गोरखापत्र, पुस १८ गते
०५८/९/१३	पाँचथर	४	समाचारपत्र, पुस १४ गते	०५८/९/१६	डडेल्धुरा	३	गोरखापत्र, पुस १८ गते
०५८/९/१३	कैलाली	१९	समाचारपत्र, पुस १४ गते	०५८/९/१६	चितवन	१	गोरखापत्र, पुस १८ गते
०५८/९/१३	इलाम	२९	समाचारपत्र, पुस १४ गते	०५८/९/१६	सर्लाही	१	गोरखापत्र, पुस १८ गते
०५८/९/१३	ललितपुर	१	समाचारपत्र, पुस १४ गते	०५८/९/१६	ताप्लेजुङ	१	गोरखापत्र, पुस १८ गते
०५८/९/१३	बर्दिया	२	राजधानी दैनिक, पुस १४ गते		जम्मा :	१४०४	

आत्मसमर्पण गर्ने माओवादीहरूको संख्या

मिति	जिल्ला	संख्या	सम्बन्धित निकाय	मिति	जिल्ला	संख्या	सम्बन्धित निकाय
०५८/८/१६	जुम्ला	५	जिल्ला प्रशासन कार्यालय	०५८/९/९	कालीकोट	२३	जिल्ला प्रशासन कार्यालय
०५८/८/१६	रौतहट	१	जिल्ला प्रशासन कार्यालय	०५८/९/१० गतेसम्म	बाँके	१०४	जिल्ला प्रशासन कार्यालय
०५८/८/१७	कास्की	४	जिल्ला प्रशासन कार्यालय	०५८/९/१० गतेसम्म	बर्दिया	५४	जिल्ला प्रशासन कार्यालय
०५८/८/१७	संखुवासभा	४५	जिल्ला प्रशासन कार्यालय	०५८/९/१०	काभ्रे	२६१	जिल्ला प्रशासन कार्यालय
०५८/८/१७	डोटी	१	जिल्ला प्रशासन कार्यालय	०५८/९/१०	सुनसरी	८९	जिल्ला प्रशासन कार्यालय
०५८/८/१७	तनहुँ	१	जिल्ला प्रशासन कार्यालय	०५८/९/१०	दैलेख	१२	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	दैलेख	३	जिल्ला प्रशासन कार्यालय	०५८/९/१०	मुगु	१०	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	गोरखा	३	जिल्ला प्रशासन कार्यालय	०५८/९/१०	रौटहट	६	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	मोरङ	३	जिल्ला प्रशासन कार्यालय	०५८/९/१०	खोटाङ	४	जिल्ला प्रशासन कार्यालय
०५८/८/११-२१	रामेछाप	४२८	जिल्ला प्रशासन कार्यालय	०५८/९/११ सम्म	सोलुखुम्बु	२६७	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	बाग्लुङ	३६	जिल्ला प्रशासन कार्यालय	०५८/९/११	खोटाङ	१७	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	दोलखा	६५	जिल्ला प्रशासन कार्यालय	०५८/९/११	भोजपुर	८	जिल्ला प्रशासन कार्यालय
०५८/८/२०	लमजुङ	७	जिल्ला प्रशासन कार्यालय	०५८/९/१२	दोलखा	७	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	धनकुटा	१३	जिल्ला प्रशासन कार्यालय	०५८/९/१२	नुवाकोट	३	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	सुनसरी	७	जिल्ला प्रशासन कार्यालय	०५८/९/१२	म्याग्दी	५	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	दोलखा	७०	प्रेस विज्ञप्ती	०५८/९/१२	पाल्पा	३७	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	म्याग्दी	४	जिल्ला प्रशासन कार्यालय	०५८/९/१२	डोल्पा	१	जिल्ला प्रशासन कार्यालय
०५८/८/१९	धनकुटा	१०६	जिल्ला प्रशासन कार्यालय	०५८/९/१२	दैलेख	५	जिल्ला प्रशासन कार्यालय
०५८/८/११-२१	सिन्धुपाल्चोक	११५	प्रेस विज्ञप्ती	०५८/९/१२	डडेल्धुरा	६	जिल्ला प्रशासन कार्यालय
०५८/८/२१ सम्म	उदयपुर	६१६	जिल्ला प्रहरी कार्यालय	०५८/९/१२	स्याङ्जा	१८	जिल्ला प्रशासन कार्यालय
०५८/८/२१	स्याङजा	४	जिल्ला प्रशासन कार्यालय	०५८/९/१२	कपिलवस्तु	१४	जिल्ला प्रशासन कार्यालय
०५८/८/२१	तनहुँ	८	जिल्ला प्रशासन कार्यालय	०५८/९/१३-सम्म	पर्सा	१०२	जिल्ला प्रशासन कार्यालय
०५८/८/२१ र ३०	सुनसरी	३२	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४-सम्म	म्याग्दी	२२२	जिल्ला प्रशासन कार्यालय
०५८/८/२३	मोरङ	६	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४-सम्म	रसुवा	९७	जिल्ला प्रशासन कार्यालय
०५८/८/२४	दैलेख	३३	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४-सम्म	ताप्लेजुङ	११०	जिल्ला प्रशासन कार्यालय
०५८/८/२७ र				०५८/९/१४-सम्म	पाँचथर	४१	जिल्ला प्रशासन कार्यालय
०५८/९/४	मकवानपुर	९७	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४-सम्म	अर्घाखाँची	२५	जिल्ला प्रशासन कार्यालय
०५८/८/२७	मुगु	६	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४	सिन्धुपाल्चोक	२	जिल्ला प्रशासन कार्यालय
०५८/८/२९	दार्चुला	७	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४	गुल्मी	६	जिल्ला प्रशासन कार्यालय
०५८/९/१	बारा	११	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४	पाल्पा	१६	जिल्ला प्रशासन कार्यालय
०५८/९/२	हुम्ला	१२	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४	दैलेख	३	जिल्ला प्रशासन कार्यालय
०५८/९/३ सम्म	पर्वत	२००	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४	डोल्पा	१	जिल्ला प्रशासन कार्यालय
०५८/९/३	बाग्लुङ	६	जिल्ला प्रशासन कार्यालय	०५८/९/१४	बारा	३	जिल्ला प्रशासन कार्यालय
०५८/९/३	दोलखा	१७७	जिल्ला प्रशासन कार्यालय	०५८/९/१६	ताप्लेजुङ	२	जिल्ला प्रशासन कार्यालय
०५८/९/५	भक्तपुर	४०	जिल्ला प्रशासन कार्यालय	०५८/९/१६	सिन्धुपाल्चोक	१२	जिल्ला प्रशासन कार्यालय
०५८/८/११				०५८/९/१६	मकवानपुर	१२	जिल्ला प्रशासन कार्यालय
०५८/९/६	रामेछाप	३०८	जिल्ला प्रशासन कार्यालय	०५८/९/१६	तनहुँ	२३	जिल्ला प्रशासन कार्यालय
०५८/९/६	दैलेख	१२६	जिल्ला प्रशासन कार्यालय	०५८/९/१६	म्याग्दी	३४	जिल्ला प्रशासन कार्यालय
०५८/९/६	दैलेख	४९६	नेकपा (एमाले) जिल्ला कार्यालय	०५८/९/१६	दैलेख	२	जिल्ला प्रशासन कार्यालय
०५८/९/६	दैलेख	१८	नेपाली काँग्रेस जिल्ला समिति	०५८/९/१६	अछाम	१५	जिल्ला प्रशासन कार्यालय
०५८/९/६	सर्खेत	४४	जारी प्रेस विज्ञप्ति	०५८/९/१६	दार्चुला	२	जिल्ला प्रशासन कार्यालय
०५८/९/८	मोरङ	१३	जिल्ला प्रशासन कार्यालय	०५८/९/१६	सल्यान	३१	जिल्ला प्रशासन कार्यालय
०५८/९/८	बारा	११	जिल्ला प्रशासन कार्यालय		जम्मा	४९००	

संकटकालीन अधिकारसम्बन्धी संवैधानिक व्यवस्था

धारा ११. संकटकालीन अधिकार

(१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबसक्नेछ।

(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो घोषणा वा आदेश भएको मितिले तीन महिनाभित्र अनुमोदनको लागि प्रतिनिधिसभाको वैठकमा पेश गरिनेछ।

(३) उपधारा (२) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश प्रतिनिधिसभाको वैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले ६ महिनासम्म लागू रहनेछ।

(४) उपधारा (२) बमोजिम प्रतिनिधिसभाको वैठकमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वत: निस्क्रिय भएको मानिनेछ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै प्रनिधिसभाको वैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाई बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक छ महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि संकटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ र त्यसरी म्याद बढाएको कुरा सभामुखले श्री ५ मा जाहेर गर्नेछ।

(६) प्रतिनिधिसभा विघटित भएको अवस्थामा उपधारा (२), (३), (४) र (५) को प्रयोजनको लागि प्रतिनिधिसभाको अधिकारको प्रयोग राष्ट्रिय सभाले गर्नेछ।

(७) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सनेछ। त्यसरी जारी भएको आदेश संकटकालीन स्थिति बहाल रहेसम्म कानुन सरह लागू रहनेछ।

(८) श्री ५ बाट उपधारा (१) बमोजिम संकटाकलीन अवस्थाको घोषणा वा आदेश गरिबक्सँदा सो घोषणा बहाल रहेसम्मको लागि यस संविधानको धारा १२ को उपधारा (२) को खण्ड (क), (ख), (घ) र (ङ), धारा १३ को उपधारा (१), धारा १५, १६, १७, २२ र २३ निलम्बन गर्न सकिबक्सनेछ। तर धारा २३ अन्तरगत बन्दी प्रत्यक्षीकरणको उपधारा प्राप्त गर्ने हक निलम्बन गरिनेछैन।

(९) श्री ५ बाट उपधारा (८) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिबक्सेकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिने वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन।

(१०) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुन विपरित वा बदनीयतसाथ कुनै काम गरेबाट कसैलाइ कुनै क्षति भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत क्षतिपूर्तिको दावी गर्न सक्नेछ र दावी मनासिव ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ।

(११) श्री ५ बाट उपधारा (१) बमोजिम गरिएको संकटकालीन अवस्थाको घोषणा वा आदेश सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत पनि फिर्ता लिन सकिबक्सनेछ।

(बाट : नेपाल अधिराज्यको संविधान, ०४७)

संकटकालीन स्थितिको घोषणापछि निलम्बन भएका मौलिक हकहरू

धारा १२. स्वतन्त्रताको हक

उपधारा (२)

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विनाहातहतियार शान्तिपूर्वक संकलन हुने स्वतन्त्रता, र

(घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता।

धारा १३. छापाखाना र पत्रपत्रिकासम्बन्धी हक

उपधारा (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबनध लगाइने छैन।

धारा १५. निवारक नजरबन्द विरुद्धको हक

(१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन।

(२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुन विपरित वा बदनीयतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द र हेको व्यक्तिले कानुनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउनेछ।

धारा १६. सूचनाको हक

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर यस धारामा लेखिएको कुनै कुराले कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन।

धारा १७. सम्पत्तिको हक

(१) सबै नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

(२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन।

(३) सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा दिनु पर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानुनद्वारा निर्धारित गरिए बमोजिम हुनेछ।

धारा २२. गोपनीयताको हक

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रमय हुनेछ।

धारा २३. संवैधानिक उपचारको हक

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कार्वाही चलाउन पाउने हक सुरक्षित गरिएको छ।

(बाट : नेपाल अधिराज्यको संविधान, २०४७)

आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको अध्यादेश

श्री ५ को सरकार

कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको अध्यादेश नं. १

आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना

नेपाल अधिराज्यमा शान्ति र व्यवस्था कायम राख्न तथा सर्वसाधारण जनताको सुरक्षा गर्नको निमित्त आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस अध्यादेशको नाम ***"आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८"*** रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा -

(क) "हातहतियार" भन्नाले राइफल, बन्दुक, तोप, पिस्तोल, रिभल्भर वा त्यस्तै अन्य कुनै प्रकारका साधन वा यन्त्र वा भाला, चक्कु, खुकुरी वा मुढा वा धार भएको वा नभएको अन्य जोखिमी हतियार सम्झनुपर्छ र सो शब्दले लाठा, ढुंगासमेतलाई जनाउँछ।

(ख) "खरखजाना" भन्नाले धुमिका संकेत (फग सिग्नल), फ्युज, बारुद, केप, गोला, छर्रा, पड्काउने वस्तु (डिटोनेटर), कार्तुस र यस्तै किसिमका अन्य खरखजाना सम्झनुपर्छ।

(ग) "बम" भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित आफैं वा अन्य कुनै साधनद्वारा विस्फोट हुने गरी बनाइएको सैनिक वा गैरसैनिक प्रयोगमा आउने ग्रिनेड वा अन्य कुनै प्रकारको विस्फोटक पदार्थयुक्त अस्त्र वा विस्फोटन हुने वा गराउने जुनसुकै प्रकारको पदार्थ सम्झनु पर्छ।

(घ) "विस्फोटक पदार्थ" भन्नाले पड्की क्षति पुऱ्याउने टीएनटी, एमाटोल, बारोटोल, पेन्टोलाइट, आरडीएक्स, टोरपेकस, प्लास्टिक एक्स्प्लोसिभ, डाइनामाइट, बारुद, नाइट्रो ग्लिसिरिन, जेलेग्नाइट, स्टेमाइट, सेल्साइट, गनकटन, ब्लास्टिङ पाउडर, पारो (मर्करी) वा अरु धातुको फुल्युनेट र सोही सरह भए वा नभए तापनि विस्फोटनद्वारा असर गर्ने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरु जुनसुकै पदार्थ सम्झनु पर्छ।

(ङ) "विषालु पदार्थ" भन्नाले कुनै पनि प्रकारको विष वा त्यस्तो विष मिसाइएको ठोस वा तरल पदार्थ सम्झनु पर्छ र सो शब्दले जुनसुकै प्रकारको विषालु धुँवा वा ग्याँसलाई समेत जनाउँछ।

(च) "सुरक्षाकर्मी" भन्नाले प्रहरी वा सशस्त्र प्रहरी वा शाही नेपाली सेना वा श्री ५ को सरकारले आतंककारी तथा विध्वंसात्मक कार्य रोकथाम तथा नियन्त्रणको काममा खटाएको व्यक्ति सम्झनु पर्छ।

(छ) "आतंककारी तथा विध्वंसात्मक कार्य" भन्नाले दफा ३ मा उल्लिखित आतंककारी तथा विध्वंसात्मक कार्य सम्झनु पर्छ।

(ज) "आतंककारी" भन्नाले दफा ३ बमोजिमको आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूह सम्झनु पर्छ।

(झ) "मतियार" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छ :-

(१) आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न कुनै व्यक्ति वा समूहसँगको सम्पर्क वा संलग्नतामा रहेको व्यक्ति,

(२) आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई कुनै सूचना दिने वा सूचना दिन सहयोग पुऱ्याउने वा आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहको सूचना प्रवाह गर्ने वा प्रकाशन गर्ने वा वितरण गर्ने व्यक्ति,

(३) आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा आर्थिक वा अन्य कुनै प्रकारको सहयोग गर्ने व्यक्ति।

(ञ) "सम्पत्ति" भन्नाले नेपाल अधिराज्यभित्र वा बाहिरको सरकारी वा सार्वजनिक वा निजी चल-अचल सम्पत्ति सम्झनु पर्छ।

(ट) "सुराकी" भन्नाले आतंककारी तथा विध्वंसात्मक कार्य तथा विस्फोटक पदार्थका सम्बन्धमा सुरक्षाकर्मी तथा श्री ५ को सरकारलाई सूचना दिने वा सूचना दिन मद्दत पुऱ्याउने व्यक्ति सम्झनु पर्छ।

(ठ) "सुरक्षा अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको श्री ५ को सरकारको राजपत्रांकित अधिकृत कर्मचारी सम्झनु पर्छ।

(ड) "आदेश" भन्नाले श्री ५ को सरकार वा सुरक्षा अधिकारीले जारी गरेको आदेश सम्झनु पर्छ।

३. आतंककारी तथा विध्वंसात्मक अपराध :

(१) कसैले देहायको कुनै कार्य गरेमा आतंककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ:

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा नेपाल अधिराज्य वा यसको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्था वा विदेशस्थित नेपाली कूटनीतिक नियोग वा सम्पत्तिको सुरक्षामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम, विस्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी कुनै स्थानको सम्पत्तिमा क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा त्यस्तो योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जीउज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याइ घाइते तुल्याउने कार्य वा आगो लगाउने

वा अन्य कुनै प्रकारले शारीरिक वा मानसिक क्षति पुऱ्याउने कार्य वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जीउज्यान जाने वा अङ्गभङ्ग हुने वा क्षति पुऱ्याउने वा माथि उल्लिखित कुनै कार्य गरी सर्वसाधारण जनता वा आवतजावत गर्ने वा भेला हुने व्यक्तिलाई आतंकित तुल्याउने कुनै कार्य, वा

(ख) खण्ड (क) बमोजिमको उद्देश्यको निमित्त सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतंकित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतंकित तुल्याउने कार्य, वा

(ग) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विस्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, संचय गर्ने, ओसारपसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिंड्ने वा जडान गर्ने वा त्यस्तो कार्यमा सघाउ पुऱ्याउने कार्य, वा

(घ) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यको निमित्त मानिस भेला गराउने, प्रशिक्षण दिने जस्ता कार्य,

(ङ) सार्वजनिक जनजीवनमा भय वा त्रासको वातावरण फैलिने गरी गरिएको अन्य कुनै कार्य,

(च) यस उपदफा बमोजिमको उद्देश्यको निमित्त जबर्जस्ती नगदी वा जिन्सी उठाउने, सम्पत्ति लुटपिट गर्ने कार्य।

(२) कसैले आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्योग वा षडयन्त्र गरेमा वा सो कार्य गर्न कसैलाई दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो कार्य गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा त्यस्तो काम गर्न कुनै गिरोह वा समूह खडा गरेमा वा त्यस्तो काम गर्न गराउन खटन-पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्यको प्रचारप्रसार गरे गराएमा वा सरकारी सञ्चार पद्धतिमा व्यवधान खडा गरेमा वा आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्तिलाई आश्रय दिएमा वा लुकाए छिपाएमा त्यस्तो कार्यलाई समेत आतंककारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको कार्य गर्ने र त्यस्तो कार्य गर्न मद्दत गर्ने व्यक्ति उपर यस अध्यादेशबमोजिम कारवाही तथा सजाय हुनेछ।

४. अध्यादेशको बहिर्क्षेत्रीय प्रयोग

आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले नेपाल अधिराज्य वा नेपाली नागरिक वा नेपाल अधिराज्यको कुनै सम्पत्तिलाई लक्षित गरी त्यस्तो अपराध नेपाल अधिराज्य बाहिर बसी गरेको भए तापनि निजले त्यस्तो अपराध नेपाल अधिराज्यभित्र गरे सरह मानी निजलाई यसै अध्यादेश बमोजिम कारवाही र सजाय हुनेछ।

५. आतंककारी तथा विध्वंसात्मक कार्य रोक्ने विशेष अधिकार

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल अधिराज्यको सबै वा कुनै भागमा र सुरक्षा अधिकारीले आफ्नो क्षेत्रभित्र आतंककारी तथा विध्वंसात्मक अपराध रोक्न देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ :

(क) आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको छ भन्ने शंका लागेको व्यक्तिलाई विना वारेन्ट पक्राउ गर्ने,

(ख) अवैध हातहतियार, खरखजाना, बम वा विस्फोटक पदार्थ राखेको वा आतंककारीसँग सम्बन्धित कुनै शंकास्पद व्यक्ति लुकेछिपेको छ भन्ने शंका लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा विना सूचना जुनसुकै समयमा खानतलासी लिने।

(ग) आतंककारी तथा विध्वंसात्मक कार्य रोक्ने प्रयोजनको लागि कुनै पनि स्थान वा बाटोघाटोमा कसैको जीउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन वा सवारी साधनको खानतलासी लिने,

(घ) खण्ड (क) बमोजिम पक्राउ गर्दा वा खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिँदा वा अन्य कुनै कारवाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ङ) आतंककारी तथा विध्वंसात्मक कार्य गरिरहेको वा गर्ने व्यक्ति भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने।

(च) आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्तिले जबर्जस्ती कब्जा गरी राखेको स्थान वा सवारी साधन वा वायुयान वा पानी जहाज वा अन्य कुनै यातायातको साधन वा त्यस्ता साधनहरुमा बन्धक बनाइ राखेको मानिसलाई छुटाउने क्रममा निजहरुको जीउज्यानमा पर्न सक्ने क्षति, जोखिम वा अन्य नोक्सानीबाट बचाउन आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(छ) कर्तव्यपालनको सिलसिलामा वा काम विशेषले हर्कत गर्दा विना हातहतियार वा हातहतियारसहित कुनै व्यक्ति वा समूहले कुनै सुरक्षाकर्मीउपर आक्रमण गरेको अवस्थामा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ज) कुनै व्यक्ति वा समूहले कुनै स्थान विशेषमा कार्यरत सुरक्षाकर्मीलाई जीउधनमा असर पुऱ्याउने उद्देश्यले कुनै हातहतियार लिई धम्की दिएमा वा धम्की दिने चेष्टा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(झ) कुनै व्यक्ति वा समूहले सुरक्षाकर्मीद्वारा सुरक्षा प्रदान गरिनुपर्ने व्यक्तिहरु वा सुरक्षाकर्मीले सुरक्षा गरिरहेका सर्वसाधारण जनता, सरकारी काममा खटिएका कर्मचारी वा सरकारी सामान वा सुरक्षाकर्मीको जीउज्यानमा असर पुऱ्याउने उद्देश्यले ढुंगामुढा वा अन्य कुनै वस्तु प्रहार गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ञ) हतियारधारी व्यक्ति वा समूहसँग मुठभेड भएमा वा तोकिएको कार्य गर्न लाग्दा सुरक्षाकर्मीलाई विना हातहतियार वा हतियारसहित कुनै व्यक्ति वा समूहले अवरोध खडा गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ट) आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्देश्यले हातहतियार लिई हिंड्ने व्यक्ति वा समूह, हातहतियार भण्डारण गर्ने वा तालिम सञ्चालन गर्ने इलाकामा सुरक्षाकर्मीले आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने,

(ठ) सुरक्षाकर्मीले आवश्यकतानुसार कुनै पनि हतियारधारी व्यक्ति वा समूहसँग रहेको हतियार नियन्त्रणमा लिई आफ्नो जिम्मामा लिने वा हतियारधारीलाई निःशस्त्र पार्ने,

(ड) कुनै पनि शंकास्पद व्यक्ति वा स्थानको निगरानी गर्ने वा आवश्यक परेमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने वा शंकास्पद स्थानको तालाबन्दी वा नाकाबन्दी गर्ने,

(ढ) आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको छ भन्ने शंका लागेको व्यक्तिको बैंक खाता वा राहदानी निश्चित अवधिको लागि रोक्का गर्ने।

६. सम्पत्ति प्राप्त गर्न सक्ने

आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा रोकथामको सिलसिलामा आवश्यक पर्ने निजी वा सरकारी सवारी साधन, खाद्य सामग्री वा अन्य चिज वस्तु वा सम्पत्ति श्री ५ को सरकार वा सुरक्षा अधिकारीले उचित क्षतिपूर्ति दिने गरी वा पछि फिर्ता गर्ने गरी प्राप्त गर्न सक्नेछ।

७. आतंक प्रभावित क्षेत्र तथा आतंककारी घोषणा गर्न सक्ने

(१) श्री ५ को सरकारले आतंककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा प्रभावित हुन सक्ने क्षेत्रलाई आतंक प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित आतंक प्रभावित क्षेत्रमा वा नेपाल अधिराज्यमा संकटकालीन अवस्था घोषणा भएको अवस्थामा श्री ५ को सरकारले विचार अभिव्यक्ति, छापाखाना र प्रकाशन वा नेपाल अधिराज्यको कुनै भागमा आवागमन र सञ्चार व्यवस्थामा नियन्त्रण गर्ने आदेश जारी गर्न सक्नेछ।

(३) यस अध्यादेशअन्तर्गत सजाय हुने अपराधमा संलग्न कुनै व्यक्ति, संघ, संस्था, संगठन वा समूहलाई श्री ५ को सरकारले आतंककारी घोषित गर्न सक्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा स्वतः आतंक प्रभावित क्षेत्र घोषणा भएको मानिनेछ।

८. हातहतियार वा खरखजाना साथमा लिई हिंड्न निषेध गर्न सक्ने :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ बमोजिम घोषित आतंक प्रभावित क्षेत्रमा वा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएकोमा श्री ५ को सरकारले तोकेको समयसम्मका लागि कसैले प्रचलित कानुन बमोजिम लाइसेन्स प्राप्त हातहतियार वा खरखजाना आफ्नो साथमा लिई हिंड्न मनाही गर्ने गरी वा त्यस्तो हातहतियार वा खरखजाना तोकेको अवधिभरका लागि तोकेको स्थानमा जम्मा गर्नुपर्ने गरी आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश उल्लंघन गर्ने व्यक्तिसँग रहेको हातहतियार वा खरखजाना जफत हुनेछ।

९. नजरबन्दमा राख्न सक्ने :

(१) आतंककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई नब्बे दिनसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) मा उल्लिखित अवधिभन्दा बढी अवधि नजरबन्दमा राख्नुपर्ने देखिएमा सुरक्षा अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयको अनुमति लिई अर्को नब्बे दिनसम्म नजरबन्दमा राख्न सक्नेछ।

१०. दण्ड सजाय :

(१) यस अध्यादेश बमोजिम अपराध मानिने कुनै आतंककारी तथा विध्वंसात्मक कार्य गरी कसैको जीउज्यान गएको रहेछ भने त्यस्तो अपराध गर्ने गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई सर्वस्वसहित जन्मकैद हुनेछ।

(२) यस अध्यादेश बमोजिमको अपराध भइसकेको तर कसैको जीउज्यान गएको रहेनछ भने त्यस्तो अपराध गर्ने गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो अपराध गर्न अह्राउने व्यक्तिलाई जन्मकैद हुनेछ।

(३) यस अध्यादेश बमोजिमको अपराध गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा विवश गराएमा वा सो गर्न गराउनका लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा समूह खडा गरेमा वा त्यस्तो कार्य गर्न गराउन खटन-पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, विस्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गरेमा वा राखेमा वा ओसार-पसार वा आयात निर्यात गरेमा वा कुनै प्रकारले लिनुदिनु गरेमा वा प्रचार-प्रसार गरे गराएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई आश्रय दिएमा, लुकाए छिपाएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्राअनुसार पाँच वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।

(४) आतंककारी वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिबाट सम्पत्तिको क्षति भएको रहेछ भने सो क्षति निजको आफ्नो अंश भाग बमोजिम हुने सम्पत्ति जफत गरी त्यसबाट दिलाइ भराइ दिइनेछ। त्यसरी भराइ दिंदा क्षतिपूर्ति दिनुपर्ने रकम निजको सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम वापत प्रचलित कानुन बमोजिम जरिवाना नतिरे सरह गरी हुन आउने अवधिसम्म कैद हुनेछ।

(५) यस अध्यादेश अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ।

(६) दफा ५ को खण्ड (ख) वा (ग) बमोजिम खानतलासी लिंदा कसैले जानीजानी बाधा विरोध गरेमा निजलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

११. थुनामा राखी पुर्पक्ष गरिने

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा यस अध्यादेश बमोजिमको अपराधको अभियोग लागेको अभियुक्तलाई मुद्दाको पुर्पक्ष गर्दा सामान्यतया थुनामा राखी गरिनेछ।

१२. सभा सम्मेलन गर्न र विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्न पाउने

दफा ७ बमोजिम घोषित आतंक प्रभावित क्षेत्रमा वा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा यस अध्यादेशको प्रतिकूल नहुने गरी अन्य प्रयोजनका लागि विना हातहतियार शान्तिपूर्वक सभा सम्मेलन गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न वा नेपाल अधिराज्यको कुनै भागमा आवत-जावत गर्न बाधा पर्नेछैन।

१३. समन्वय समिति :

(१) आफ्नो कार्यक्षेत्रभित्र आतंककारी तथा विध्वंसात्मक कार्य रोक्न वा नियन्त्रण गर्नका लागि शाही नेपाली सेना, नेपाल प्रहरी,

सशस्त्र प्रहरी र आवश्यक अन्य सरकारी निकायको बीच समन्वय कायम गर्न सम्बन्धित क्षेत्रीय प्रशासक वा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र आवश्यक अन्य सरकारी निकायको प्रमुख सदस्य रहेको एक समन्वय समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

१४. जफत हुने :

(१) कसैले यस अध्यादेशबमोजिम सजाय हुने अपराध गरेमा त्यस्तो अपराध गर्नका लागि कुनै सम्पत्ति, उपकरण वा साधन प्रयोग गरेको रहेछ भने सो समेत जफत हुनेछ। तर, त्यस्तो सम्पत्ति, उपकरण वा सवारीसाधन धनीको सहमति विना प्रयोग गरिएको भएमा जफत हुनेछैन।

(२) दफा ३ बमोजिम अपराध मानिने कार्य वा सो कार्यमा सघाउ पुऱ्याउने कार्यका लागि प्रयोग गरिएको प्रचार प्रसारको साधन, हातहतियार, नगदी जिन्सी सबै जफत हुनेछ।

(३) कसैले यस अध्यादेश बमोजिम अपराध मानिने कुनै कार्य नेपाल अधिराज्य बाहिर बसी गरेको ठहरिएमा निजलाई दफा १० बमोजिम हुने सजायको अतिरिक्त नेपाल अधिराज्यभित्र रहेको निजको अंश भागको चल-अचल सम्पत्तिसमेत जफत हुनेछ।

१५. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन :

(१) यस अध्यादेशअन्तर्गतको कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस अध्यादेशअन्तर्गतका मुद्दामा कार्वाही र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिम कार्यविधि अपनाउनेछ।

(३) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ।

१६. सरकारवादी हुने

यस अध्यादेशअन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा परेको मानिनेछ।

१७. विशेष कार्यविधि :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेशअन्तर्गतको आतंककारी तथा विध्वंसात्मक अपराध मानिने कुनै कार्य गर्ने व्यक्ति फेला नपरी फरार भएमा निजलाई गिरफ्तार गर्न सकेसम्म हुलियासमेत खुलाई पन्ध्र दिनको वारेन्ट जारी गर्नुपर्नेछ। सो म्यादभित्र पनि फेला नपरेको वा गिरफ्तार हुन नसकेको व्यक्ति उपर यस अध्यादेश बमोजिम कार्वाही गर्न बाधा पर्ने छैन।

(२) आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने समूहमा कुनै व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मीलाई सुराकीका रुपमा प्रयोग गर्न सकिनेछ र सो व्यक्ति, कर्मचारी वा सुरक्षाकर्मी सो समूहमा लागेको आधारमा निजलाई प्रचलित कानुन बमोजिमको कुनै सजायको भागी बनाइने छैन।

(३) सुराकीको पहिचान गोप्य राखिनेछ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश बमोजिम कार्वाही चलाइएको मुद्दामा मुछिएको अभियुक्तले श्री ५ को सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसँग महत्वपूर्ण कुरा वा सबुद प्रमाण देखाइ दिएमा वा अपराधको वास्तविक नेतृत्व गर्ने मुख्य अपराधी पत्ता लगाउने काममा प्रत्यक्ष सहयोग दिएमा त्यस्तो अभियुक्तलाई सरकारी गवाहका रुपमा कायम गर्न सकिनेछ र त्यसरी सरकारी गवाह गरिएमा निजलाई प्रचलित कानुन बमोजिम कुनै सजाय हुने छैन। तर निजले झुठ्ठा कुरा लेखिदिएमा वा बनावटी प्रमाण पेश गरेमा वा मनासिब कारण नभई रिसइबीले काम गरेको देखिएमा त्यस्तो व्यक्तिलाई अभियुक्त सरह मानी सजायका लागि दाबी भएमा मुद्दा हेर्ने अधिकारीले सजाय गर्न सक्नेछ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश बमोजिमको अपराधमा मुछिएको अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पक्राउ भएको मितिले बढीमा नब्बे दिनसम्म अनुसन्धानका लागि प्रहरी हिरासतमा राख्न सकिनेछ।

१८. सञ्चार साधनमा नियन्त्रण

आतंककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा समूहको चिट्ठी पत्र, टेलिफोन वा फ्याक्स जस्ता सञ्चार साधनमा श्री ५ को सरकारले नियन्त्रण गर्न सक्नेछ।

१९. उपचार खर्च वा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

(१) आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा अनुसन्धान कार्यमा खटिएका सुरक्षाकर्मी वा प्रहरीको अङ्गभङ्ग वा मृत्यु भएमा श्री ५ को सरकारले मनासिब माफिकको उपचार खर्च वा क्षतिपूर्ति दिनेछ।

(२) आतंककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा पीडित व्यक्तिको आवश्यक स्वास्थ्य उपचार तथा त्यस्तो व्यक्तिलाई दिइने राहत सुविधासम्बन्धी व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

२०. असल नियतले गरेकोमा बचाउ

यो अध्यादेश वा यस अध्यादेशअन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कार्वाहीको सम्बन्धमा कुनै अधिकारी वा व्यक्ति सजायको भागी हुनेछैन।

२१. हदम्याद नहुने

यस अध्यादेशअन्तर्गतको मुद्दा दायर गर्ने कुरामा कुनै हदम्याद हुनेछैन।

२२. पुरस्कार दिनसक्ने

आतंककारी वा विध्वंसात्मक कार्य गर्न गराउनमा प्रमुख भूमिका निर्वाह गर्ने व्यक्तिलाई पक्राउ गर्ने वा पक्राउ गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई श्री ५ को सरकारले उचित ठहऱ्याएको पुरस्कार दिन सक्नेछ।

२३. अधिकार प्रत्यायोजन

श्री ५ को सरकारले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार कुनै अधिकारीलाई प्रत्यायोजन गर्न वा प्रत्यायोजन गरेको अधिकार फिर्ता लिनसक्नेछ।

२४. नियम बनाउने अधिकार

यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नका लागि श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२५. बचाउ

यस अध्यादेशमा लेखिए जति कुरामा यसै अध्यादेशबमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

लालमोहर सदर मिति : २०५८/८/११/२

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

(स्रोत : नेपाल राजपत्र, भाग २, खण्ड ५१ अतिरितांक ४८, मिति २०५८/८/११)

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

नेपालले अनुमोदन गरेको मिति : १४ मे १९९१

धारा २

३. यस प्रतिज्ञापत्रका प्रत्येक पक्षराष्ट्रहरु निम्न कुराको प्रतिज्ञा गर्दछन् :

(क) सरकारी हैसियतमा कार्य गर्ने व्यक्तिहरुबाटै उल्लंघन भए तापनि स्वीकार गरिएका आफ्नो अधिकार एवं स्वतन्त्रताहरु उलंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको आफ्नो अधिकार सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अधिकारहरु वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरी पाउने कुरा सुनिश्चित गर्ने तथा न्यायिक उपचारका संभावनाहरु विकसित गर्ने,

(ग) त्यस्ता उपचारहरु प्रदान गरिएका सक्षम अधिकारीहरुले ती उपचारहरु लागू गर्ने कुरा सुनिश्चित गर्ने।

धारा ४

१. राष्ट्रको अस्तित्वमा खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिक रुपमा घोषणा गरिएको समयमा यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरुले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र यस प्रतिज्ञापत्र अन्तरगत आफ्ना दायित्वहरु न्यून गर्ने उपायहरु अबलम्बन गर्न सक्नेछन् तर त्यस्ता उपायहरु अन्तर्राष्ट्रिय कानुन अन्तरगत तिनीहरुका अन्य दायित्वहरुको प्रतिकूल हुनुहुँदैन र जाति, वर्ण, लिंग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा त्यस्ता उपायहरुमा समावेश भएको हुनुहुँदैन।

२. यो व्यवस्था अन्तरगत धारा ६, ७ ८ (प्रकरण १ र २), ११, १५, १६ तथा १८ लाई न्यून गर्न पाइनेछैन।

३. न्यून गर्ने अधिकारको उपयोग गर्ने यस प्रतिज्ञापत्रको कुनै पक्षराष्ट्रहरुले आफूले न्यून गरेका व्यवस्थाहरु त्यसो गर्नु पर्नाको कारणहरुको जानकारी संयुक्त राष्ट्र संघका महासचिवमार्फत् तुरुन्त यस प्रतिज्ञापत्रका अन्य पक्ष राष्ट्रहरुलाई दिइनेछ। आफूले यस्तो न्यूनता अन्त्य गरेको मितिसम्बन्धी अर्को सूचना पनि सोही मध्यवर्तिमार्फत् दिइनेछ।

धारा ६

१. प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार छ। कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रुपले कसैको पनि जीवन हरण गरिने छैन।

२. मत्युदण्डको उन्मूलन नगरेका देशहरुमा यदि गम्भीर अपराधहरुमा अपराध गर्दाको समायमा लागू रहेको कानुनअनुसार र यस प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा आमहत्याको अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धिका व्यवस्थाहरु विपरित नहुनेगरी मृत्युदण्ड दिन सकिनेछ। सक्षम अदालतले गरेको अन्तिम निर्णयअनुसार मात्र यस्तो दण्ड कार्यान्वयन गर्न सकिनेछ।

३. जीवनहरणलाई आमहत्याको अपराध मानिने अवस्थामा यस धारामा उल्लिखित कुनै पनि कुराले यस प्रतिज्ञापत्रको कुनै पनि पक्षराष्ट्रहरुलाई आमहत्या अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धि अन्तरगतका आफ्ना कुनै पनि दायित्वलाई कुनै पनि प्रकरण न्यून गर्ने अधिकार प्रदान गर्ने अधिकार छैन भन्ने कुरा बुझिन्छ।

४. मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुनेछ। सबै मुद्दाहरुमा माफी दिन, क्षमादान दिन वा मृत्युदण्डको सजायलाई कम गर्न सकिनेछ।

५. १८ वर्ष मुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइनेछैन तथा गर्भवती महिलाउपर यस्तो दण्ड कार्यान्वयन गरिने छैन।

६. यस प्रतिज्ञापत्रको कुनै पनि पक्षराष्ट्रले मृत्युदण्ड उन्मूलन गर्न ढिलाइ गर्न वा त्यस्तो उन्मुलनमा रोक लगाउन यस धाराको कुनै पनि कुराको आधारमा लिन पाउने छैन।

धारा ७

कसैलाई पनि यात्रना दिइने वा क्रूर, आमनवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। विशेष गरी कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

धारा ८

१. कसैलाई पनि दासत्वमा राखिने छैन, दासत्व तथा सबै किसिमका दासव्यापारलाई निषेध गरिनेछ।

२. कसैलाई पनि चाकरीमा राखिने छैन।

धारा ११

कुनै करारीय दायित्व पूरा गर्न नसकेको आधारमा मात्र कसैलाई पनि थुनामा राखिने छैन।

धारा १५

१. कुनै कार्य वा त्रुटी गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तरगत त्यस्तो कार्य वा त्रुटी कुनै फौजदारी कसूर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटीका लागि कुनै फौजदारी कसूरको दोषी बनाइने छैन। न त फौजदारी कसूर गर्दाका बखत प्रचलित सजायभन्दा बढी सजाय नै दिइनेछ। कसूर गरेको समयपछि कानुनद्वारा कम सजाय गरिने व्यवस्था भएमा कसूरदारलाई सोको फाइदा प्राप्त हुनेछ।

२. राष्टहरुका समुदायबाट स्वीकृत कानुनका सामान्य सिद्धान्तअनुसार कुनै कार्य वा त्रुटी गर्दाको समयमा अपराध मानिने त्रुटी वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाई वा सजायलाई यस धारामा उल्लिखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्ने छैन।

धारा १६

प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानुनको अगाडि व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुनेछ।

धारा १८

१. प्रत्येक व्यक्तिलाई विचार, आस्था तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा आफूले रोजेको धर्म वा आस्था अवलम्बन गर्ने स्वतन्त्रता र आफ्नो धर्म वा आस्था, पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा व्यक्तिगत रुपमा वा अरुसँग मिलेर तथा सार्वजनिक वा निजी रुपमा प्रकट गर्न पाउने स्वतन्त्रतासमेत समावेश हुनेछ।

२. कुनै पनि व्यक्तिलाई आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुऱ्याउन सक्ने कुनै करकापमा पारिने छैन।

३. आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वन्त्रतामा कानुनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा व्यवस्था, स्वास्थ्य वा नैतिकता वा अरुको मौलिक अधिकार र स्वतन्त्रताहरुको संरक्षण गर्न आवश्यक प्रतिबन्धहरु मात्र लगाउन सकिनेछ।

४. यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरु आफ्नो आस्थाअनुसार आफ्ना बालबालिकाको धार्मिक तथा नैतिक शिक्षा सुनिश्चित गर्न मातापिताको तथा लागू हुने अवस्थामा कानुनी संरक्षकहरुको स्वतन्त्रतालाई सम्मान गर्न प्रतिज्ञा गर्दछन्।

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४

नेपालले अनुमोदन गरेको मिति : १४ मे १९९१

धारा २

१. प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकार अन्तरगतको कुनै इलाकामा यातनाका कार्यहरुको रोकथाम गर्नका लागि प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरु अपनाउने छन्।

२. युद्धको स्थिति वा धम्की वा युद्ध होस् वा जस्तोसुकै अपवादजनक परिस्थितिहरु, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकट होस्, लाई यातनाको औचित्यताको रुपमा स्वीकार गर्न सकिने छैन।

३. माथिल्लो तहको अधिकृत वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यतताको रुपमा स्वीकार गर्न सकिने छैन।

(साभार : मानवअधिकार : नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको संग्रह, अक्टोबर १९९८, श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय, काठमाडौं)

आन्तरिक सशस्त्र द्वन्द्व वा युद्धका अवस्थामा लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुन

सशस्त्र द्वन्द्वसम्बन्धी १२ अगष्ट १९४९ का चारवटा जेनेभा महासन्धि

नेपालले अनुमोदन गरेको मिति : ७ फरवरी १९६४

साझा धारा ३

उच्च करारीय पक्षको भूमिमा हुने गैर-अन्तर्राष्ट्रिय चरित्रको सशस्त्र द्वन्द्वका हकमा द्वन्द्वका हरेक पक्षहरु न्यूनतम रुपमा निम्नलिखित प्रावधानहरु लागू गर्न बाध्य हुनेछन् :

(१) हतियार छोडिसकेका सैन्यशक्तिका सदस्यहरु तथा विरामी, घाइते, थुनाइ वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेकाहरु लगायत लडाईमा सक्रिय रुपमा भाग नलिने व्यक्तिहरुलाई कुनै पनि अवस्थामा वर्ण, धर्म, रंग वा आस्था, लिंग, जन्म वा सम्पत्ति वा त्यस्तै अन्य आधारमा कुनै प्रतिकूल भेद हुने गरी अमानवीय व्यवहार गरिने छैन।

यसका लागि निम्नलिखित कार्यहरु जेसुकै भए तापनि हरेक समयमा र हरेक स्थानमा माथि समावेश गरिएका व्यक्तिहरुका हकमा निषेधित छन् तथा निषेध रहनेछन् :

(क) जीवन तथा व्यक्तिका विरुद्ध हिंसा, खासगरी सबै प्रकारका हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना,

(ख) बन्धक बनाउने,

(ग) व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरु (जस्तै अपमान एवं निम्नस्तरको व्यवहार),

(घ) सभ्य जनताहरुले अत्यावश्यक भनी मान्यता प्रदान गरेका सबै न्यायिक सुनिश्चितताले युक्त नियमित अदालतले अघि नै फैसला गरिसकेको अवस्थामा बाहेक सजाय सुनाउने र त्यसको कार्यान्वयन गर्ने।

(२) घाइते र बिरामीहरुको संकलन र हेरविचार गरिनेछ। रेडक्रसको अन्तर्राष्ट्रिय समितिजस्तो निष्पक्ष मानवीय निकायले द्वन्द्वका पक्षहरुलाई आफ्नो सेवा प्रदान गर्न सक्नेछ।

द्वन्द्वका पक्षहरुले वर्तमान महासन्धिका अन्य सबै वा केही प्रावधानहरुलाई विशेष सम्झौताको माध्यमद्वारा थप कार्यान्वयनमा ल्याउन सक्नेछन्।

माथि उल्लिखित प्रावधानहरुको पालनाले द्वन्द्वका पक्षहरुको कानुनी हैसियमा फरक पार्ने छैन।

(स्रोत : I. Geneva Convention for the Amelioration of the Condition of the Wounded and Sick in Armed Forces in the Field; II. Geneva Convention for the Amelioration of the Condition of the Wounded, sick and Shipwrecked Members of Armed Forces at sea; III. Genveva Convention relative to the Treatment of Prisoners of War; and IV. Geneva Convention relative to the Protection of Civilian Persons in Time of War, of August 12, 1949.

घाइते र विरामीहरुको स्वास्थ्योपचार र हेरचाहसम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानुनमा भएको व्यवस्था

१२ अगष्ट १९४९ को जेनेभा महासन्धि

धारा १२

तल समावेश गरिएका सैन्यशक्तिका सदस्य र अन्य सदस्यहरु, जो विरामी र घाइते छन्, लाई सबै अवस्थामा सम्मान र संरक्षण गरिनेछ।

उनीहरु जुन शक्तिको मातहतमा भए पनि लिंग, वर्ण, राष्ट्रियता, धर्म, राजनीतिक विचार वा यस्ता अन्य आधारमा कुनै प्रतिकूल भेद नगरी द्वन्द्वका पक्षले तिनीहरुप्रति मानवीय व्यवहार र हेरविचार गर्नेछन्। उनीहरुको जीवन लिने वा उनीहरुमाथि हिंसा गर्ने खालका कुनै पनि प्रयत्नहरु कडाइका निषेध गरिने छन्, खासगरी उनीहरुलाई मारिने वा निमिट्यान्न पारिने छैन, यातना वा जैविक परीक्षणको विषय बनाइने छैन, उनीहरुलाई जानीजानी चिकित्सकीय सहायता र हेरविचारविना त्यसै छोडिने छैन न त महामारी र संक्रामक रोगले ग्रस्त हुने अवस्थामा पुऱ्याइनेछ।

उपचार गरिने मर्यादाक्रममा जरुरी चिकित्सकीय कारणमात्र प्राथमिकताको विषय हुनेछ।

(स्रोत : Geneva Convention for the Amelioration of the Condition of the Wounded and sick in Armed Forces in the Field, of August 12, 2049)

साभार : **सशस्त्र द्वन्द्व र संकटकालीन स्थितिमा मानवअधिकारको संरक्षण**

लेखक : गोपाल शिवाकोटी "चिन्तन"

प्रधानमन्त्री शेरबहादुर देउवालाई एमनेष्टी इन्टरन्याशनलको पत्र

शेरबहादुर देउवा
प्रधानमन्त्री
प्रधानमन्त्रीको कार्यालय
सिंहदरबार
काठमाडौं, नेपाल

३० नोभेम्बर २००१ (१५ मंसिर ०५८)

प्रिय प्रधानमन्त्रीज्यू,

म हालसालै घोषणा गरिएको संकटकालीन स्थिति, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २००१, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (यसपछि माओवादी भनिने) लाई आतंककारी घोषणा गरेपछि र माओवादीहरुसँग लड्न सेना परिचालन गरेपछि उत्पन्न भएका धेरै सवालहरुप्रति तपाईको ध्यानाकर्षणका लागि लेखिरहेको छु।

सबभन्दा पहिले, म जोड दिन चाहन्छु, एमनेष्टी इन्टरन्याशनल माओवादी नेतृत्वले नोभेम्बर २३ मा युद्धविराम फिर्ता लिएपछि र लगत्तै दाङ, स्याङ्जा, बागलुङ, सुर्खेत, तनहुँ, सोलुखुम्बु, काठमाडौं र अरु कैयन जिल्लाहरुमा सैनिक क्याम्प, प्रहरी चौकी र सार्वजनिक एवं निजी सम्पत्तिमा आक्रमण गरेपछि देशले व्यहोर्नु परिरहेको कानुन र व्यवस्थामाथि पुगेको गम्भीर चुनौतिप्रति जानकार छ जसमा १८ जवान सैनिक, ५१ जना प्रहरी, एक जना प्रमुख जिल्ला अधिकारी र चार जना नागरिकहर मारिएको थाहा भएको छ। हामी जनताका अधिकार र सुरक्षाको संरक्षण गर्ने सरकारको अधिकार र कर्तव्य भएको स्वीकार गर्दछौं र यस्ता गैरकानुनी हत्या र अन्तर्राष्ट्रिय मानवीय कानुनको अरु दुरुपयोग हुने कार्य तत्काल रोक्न हामीले माओवादी नेतृत्वसँग आग्रह गरेका छौं।

यद्यपि, सरकारले बनाएको कानुन वा गरेका कार्वाही मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डसँग पूर्ण रुपले मेल खानु पर्छ। वास्तवमा, यो हाम्रो बलियो अडान हो कि खासगरिकन हाल नेपालमा भइरहेको जस्ता कठिन अवस्थाहरुमा मानवअधिकारहरुलाई थप सावधानीपूर्वक संरक्षण गर्नुपर्ने हुन्छ।

नागरिक तथा राजनीतिक अन्तर्राष्ट्रिय अनुबन्ध, जसमा नेपाल राज्यपक्ष छ, को धारा ४ अन्तरगत संकटकालीन स्थितिहरुमा राज्यहरुले खास-खास अधिकारहरु निलम्बन गर्न सक्छन्। तर त्यो खाली "स्थितिको विद्यमानताले कडाका साथ माग गरेको हदसम्ममात्र" जुन निलम्बन राष्ट्रका अन्य अन्तर्राष्ट्रिय दायित्वहरुसँग बाझिदैनन् र संकटकालीन स्थिति आधिकारिक रुपमा घोषणा गरिएको छ भन्ने कुरा तुरुन्तै संयुक्त राष्ट्र संघका महासचिवलाई सूचित गरिएको अवस्थामा अनुबन्धको धारा ४(१) ले यसरी न्यून गरिएका अधिकारले जाति, रंग, लिंग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा भेदभाव गरिएको हुनुहुन्न भन्ने कुरा पनि निश्चित गरेको छ।

हामी सरकारले देशभरि संकटकालीन स्थितिको घोषणा गर्दा निलम्बन गरेका नेपालको संविधानका धारा १२ को उपधारा (क), (ख) र (घ), धारा १३ को उपधारा (१), धारा १५, १६, १७, २२ र २३ का बारेमा चिन्तित छौं। एमनेष्टी इन्टरन्याशनल सरोकार राख्दछ कि सम्पूर्ण देशभरि निलम्बन गरिएका अधिकारहरु- विचार र अभिव्यक्ति, सभा-सम्मेलन र आवतजावतको स्वतन्त्रताको अधिकार, पर्याप्त आधारविना निवारक नजरबन्दमा राख्न नपाइने अधिकार, सूचना, सम्पत्ति, गोपनीयता र संवैधानिक उपचारसँग सम्बन्धित अधिकार "स्थितिको विद्यमानताले कडाइका साथ माग गरेको हद" भन्दा पनि परसम्म जान्छन् र मानवअधिकार समितिले यस अनुबन्ध अन्तरगतको नेपालको दायित्वको उल्लंघन भएको ठहराउन सक्छ।

ठोस रुपमा गम्भीर सरोकारको सवाल संविधानको धारा २३ को निलम्बन हो जसबाट जनतालाई न्यायिक उपचार (बन्दी प्रत्यक्षीकरणबाहेक) को अवसरबाट वञ्चित गरिएको छ। यसले हालसालै सरकारले चालेका संकटकालीन स्थितिको घोषणा र आतंककारी तथा विध्वंसात्मक कार्यसम्बन्धी अध्यादेशलगायतका कदमहरुको न्यायिक छानवीनलाई निषेध गर्दछ। एमनेष्टी इन्टरन्याशनलका दृष्टिमा, यो अनुबन्धको धारा २ (३) मा भएका प्रावधानहरुको विपरित छ। धारा ४ का बारेमा २४ जुलाई २००१ मा गरेको साधारण टिप्पणीमा मानवअधिकार समितिले भनेको छ कि अनुबन्धका कुनै पनि प्रावधानहरुको उल्लंघन भएको खण्डमा धारा २(३) ले उपचारहरु पनि प्रदान गर्न बाध्य गरेको छ। समितिले भनेको छ : "यो व्यवस्था धारा ४ को हरफ २ मा भएको न्यून गर्न सकिने अधिकारहरुको सूचिमा समावेश गरिएको छैन तर सन्धिगत दात्विका सम्बन्धमा समग्र अनुबन्धमा यो अन्तर्निहित छ। संकटकालीन स्थितिको अवस्थामा स्थितिको विद्यमानताले यस्ता कदमहरुको माग गरिएको हदसम्मै भए पनि व्यवहारमा न्यायिक तथा अन्य उपचारहरुसँग सम्बन्धित तिनका कार्यविधिहरु व्यावहारिक रुपमा समावेश गर्न सकिने भए पनि अनुबन्धको धारा २ को हरफ ३ अनुरुप राज्यपक्षले प्रभावकारी उपचार प्रदान गर्न आधारभूत दायित्वको पालना गरेकै हुनुपर्दछ।"

एमनेष्टी इन्टरन्याशनल वर्तमान स्थितिमा नेपालमा जीवनको अधिकारमाथि गम्भीर खतरा भएको तथ्यप्रति चिन्तित छ। अनुबन्धको धारा ४(२) ले स्पष्ट रुपमा भनेको छ "सार्वजनिक संकटको समय जतिबेला राज्यको जीवन नै खतरामा परेकै भए पनि" जीवनको अधिकार र कुनै पनि अवस्थामा यातनाबाट स्वतन्त्रताको अधिकार सुनिश्चित गर्ने कर्तव्यबाट विमूख हुन सकिदैन। नेपालको संविधानले स्पष्ट रुपमा जीवनको अधिकार सुनिश्चित नगरेको दुःखद

वास्तविकता छँदाछँदै पनि संकटकालीन स्थितिको घोषणामा माथि उल्लेख भएका आधारभूत अधिकारहरुको निलम्बनप्रति हामी चिन्तित छौं जहाँ सेना र प्रहरी जवानहरुले जीवनको अधिकारको निलम्बन पनि समावेश भएको व्याख्या गर्न सक्नेछन्। त्यसैले हामी तपाईहरुलाई सबै समयमा जीवनको अधिकारको रक्षा गर्न माओवादीसँगको सशस्त्र द्वन्द्वमा संलग्न नेता, प्रहरी र अन्य शक्तिहरुलाई स्पष्ट सन्देश पठाउन तथा गैरकानुनी हत्यामा जिम्मेवार हुने जोसुकैलाई पनि न्यायसमक्ष उभ्याइने कुरा स्पष्ट रुपमा समावेश गर्न आग्रह गर्दछौं।

हामी खासगरी सेना र प्रहरीले स्याङ्जा, गोर्खा, उदयपुर र सल्यानका सेना र प्रहरीलाई कर्फ्यूको उल्लंघन गर्नेलाई "देख्नेवित्तिकै गोली हान्ने" अख्तियार प्रदान गरेको भन्ने रिपोर्टबारे चिन्तित छौं। फेरि पनि, यसले सुरक्षाशक्तिहरुलाई गैरन्यायिक हत्या गर्न आधिकारिक छुट दिएको भन्ने देखिन्छ। यस्तो शक्ति प्रदान गर्नु अनुबन्धको धारा ६ को प्रत्यक्ष उल्लंघन भएको छ जसले जीवनको अधिकार सुनिश्चित गर्दछ र कानुनद्वारा यसको संरक्षण प्रदान गर्दछ तथा स्वेच्छाचारी रुपमा जीवनको हरण गर्न प्रतिबनध लगाउँछ। मानवअधिकार समितिले धारा ६ माथि गरेको साधारण टिप्पणी ६ मा भनेको छ : "स्वेच्छाचारी रुपमा जीवनको हरण विरुद्धको संरक्षण सर्वाधिक महत्वको छ। समितिले विचार गर्दछ कि राज्यपक्षहरुले आपराधिक कार्यहरुबाट जीवनको हरणलाई निषेध र दण्ड गर्नेमात्र होइन कि उनीहरुका आफ्नै सुरक्षाशक्तिहरुले स्वेच्छाचारी रुपमा मार्न पनि प्रतिबन्ध लगाएको छ। राज्यका निकायहरुबाट हुने जीवनको हरण अत्यन्तै महत्वको विषय हो। त्यसैले, कानुनले यस्ता निकायहरुबाट एउटा व्यक्तिको उसको जीवनको हरण हुनसक्ने वातावरणलाई नियन्त्रण र सीमित गरिनुपर्दछ।"

एमनेष्टी इन्टरन्याशनल सेना परिचालनको विषयमा कुनै अडान लिदैन तापनि हामी यस निर्णयको कार्यान्वयन पक्षका बारेमा विभिन्न प्रश्नहरु उठाउन चाहन्छौं:

- सन् १९५९ को सैनिक ऐनअनुसार, सेनालाई मानिसलाई गिरफ्तार गर्ने र ४८ घण्टासम्म राख्ने अधिकार छ। धारा १४(६) ले प्रदान गरेको संवैधानिक आधार जसले गिरफ्तार भएको वा थुनामा परेको जोसुकैलाई पनि गिरफ्तार भएको २४ घण्टाभित्र न्यायिक निकायसमक्ष पेश गर्नुपर्ने प्रावधानको विपरित हुने कुरालाई हेर्दा, सरकार सैनिक जवानहरुलाई यसबारोम के कस्तो निर्देशन दिइएको छ भन्ने कुरा स्पष्ट गर्न सक्छ ?
- सेनाले गिरफ्तार गरिसकेपछि मानिसहरुलाई कुन हिरासतमा राखेको छ ?
- सेनाको हिरासतमा रहेका बन्दीहरुको सुरक्षा गर्न के कस्ता उपायहरु तर्जुमा गरिएका छन् ?
- सेनाबाट हुनसक्ने मानवअधिकारका कुनै पनि उल्लंघनहरुको जिम्मेवारी स्थापित गर्ने कार्यविधिहरु के कस्ता छन् ?

आन्तरिक सशस्त्र द्वन्द्वको अवस्थामा लागू हुने सन् १९४९ को चारवटा जेनेभा महासन्धिको साझा धारा ३ मा व्यवस्थित कुनै एक सिद्धान्तहरुको विपरित हुने गरी नोभेम्बर २५ का दिन सोलुखुम्बुमा घाइते वा युद्धबन्दी भएर लड्न असमर्थ भएका माओवादी लडाकूहरुलाई सैनिक जवानले सुनियोजित रुपमा मारेको भन्ने रिपोर्टबाट अर्को प्रश्न उठेको छ। यस्तै प्रश्न विगतका केही दिनहरुमा दाङ र सल्यान जिल्लाहरुमा भएका अरु गैरकानुनी हत्याको आरोपका रिपोर्टबाट पनि उठेको छ। यसले सन् १९९६ मा माओवादीले घोषणा गरेको "जनयुद्ध" का छ वर्षभरिमा प्रहरीले गैरन्यायिक रुपमा गरेका सयौं हत्याहरुको अनुसन्धान नभएको तथा उनीहरु कसैलाई पनि जिम्मेवार नठहराइएको भन्ने हाम्रो संस्थाका सरोकारहरुलाई पनि पत्यारिलो बनाउँछ।

तपाईलाई थाहै छ, एमनेष्टी इन्टरन्याशनल लामो समयदेखि नेपालमा भएको गैरन्यायिक हत्यासम्बन्धी आरोपहरुमाथि स्वतन्त्र अनुसन्धानको अभावप्रति सरोकार राख्दैआएको छ। गैरन्यायिक हत्या, तत्कालै गरिने वा स्वेच्छाचारी हत्यासम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष प्रतिवेदकले जसले फरवरी २००० मा नेपालमा भएको आफ्नो भ्रमणको विवरण दिइन् उनले पनि "आरोपित मानवअधिकार दुरुपयोगका अनुसन्धान र सजाय गर्ने बलियो, स्वतन्त्र र विश्वसनीय संयन्त्रहरु तत्कालै खडा गर्नुपर्ने आवश्यकता" उललेख गरेकी थिइन्। अहिलेको वातावरणमा, यस सुझावको तत्काल कार्यान्वयन अति महत्वपूर्ण छ।

त्यसैले एमनेष्टी इन्टरन्याशन अहिलेको अवस्थामा मानवअधिकारको दुरुपयोगसम्बन्धी कुनै पनि उजुरीको अनुगमन र अनुसन्धान गर्ने क्षमता लगायतका कुराहरु सुनिश्चित गर्न राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्र र प्रभावकारी कार्यसम्पादनलाई सुनिश्चित गर्न आवश्यक सबै सहयोग प्रदान गर्न सरकारसँग आह्वान गर्दछ। हामी तपाईसँग रेडक्रसको अन्तर्राष्ट्रिय समितिसमेतलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनाको अनुगमन गर्न दिनका लागि आग्रह गर्दछौं।

आतंककारी तथा विध्वंसात्मक कार्यसम्बन्धी अध्यादेशमा समावेश भएको "आतंककारी" वा "आतंककारीहरुसँग मिलेर काम गर्ने व्यक्ति" को परिभाषाका सवालमा, हामी "कुनै पनि व्यक्ति जो आतंककारी तथा विध्वंसात्मक कार्यसँग सम्बन्धित व्यक्तिसँग संलग्न वा सम्पर्कमा रहेको" र "कुनै व्यक्ति जो आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समुहलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक वा अन्य किसिमले सहयोग गर्ने" भन्ने लगायतका व्यापक परिभाषाको प्रयोग पनि चिन्तित छौं। हिंसात्मक वा आपराधिक कार्यहरु गर्न प्रोत्साहित नगर्ने कार्यहरुसमेतलाई संकेत गर्ने यस्ता धेरै शब्दावलीहरुप्रति हाम्रो सरोकार छ। यसको विपरित, यसमा शान्तिपूर्ण, राजनीतिक विचारहरुमाथिको निजी छलफल पनि पर्न सक्दछन्। यस शब्दावलीले अनुबन्धको धारा १९ ले प्रत्याभूत गरेको अभिव्यक्तिको स्वतन्त्रता अधिकारको पनि अन्ततः उल्लंघन हुनसक्ने देखिएको छ।

आंककारी तथा विध्वंसात्मक कार्यसम्बन्धी अध्यादेशको धारा ९ मा सन्निहित प्रावधान जसले "आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट निषेध गर्ने वा रोक्ने उद्देश्यले सरकारद्वारा खटाइएको व्यक्ति तथा प्रहरी वा सशस्त्र प्रहरी र सेना" लाई "विश्वास गर्न सकिने मनासिब आधार भएमा कसैलाई यस्तो कुनै संभावित आतंककारी वा विध्वंसात्मक कार्य रोक्न" थुन्ने आदेश दिने प्रावधान" प्रति हामी चकित छौं। थुनाइका यस्ता आदेशहरु अन्तरगत यी मानिसहरु ९० दिनसम्म हिरासतमा राखिन सक्छन्। गृहमन्त्रायको अनुमति लिएर यस्तो थुनाइको आदेश १८० दिनसम्म लम्ब्याउन सकिन्छ। उदाहरणको निमित्त यस्तो थुनाइलाई स्वेच्छाचारी वा खराब व्यवहार हुनबाट रोक्न यस प्रक्रियामा लागू हुनसक्ने कुनै कार्यविधिगत उपायहरुबारे पनि अस्पष्टता छ।

अहिले सरकारमाथि कानुन र व्यवस्थामाथि आइपरेको गम्भीर खतराको सामना गर्न लिनुपर्ने पर्याप्त कदमहरुको आवश्यकतालाई मनन गर्दै, हामी तपाईलाई यस क्रममा माथि उल्लेख गरिएका मानवअधिकारहरुको दमन नहोस् भन्नेतर्फ विचार गर्न आह्वान गर्दछौं।

भवदीय

गेरी फक्स
निर्देशक
एशिया तथा प्रशान्त कार्यक्रम

०५८ मंसिर १० गते पश्चात् राज्य पक्षबाट भएका प्रतिनिधिमूलक घटना

(क)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१३	सूचना, प्रकाशन र प्रसारण सम्बन्धी असंवैधानिक निर्देशन			०५८ मंसिर १३ गते सूचना एवं संचार मन्त्रीद्वारा 'निर्देशिका' को रुपमा के प्रकाशन गर्न नहुने र के प्रकाशन गर्न हुने भन्ने वर्गीकरण गरी संचार जगतले सो निर्देशन अक्षरश: पालन गर्न संचारकर्मीको भेलालाई अनुरोध ।	गोरखापत्रमा प्रकाशित समाचार (०५८/८/१४)

द्रष्टव्य : नेपाल अधिराज्यको संविधान २०४७ को भाग १८ धारा ११५ (७) र भाग ७ धारा ३५ (२) विपरित मन्त्रीद्वारा निर्देशन जारी गरिएको।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा १३ विपरित कार्य भइरहेको ।

आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको अध्यादेशको १२ नं. मा उल्लेख भएको सीमाभन्दा बाहिर गएर निर्देशन गरिएको ।

(ख)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१५	अन्धाधुन्ध हत्या	रोल्पा	खुमेल गाविस-४	मेलधारामा बराह पूजा गरिरहेको अवस्थामा सेनाले हेलिकप्टरबाट गोली चलाउँदा १२ वर्षीय फुर्सी रोका र ६५ वर्षीय मनबहादुर गुरुङ समेत पाँच जनाको मृत्यु । सो घटनामा करिब सात जना घाइते ।	इन्सेक जिल्ला प्रतिनिधि। माओवादी उपर आक्रमण गर्न हेलिकप्टर उपयुक्त भएको र हुने कुरा श्री ५ को सरकारको प्रवक्ता एवं सञ्चार मन्त्री जयप्रकाशप्रसाद गुप्ताले मंसिर २१ गतेको पत्रकार भेटघाटमा बताउनु भएको (गोरखापत्र दैनिक, ०५८ मंसिर १६ गते)

द्रष्टव्य : बालअधिकार सम्बन्धी महासन्धिको भाग १ को धारा ६ को १ **"बाँच्न पाउने प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरु स्वीकार गर्छन्"** र सोही अभिसन्धिको धारा ३८ को १ मा उल्लेखित **"पक्ष राष्ट्रहरुले पन्ध्र वर्षको उमेर नपुगेका व्यक्तिहरुले युद्धमा प्रत्यक्ष भाग नलिने कुरा सुनिश्चित गर्न सबै संभव उपायहरु अपनाउने छन्"** सरकारले पालन गरिएको देखिएन ।

(ग)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१५-१६	सेनाद्वारा गरिएको आक्रमणमा घाइते एवं मृत्यु	रोल्पा	खुमेल गाविस	रोल्पामा ४४ जना घाइते भएको।	रक्षा मन्त्रालय र गृह मन्त्रालयद्वारा सार्वजनिक जानकारी गराइएको ।
०५८/८/२०	"	गोरखा		घाइतेको संख्या उल्लेख नभएको। मृतकहरुको संख्या पनि किटान गर्न नसकिएको ।	"

द्रष्टव्य : (१) जेनेभा महासन्धिको अध्याय २ को ४ नं. **"घाइते, मृतक र हराइरहेको खोजी"** अन्तरगत P. I, 32 **"यस खण्डको मूल सिद्धान्त, सर्वप्रथम आफ्ना नातेदारहरुको अवस्था थाहा पाउनु परिवारको अधिकार हो ।"** को पालना गर्न सहयोग पुग्ने व्यवहार नगरेको ।

(२) उपरोक्त महासन्धिको अध्याय ४ को ३ नं. **"जथाभावी हमला गर्न पनि निषेध"** अन्तरगत गर्नुपर्ने कर्तव्यको पालना नगरेको ।

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१२	लामो दूरीको हतियारबाट गोली प्रहार	ओखलढुंगा जाजरकोट		ओखलढुंगा तथा जाजरकोट स्थित सेनाको टुकुडीहरुमाथि माओवादीको ठूलो जत्थाले आक्रमण गर्ने तयारी गरिरहेको अवस्थामा सेनाले लडरेन्ज हतियारबाट फायर गरी उनीहरुको प्रारम्भिक योजना नै विफल तुल्याइदिएको।	रक्षा मन्त्रालयको मंसीर १३ गतेको विज्ञप्ति । रा.स.स. बुलेटिन ।

०५८/८/१७	लामो दूरीको हतियारबाट गोली प्रहार	तेह्रथुम	वसन्तपुर	वसन्तपुर इलाका प्रहरी कार्यालयमा माओवादीले आक्रमण गरेपछि चित्रे डाँडास्थित नेपाल दूर सञ्चार संस्थानको रिपिटर स्टेशन सुरक्षार्थ खटिएको सेनाको टोलीले लामो दूरीको हतियारबाट गोली प्रहार गरेको।	रक्षा मन्त्रालयद्वारा दिइएको जानकारी । रा.स.स. वुलेटिन।
०५८/८/१८	अन्धाधुन्ध हत्या	सिन्धुपाल्चोक	माहांकाल गाविस-१	माहांकाल गाविस-१ का प्रकाश लामिछानेलाई बेलुका ८ बजे लामोसाँघु जलविद्युत आयोजनाको सुरक्षार्थ रहेको सेनाले गोली हानेको र धुलिखेल अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको।	इन्सेक जिल्ला प्रतिनिधि

द्रष्टव्य : सशस्त्र संघर्ष सम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानुनको आधारभूत नियमहरु मध्येको जेनेभा महासन्धि १९४९ को विनियम ७ "**असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले संघर्षका संलग्न पक्षहरुले जुनसुकै बेला पनि सामान्य नागरिक र युद्धरतलाई छुट्याउनु पर्दछ । असैनिक नागरिक आवादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य तुल्याउनु हुँदैन । केवल सैनिक लक्ष्यहरु मात्र आक्रमणको निसाना अपनाउनु पर्दछ ।**" प्रति वेवास्ता गरिएको ।

नेपाल अधिराज्यको संविधान भाग ३ धारा १२ (१) "**कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।**" को सरकारले बेवास्ता गरेको ।

(घ)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१९	अन्धाधुन्ध हत्या	गोरखा	चित्रे इलाका जंगल	चित्रे इलाका जंगलमा सेनाले हवाई आक्रमण गर्दा ठूलो संख्यामा माओवादी छापामारहरु मारिएको तर संख्या यकिन नभएको।	रक्षा मन्त्रालयद्वारा सार्वजनिक जानकारी गराएको, रासस ०५८ मंसिर २० गतेको वुलेटिन ।
०५८/८/२१	अन्धाधुन्ध हत्या	धनुषा	धनुषाधाम गाविस-७	धनुषाधाम गाविस-७ का ५६ वर्षीय चन्द्रदिप यादव, ३५ वर्षीय उत्तिमलाल यादव र २६ वर्षीय देवकुमार यादवलाई प्रहरीले गाडीमा राखेर ल्याइरहेको अवस्थामा भाग्न खोजेकाले गोली हान्दा मृत्यु भएको कुरा प्रहरीले जनाएको।	इन्सेक जिल्ला प्रतिनिधि
०५८/८/२२	अन्धाधुन्ध हत्या	बर्दिया	देउढाकला गाविस-३	देउढाकला गाविस-३ का १६ वर्षीय जितेन्द्र थारुलाई दिउँसो चार बजे गाउँ नजिकको जंगलमा घाँस काटिरहेको अवस्थामा सेनाले हात माथि उठाउन लगाई गोली हानी हत्या गरेको ।	इन्सेक जिल्ला प्रतिनिधि
०५८/८/२५	अन्धाधुन्ध हत्या	दाङ	तुलसीपुर नपा-७	तुलसीपुर नपा-७ का ३५ वर्षीय मंगले कामी शिरखोलामा भारी बोकेर हिंडिरहेको अवस्थामा सेनाद्वारा गोली हानी हत्या।	इन्सेक जिल्ला प्रतिनिधि
०५८/८/२७	अन्धाधुन्ध हत्या	दोलखा	गौरीमुदी गाविस-१	गौरीमुदी गाविस-१ का ३५ वर्षीय दानबहादुर तामाङलाई इसिमोडको आयोजनामा 'विवाद समाधान, विषयक गोष्ठी भइरहेको अवस्थामा जिल्ला वन कार्यालयको सभाकक्षबाट प्रहरीले पक्राउ गरी लैजाँदा लैजाँदै गोली हानी हत्या।	इन्सेक जिल्ला प्रतिनिधि

द्रष्टव्य: सशस्त्र संघर्ष सम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानुनको आधारभूत नियमहरु मध्येको जेनेभा महासन्धि १९४९ को विनियम ७ "**असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले संघर्षका संलग्न पक्षहरुले जुनसुकै बेला पनि सामान्य नागरिक र युद्धरतलाई छुट्याउनु पर्दछ । असैनिक नागरिक आवादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य तुल्याउनु हुँदैन । केवल सैनिक लक्ष्यहरुमा मात्र आक्रमणको निसाना लगाउनु पर्दछ ।**" प्रति वेवास्ता गरिएको ।

(ङ)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१५	स्वास्थ्यमन्त्रीको अमानवीय चेतावनी	काठमाण्डौ		स्वास्थ्यमन्त्री शरतसिंह भण्डारीले "घाइते आतंकवादीहरुको उपचार गर्नु अघि स्वास्थ्यकर्मीहरुले सुरक्षा निकायको अनुमति लिन" सचेत गराउनु भयो । पूर्व स्वीकृतीबेगर त्यस्ता घाइतेको उपचार गरेमा सरकारी एवं गैर सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकलाई अध्यादेश अनुसार कार्वाही गरिने चेतावनी पनि उहांले दिनुभयो ।	Government Warning to Medics शीर्षकमा प्रकाशित समाचार The Kathmandu Post Daily, December 1, 2001
०५८/९/१	गिरफ्तारी	वांके	कोहलपुर	कोहलपुर मेडिकल कलेजमा कार्यरत डा. जीतेन्द्र महासेठलाई माओवादीहरुको औषधी उपचार गरेको आरोपमा सशस्त्र प्रहरीले कलेजबाटै गिरफ्तार गरेको।	इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्ज

द्रष्टव्य : जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरु सम्बन्धी आधारभूत नियमहरुको अध्याय २ को १० नं. "चिकित्साकर्मीको उद्देश्य" P, I, 16 **"चिकित्सा सम्बन्धी आचारसंहिता अनुकूल जो सुकैले फाइदा पाए पनि चिकित्सा सम्बन्धी सेवा कार्य गर्नेलाई कुनै किसिमको सजाय नगरिने कुरा प्रोटोकलले व्यवस्था गरेको छ । यस्ता व्यक्तिलाई चिकित्सा आचार संहिता विपरित कार्य गर्न वाध्य तुल्याइने छैन अथवा यी नियम अनुसार गर्नु नपर्ने कुरामा वाध्य तुल्याइने छैन अथवा यी नियम अनुसार गर्नुपर्ने कर्तव्यबाट पनि रोक्न सकिने छैन ।"** को विपरित चिकित्सकहरुलाई काम गर्न बाध्य गर्न खोजिएको ।

(च)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१५	गिरफ्तारी	काठमाडौं		भक्तबहादुर श्रेष्ठलाई राति १०:४० बजे घरबाट गिरफ्तारी गरी लगिएको । कहाँ किन लगिएको कुरा परिवारलाई थाहा नदिइएको । तत्कालीन राष्ट्रिय जनआन्दोलन संयोजन समितिका संयोजक श्रेष्ठले सो समितिको औचित्य समाप्त भएको बताउँदै ०५८ मंसिर १४ गते समिति विघटन गर्नु भएको थियो ।	पारिवारिक सूत्र
०५८/८/१० देखि १७ सम्म	गिरफ्तारी	काठमाडौं र अन्य		मंसिर १० गते काठमाडौंका विभिन्न स्थानबाट १० जना, मंसिर १४ गते रुपन्देहीबाट ३८ जना, मंसिर १२ गते सुर्खेतबाट १ जना, मंसिर १३ गते जुम्लाबाट १ जना, सिराहाबाट ३ जना गरी जम्मा ५४ जना पत्रकारहरुलाई गिरफ्तार गरिएको ।	पारिवारिक सूत्र एवं समाचारपत्रहरु

द्रष्टव्य : नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा १४ (५) र (६) को पालना नभइरहेको ।
नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा १२ (१) को विपरित कार्य भइरहेको ।
नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ९ को **"पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सुचना दिइनेछ तथा निज विरुद्ध लगाइएको आरोपको तुरुन्त जानकारी दिइनेछ"** को पालना नभएको ।

०५८ मंसिर १० गते पश्चात् माओवादी पक्षबाट भएका प्रतिनिधिमूलक घटना

(क)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१०	नृशंस हत्या	गोरखा	मान्वु गाविस	मान्वु गाविसका अध्यक्ष नेत्रबहादुर श्रेष्ठलाई अर्मला भन्ने ठाउंमा पुल निर्माण कार्य निरीक्षण गरिरहेको अवस्थामा माओवादीहरुले बोलाई केही पर लगी कुटपिट गर्नुका साथै घुंडाहरुमा घन प्रहार गरी मरणासन्न तुल्याएको। स्थानीय व्यक्तिहरुलाई उनको उद्दार गरेमा त्यस्तै हालत बनाइदिने धम्की समेत दिएको। घटना भएको करिव ६ घण्टापछि उपचारार्थ अस्पताल लग्दै गर्दा आरुघाट भन्ने ठाउंमा मृत्यु भएको।	इन्सेक जिल्ला प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय, गोरखा
०५८/८/१२	गोली हानी हत्या	सिन्धुपाल्चोक	बाडेगाउं गाविस-७	बाडेगाउं गाविस-७ का वडाध्यक्ष चन्द्रबहादुर तामाडलाई माओवादीहरुले डोरीले बांधेर घरदेखि केही पर लगी गोली हानी हत्या गरे।	इन्सेक जिल्ला प्रतिनिधि, सिन्धुपाल्चोक
०५८/८/१८	नृशंस हत्या	रौतहट	पिप्रा राजवडा गाविस	पिप्रा राजवडा गाविसका पूर्व अध्यक्ष ६८ वर्षीय रामदेव यादवलाई माओवादीहरुले घरबाट बाहिर निकाली संगीनले टाउको, नाक र घांटीमा घोची-घोची हत्या गरे।	इन्सेक जिल्ला प्रतिनिधि, नेकपा (एमाले) जिल्ला पार्टी कार्यालय, रौतहट

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/१८	अन्धाधुन्ध हत्या	ललितपुर	ललितपुर उमनपा- १३, एकान्तकुना	माओवादीहरुले गलैंचा शो रुममा राखेको बम विस्फोट हुंदा ललितपुर उमनपा-१३ एकान्तकुनास्थित क्लासिक ह्याण्डिक्राफ्टमा कार्यरत सिन्धुपाल्चोक जिल्ला हेलम्बुका ३४ वर्षीय छिरिङ शेर्पा र झापा जिल्ला दमक नपाका ३५ वर्षीय चिन्तामणि तिमिल्सिनाको मृत्यु भएको।	कान्तिपुर दैनिक, समाचारपत्र दैनिक, स्पेसटाइम दैनिक (०५८ मंसिर १९)
०५८/८/२०	अन्धाधुन्ध हत्या	ताप्लेजुङ	मासिङ	मासिङ उपस्वास्थ्य चौकीका पियन प्रेम आङ्दम्बे कार्यालयको काम सकेर फर्किरहेको अवस्थामा माओवादीहरुद्वारा अन्धाधुन्ध गोली प्रहार गरी हत्या गरिएको।	बुधवार साप्ताहिक, (०५८/८/२७)
०५८/८/२१	नृशंस हत्या	कास्की	धम्बुस	धम्बुस प्रहरी चौकीमा कार्यरत हतियारविनाका सामुदायिक प्रहरीहरु वीरेन्द्र श्रेष्ठ र बुद्धिबल खड्कालाई माओवादीका छापामारहरुले मुख बाउन लगाई मुखभित्र गोली हानी हत्या गरेको।	इन्सेक क्षेत्रीय कार्यालय, पोखरा
०५८/८/२३	खुकुरी र गोली प्रहार गरी हत्या	नुवाकोट	गणेशस्थान गाविस	गणेशस्थान गाविसका सीताराम राईलाई त्रिशुलीबाट सामान ल्याई पसलमा थन्क्याउन लागेको अवस्थामा माओवादीहरुले बाहिर ल्याई शुरुमा खुकुरी र त्यसपछि गोली प्रहार गरी हत्या गरेको।	इन्सेक जिल्ला प्रतिनिधि, नुवाकोट
०५८/८/३०	कुटपिट गरी हत्या	दैलेख	लकान्द्र गाविस-४	लकान्द्र गाविस-४ का २१ वर्षीय जनक थापालाई राति ११ बजे १५-२० जना माओवादीहरुले घरमै गई निर्मम ढंगले कुटपिट गरी हत्या गरेको।	इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्ज।

द्रष्टव्य : सशस्त्र संघर्ष सम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानुनका आधारभूत नियमहरु मध्येको जेनेभा महासन्धि १९४९ को विनियम ७ "**असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले संघर्षका संलग्न पक्षहरुले जुनसुकै बेला पनि सामान्य नागरिक र युद्धरतलाई छुट्याउनु पर्दछ। असैनिक नागरिक आवादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य तुल्याउनु हुँदैन। केवल सैनिक लक्ष्यहरुमा मात्र आक्रमणको निसाना लगाउनु पर्दछ।**" प्रति वेवास्ता गरिएको।

जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरु सम्बन्धी आधारभूत नियमहरुमध्येको एडिसनल प्रोटोकल द्वितीय भाग २ को नं. ४ मानवीय व्यवहार, (क) मौलिक प्रत्याभूति, P.II, 4 "**संघर्षमा प्रत्यक्ष भाग नलिने सबै व्यक्तिहरुलाई जुनसुकै परिस्थितिमा पनि मानवीय व्यवहार गरिनेछ र विना भेदभाव आधारभूत प्रत्याभूतिको सुविधा प्रदान गरिनेछ। उनीहरुको स्वतन्त्रताको अपहरण भए पनि या नभए पनि उनीहरुको जीउ ज्यान, मर्यादा, विश्वास र धार्मिक पद्दतिलाई आदर गर्नुपर्ने कुरा तोकिएको छ। कुनै पनि व्यक्तिको विरुद्ध जुनसुकै कारणले कुनै असैनिक नागरिक अथवा सैनिक अभिकर्ताको निम्न कार्य गर्न निषेध गरिएको छ।**

क) जीवन, स्वास्थ्य र शारीरिक र मानसिक कल्याणको विरुद्ध हिंसा, विशेष गरी – हत्या, – कुनै किसिमको यातना मानसिक अथवा शारीरिक, – शारीरिक दण्ड, – अंगभंग

ख) व्यक्तिगत मर्यादामा धक्का पुऱ्याउनु, विशेष गरी अपमानजनक र निम्न स्तरको व्यवहार गर्नु, जबर्जस्ती वेश्यावृत्तिमा लगाउनु र कुनै किसिमको अभद्र आक्रमण गर्नु

ग) बन्धक तुल्याउनु

घ) सामहिक सजाय दिन

(ख)

मिति	घटना	जिल्ला	क्षेत्र	घटना विवरण	पुष्टिको आधार
०५८/८/२४ गते राति	एम्बुलेन्स क्षतिग्रस्त	वर्दिया	कालिका गाविस-८ राजापुरको मुख्य सडक	नेपाल रेडक्रस सोसाइटी वर्दिया शाखाको भे.१ ख ४८५ नम्बरको एम्बुलेन्स गुलरियाकी एक विरामी महिला बोकी नेपालगञ्जतर्फ आइरहेको अवस्थामा कालिका गाविस-८ राजापुरको मुख्य सडकमा माओवादीहरुको एम्बुसमा परी क्षतिग्रस्त भएको। घटनामा एम्बुलेन्सका चालक घाइते भएको।	इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्ज। गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, समाचारपत्र दैनिक, स्पेसटाइम दैनिक, राजधानी दैनिक (२०५८ मंसिर २६ गते)

द्रष्टव्य : जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरु सम्बन्धी आधारभूत नियमहरुमध्येको एडिसनल प्रोटोकल द्वितीय भाग २ को नं. १, ग. चिकित्सा टोली र परिवहन (सवारीका साधन), P.II, 11 "**चिकित्सा टोली र परिवहन (सवारीका साधन) को शत्रुतापूर्ण कार्यमा नलगाउञ्जेलसम्म तिनीहरुलाई चिकित्साकर्मीहरुको जस्तो सुरक्षा र आदर हुनु पर्दछ**" को पालना माओवादीहरुले नगरेको।

- ०५८ पुस ७ गते संखुवासभा जिल्ला घिदिङ गाविसका ६ जना माओवादीले प्रमुख जिल्ला अधिकारीसमक्ष हतियारसहित आत्मसमर्पण गरे।
- ०५८ पुस ७ गते जिल्ला प्रशासन कार्यालय सप्तरीले "कोशी सरोकार समूह" नामक गैरसरकारी संस्थाको दर्ता खारेज गरेको। माओवादीसँग सम्बन्धित क्रियाकलाप गरेको आरोपमा खारेज गरिएको कुरा प्रमुख जिल्ला अधिकारी धुवराज वाग्लेले बताएको। उक्त संस्थाका संस्थापक अध्यक्ष हाल मधेश मुक्ति मोर्चाका अध्यक्ष तथा माओवादीको क्रान्तिकारी जनपरिषदका केन्द्रीय सदस्य जयकृष्ण गोइत हुन्।
- ०५८ पुस ७ गते कालिकोट जिल्लाका नेकपा (एमाले) इलाका कमिटी सदस्य ऐनबहादुर शाहीको माओवादीद्वारा हत्या।
- सरकारले सुरक्षाका लागि खर्च जुटाउन पूरक बजेट ल्याउने भएको र त्यसका लागि अर्थ मन्त्रालयले राजस्वको नयाँ श्रोतको खोजी गर्न पूरक बजेट ल्याउने निष्कर्षमा पुगेको कुरा पुस ८ गते प्रकाशित राजधानी दैनिकमा उल्लेख गरिएको। चालू आर्थिक वर्षमा प्रहरी र सुरक्षाका लागि २० अरब रुपैयाँ बराबरको बजेट आवश्यक पर्ने अनुमान अर्थ मन्त्रालयले गरेको।
- ०५८ पुस ८ गते लमजुङ जिल्लाको चण्डीस्थान गाविस-१ को सलाङ खोलामा माओवादीले थापेको एम्बुसमा परी ३ जना सेनाको मृत्यु, २४ जना घाइते। मृत्यु भएका ३ जना सेनामध्ये एक जनाको घटनास्थलमै र दुई जनाको उपचार गर्दागर्दै वीरेन्द्र सैनिक अस्पताल, काठमाण्डौमा मृत्यु भएको। उक्त घटनामा सुरक्षाकर्मीको गोली प्रहारबाट एक जना मजदुरको मृत्यु भएको तर रक्षा मन्त्रालयले सुरक्षा टोलीलाई एम्बुसमा पार्ने एक जना माओवादीको पनि मृत्यु भएको कुरा बताएको।
- ०५८ पुस ८ गते प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा प्रधानमन्त्री कार्यालय सिंहदरबारमा सर्वदलीय बैठक सम्पन्न। संकटकालको दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था गर्ने र संकटकाल आचारसंहिता निर्माण गर्ने कुरामा सरकार प्रतिबद्ध रहेको धारणा व्यक्त।
- ०५८ पुस ८ गते कर्डन एण्ड सर्च अभियान सञ्चालन गरिरहेको सुरक्षाकर्मीले सर्च एण्ड डिस्ट्रोय (खोजतलास एवम् ध्वंस्त) कारवाही शुरु गरेको। यसैक्रममा दोलखा जिल्लाको शैलुङ्गेश्वरस्थित तीनवटा ओडारलाई सुरक्षाकर्मीले ध्वस्त बनाएको।
- सुर्खेत जिल्ला आग्री गाविसका अध्यक्षलाई माओवादीहरुले अपहरण गरी लगेकोमा सोको विरोध तथा प्रतिकार गर्न सो गाविसवरपरका बासिन्दा भेला भई सामूहिक कारवाही गर्न एकजुट हुने प्रतिबद्धता प्रकट गरेको कुरा ०५८ मंसिर ८ गते रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस ८ गते भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेको चितवन जिल्ला जमुनापुरस्थित घर र नेपाली काँग्रेसका सांसद एकनाथ रानाभाटको सोही जिल्ला टाँडीस्थित घरमा माओवादीहरुले बम विस्फोट गरी क्षतिग्रस्त।
- ०५८ पुस ८ गते राति तनहुँ जिल्ला चोकचिसापानी गाविसका उपाध्यक्ष प्रेमप्रसाद उप्रेति र पुर्कोट गाविस-१ का सिताराम भण्डारीलाई ३०-४० जनाको संख्यामा रहेका माओवादीहरुले घरमै गई कुटपिट गरे। कुटपिटबाट प्रेमप्रसादको खुट्टा भाँचिएको छ। हाल दुवैजनालाई उपचारका लागि काठमाण्डौ लगिएको छ।
- ०५८ पुस ८ गते कैलाली जिल्लाको कटकपुरमा र रुकुम जिल्लाको चौरजहारीमा सुरक्षाकर्मीको कारवाहीमा परी एक-एक जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। साथै, चौरजहारीमा अर्को एक जना माओवादी घाइते भएको र १९ जनालाई पक्राउ गरिएको कुरा पनि मन्त्रालयले पुस ९ गते जनाएको।
- ०५८ पुस ८ गते सम्पन्न सर्वदलीय बैठकमा रक्षा सचिव पदमकुमार आचार्य र गृह सचिव केशवराज राजभण्डारीद्वारा प्रस्तुत तथ्यांकअनुसार सैनिक कारवाही शुरु भएयता पुस ७ गतेसम्म साढे तीन सय (पाँच सय हुनसक्ने) "आतंककारी" र २९ शाही सैनिकको मृत्यु भइसकेको र ४० सैनिक घाइते भएको जानकारी। त्यसैगरी "आतंककारी" को अभियोगमा पक्राउ गरिएका २ हजार ९ सय ७१ मध्ये ४ सय ८१ जनालाई मुद्दा चलाइएको, ६ हजार ५ सय ६० जना माओवादी कार्यकर्ताहरुले स्थानीय प्रशासनसमक्ष आत्मसमर्पण गरेको जानकारी। रक्षा सचिव आचार्यका अनुसार, संकटकालको अवधिमा माओवादीद्वारा सञ्चालित "आतंककारी" गतिविधि नियन्त्रणका लागि नेपाल अधिराज्यभरका विभिन्न जिल्लामा गरी ९३ स्थानमा शाही नेपाली सेनालाई स्थापित गरिएको।
- ०५८ पुस ९ गते नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको आयोजनामा सर्वदलीय बैठक सम्पन्न। बैठकमा मुलुकमा विद्यमान समस्या समाधान गर्न सम्पूर्ण राजनीतिक पार्टीहरुबीच राष्ट्रिय सहमति र बृहत् प्रजातान्त्रिक एकताको आवश्यकता औंल्याउँदै त्यसका एजेण्डा तय गर्ने सहमति भएको। बैठकद्वारा सबै पार्टीहरुको समान धारणाका साथ समस्या पहिचान गरी समाधानका लागि प्रयत्न गर्न ढिलाई भएमा ०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धी र प्रजातन्त्रमाथि नै संकट आइलाग्ने ठहर।
- भारतको गृह मन्त्रालयले विहार राज्यको प्रहरी प्रशासनलाई नेपालका माओवादी गतिविधिमाथि पूर्णरुपमा नजर राख्न निर्देशन दिएको कुरा केही भारतीय पत्रपत्रिकालाई उद्धृत गर्दै ०५८ पुस ९ गते राससले जनाएको। भारतको केन्द्रीय सरकारले विहार प्रहरीलाई चार मुख्य विषयहरु, विहार-नेपाल सिमानामा तैनाथ स्पेशल सर्भिस ब्युरोसँग समन्वय गर्ने, नेपालका माओवादीप्रति सहानुभूति राख्नेहरुको सूची तयार गर्ने, सुरक्षा व्यवस्था सुदृढ पार्ने र उग्रवादी वामपन्थी संगठनहरुलाई आर्थिक सहयोग गर्ने केही संघ संस्थाहरुका गतिविधिमाथि नजर राख्ने, मा सजग रहन निर्देशन दिएको जनाइएको।
- ०५८ पुस ९ गते राति ११ बजे बाँके जिल्ला गंगापुर गाविस मटैयागाउँका राप्रपाका कार्यकर्ता ६० वर्षीय बेचनलाल मुराउलाई माओवादीहरुले धारिला हतियार तथा गोली प्रहार गरी हत्या गरेको। मुराउलाई पहिला घुँडामा बञ्चरो प्रहार गरी घाइते तुल्याइएको र पछि छातीमा गोली हानी हत्या गरिएको।
- ०५८ पुस ९ गते राति गोरखा जिल्लाको सदरमुकाममा कर्फ्यु लागेको अवस्थामा सुरक्षाकर्मीको कारवाहीमा परी १ जना अज्ञात व्यक्तिको मृत्यु भएको। मृतक माओवादी भएको आशंका।
- संकटकाल लागू भई माओवादीमाथि शाही नेपाली सेनाले गरिरहेको कारवाहीका सम्बन्धमा सूचना प्रवाह व्यवस्थित पार्न

प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा वरिष्ठ मन्त्रीहरु, रक्षा र गृह मन्त्रालयका सचिव र शाही नेपाली सेनाका प्रधानसेनापति लगायत् सुरक्षा संयन्त्रका उच्च अधिकृतहरुसँग छलफल गरी एक समिति गठन गरिएको कुरा ०५८ पुस १० गते प्रकाशित राजधानी दैनिकमा उल्लेख गरिएको। समितिको संयोजकमा सूचना तथा संचारमन्त्री जयप्रकाशप्रसाद गुप्ता रहनुभएको र सदस्यहरु मन्त्री गुप्ताले नै चयन गर्नुहुने जानकारी दिइएको।

- ०५८ पुस ९ गते राति रौतहट जिल्ला समनपुर गाविसका उपाध्यक्ष मनक राय यादवलाई भगवानपुर गाविस-८ स्थित आफन्तको घरमा बसिरहेको अवस्थामा हातहतियारसहित आएका माओवादीहरुले गोली हानी हत्या गरे।
- ०५८ पुस १० गते सोलुखुम्बु जिल्लाको जुगुका दिपबहादुर वनलाई आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरे।
- ०५८ पुस १० गते शाही नेपाली जंगी अड्डाबाट "चमु अवधारणा"बारे पुस ८ गते भएको ब्रिफिङ कार्यक्रममा श्री ५ महाराजाधिराज तथा श्री ५ युवराजका साथ त्यहाँ रक्षा सचिव पदमकुमार आचार्य भएकाले सरकारको उपस्थिति रहेको कुरा रक्षा मन्त्रालयले जनाएको। मन्त्रालयद्वारा जारी विज्ञप्तिमा विशेष कारणवश प्रधानमन्त्री तथा रक्षा मन्त्री शेरबहादुर देउवा रुपन्देही जिल्लामा जानुपर्ने भएकाले ब्रिफिङ कार्यक्रममा सहभागी हुन नसक्नुभएको र उहाँकै निर्देशनअनुसार त्यहाँ सचिव सहभागी भएकाले उक्त कार्यक्रममा सरकारको उपस्थिति थिएन भन्नु असत्य भएको जनाइएको।
- ०५८ पुस १० गते श्री ५ महाराजाधिराजबाट शाही नेपाली सेनालाई सम्बोधन बक्स। सो सम्बोधनमा सेना शान्ति सुरक्षा बहाल गर्न सफल हुने कुरामा आफु विश्वस्त भएको धारणा व्यक्त। सो सम्बोधन प्रधानसेनापति प्रज्वल्लशमसेर राणाले रेडियो नेपालको शाही नेपाली सेना कार्यक्रममा पढेर सुनाउनु भएको।
- ०५८ पुस १० गते गोरखा जिल्लाको खोलखोलेमा सुरक्षाकर्मीहरुको कारवाहीमा परी मिरकोट गाविसका माओवादी कार्यकर्ता विनय भन्ने दिपक अधिकारीको मृत्यु भएको। त्यसैगरी सोही दिन कैलाली जिल्लाको नारायणपुरमा सुरक्षाकर्मीहरुको कारवाहीमा परी एक जना माओवादी कार्यकर्ताको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १० गते वर्दिया जिल्लाको मैनापोखरमा सुरक्षाकर्मीहरुको कारवाहीमा परी ३ जना माओवादीको मृत्यु भएको कुरा गृह मन्त्रालयले जनाएको।
- संकटकालपछि दायर भएको पहिलो बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतले ०५८ पुस १० गते सरकारलाई बन्दी बनाउँदा आधार मानेका प्रमाणहरु पेश गर्न आदेश गरेको। प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय र न्यायाधीश भैरवप्रसाद लम्सालको संयुक्त इजलासले उक्त आदेश दिएको। ०५८ मंसिर १२ गते धनकुटा बहुमुखी क्याम्पसका उपप्राध्यापक जगतकृष्ण पोखरेललाई प्रहरीले माओवादी "आतंककारी" गतिविधिमा संलग्न भएको आरोपमा पक्राउ

कानेपोखरीमा मारिएका को हुन् ?

मोरङ जिल्लाको चारकोसे झाडीस्थित बयरवन गाविस-९ कानेपोखरीमा पर्ने जंगलमा २०५८ मंसिर २४ गते तीन जना अज्ञात व्यक्तिलाई माओवादी "आतंककारी" को संज्ञा दिंदै सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए। सुरक्षाकर्मीले तीन व्यक्तिको भीडन्तमा मारिएको अनौपचारिक रुपमा बताए पनि ती व्यक्ति को हुन् भन्ने अझैसम्म थाहा हुन सकेको छैन।यसैक्रममा सुन्दरपुर गाविसले ०५८ पुस २ गते एक सर्वदलीय बैठकमार्फत सोही गाविसका तीन व्यक्ति सो घटनामा मारिएको आशंका गरेको छ। गाविस अध्यक्ष कृष्णप्रसाद दाहालको अध्यक्षतामा बसेको सो बैठकले सोही गाविस-३ का टेकबहादुर थापा र भरत श्रेष्ठ, सोही गाविस-६ का पन्टनसिंह (अशोक) राई र सोही गाविस-२ का भोजराज फुर्वालिलाई क्रमशः ०५८ मंसिर २३ र २० गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी बेपत्ता बनाएको उल्लेख गरेको छ। ती व्यक्ति कहाँ छन् भन्ने प्रश्न स्थानीय तथा जिल्ला प्रशासनसँग राखेको छ। साथै, ती व्यक्तिको स्थिति विवरण सार्वजनिक गर्न माग गरेको छ।पुस ३ गते एक प्रतिनिधि मण्डल सदरमुकाम पुगी प्रमुख जिल्ला अधिकारीसमक्ष ती व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न माग गऱ्यो। तर, प्रमुख जिल्ला अधिकारी दोलखबहादुर गुरुङले ती व्यक्तिबारे आफूलाई जानकारी प्राप्त नभएको प्रतिक्रिया व्यक्त गरे।सोही दिन गाविसले जिल्ला सदरमुकाम विराटनगरस्थित मानवअधिकार तथा वातावरण मञ्च (फरेन) को सभाकक्षमा एक पत्रकार सम्मेलन सम्पन्न गरेको थियो। सो क्रममा ती व्यक्ति बेपत्ता पारिएको बारेमा गाविस अध्यक्ष कृष्णप्रसाद दाहालले आफ्ना भनाईहरु सार्वजनिक गर्नुभएको थियो।प्रहरीद्वारा ०५८ मंसिर २४ गते कोशी अञ्चल अस्पतालमा तीन जना रक्ताम्य व्यक्तिहरुको पोष्टमार्टम गरी सोही दिन स्थानीय सिमिया खोलामा कडा सुरक्षाका साथ एकै चितामा जलाइएको थियो। सो क्रममा ती व्यक्तिहरुको सनाखत नगरिएको बताइन्छ।आफन्तहरुले बेपत्ता पारिएका व्यक्तिहरुको खोजिका निम्ति राष्ट्रिय मानव अधिकार आयोगमा गाविसमार्फत् जानकारी गराएका छन्। सोको निम्ति मानव अधिकार तथा वातावरण मञ्च (फरेन) का सचिव एवं अधिवक्ता तुलबहादुर श्रेष्ठले पहल गर्नुभएको थियो।

गरिएको थियो। पोखरेलको निवासबाट लेटरप्याड, चन्दा रसिद, पुस्तकलगायत्का माओवादी गतिविधिसँग सम्बन्धित सामाग्रीहरु बरामद गरेको सरकारको दाबी रहेको थियो। तर, सरकारको दाबी सत्य नभएको जिकिर गर्दै मंसिर १३ गते अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरिएको थियो।

- ०५८ पुस ११ गते स्याङ्जा जिल्लाको पुतलीबजारबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका राम शाहीको सुरक्षाकर्मीहरुको गोलीद्वारा मृत्यु भएको। शाहीलाई हिरासतबाट भाग्न खोज्दा गोली प्रहार गरिएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस ११ गते बेलुका ६:१० बजे सिन्धुपाल्चोक जिल्ला इर्खु गाविस-१ का नेपाली काँग्रेसका क्षेत्रीय स्तरका कार्यकर्ता ६८ वर्षीय नेत्रबहादुर दंगाललाई माओवादीहरुले घरबाट बाहिर निकाली गोली हानी हत्या गरे।
- ०५८ पुस ११ गते रुकुम जिल्ला खारा गाविस-३ स्थित मूलबाटोमा माओवादीहरुले थापेको एम्बुसमा परी चारजना स्थानीय व्यक्तिको मत्यु भएको।
- ०५८ पुस ११ गते बाँके जिल्ला फत्तेपुर गाविसमा गस्तीमा गएको भे. १ झ १५७ नम्बरको प्रहरी भ्यान माओवादीहरुले थापेको एम्बुसमा पर्दा तीन जना सुरक्षाकर्मी घाइते भएको र भ्यान क्षतिग्रस्त भएको।
- ०५८ पुस ११ गते वाग्लुङ जिल्लाको तारा गाविसका ५० वर्षीय नरबहादुर खत्री, ६५ वर्षीय शेरबहादुर खत्री र ४५ वर्षीय लालबहादुर घर्तीलाई माओवादीहरुले गोली हानी हत्या गरेको र कुलबहादुर खत्री र नन्दकली खत्रीलाई मरणासन्न हुनेगरी कुटपिट गरेको कुरा नेपाल समाचारपत्र दैनिकले जनाएको।
- ०५८ पुस ११ गते तनहुँ जिल्ला भीरकोट गाविसस्थित एक घरमा बास बस्न आएका माओवादीको साथमा रहेको बम विस्फोट हुँदा विश्वकर्मा थरकी एक महिलाको मृत्यु भएको र एक जना महिला घाइते भएको।
- ०५८ पुस १२ गते बिहान ७:३० बजे कास्की जिल्ला माछापुच्छ्रे गाविसका अध्यक्ष टेकबहादुर गुरुङलाई माओवादीहरुले गोली हानी हत्या गरे। ५-६ जनाको संख्यामा आएका माओवादीहरुले अध्यक्ष गुरुङलाई बोलाएपछि बाहिर निस्कँदै गर्दा ढोकामा गोली प्रहार गरेका थिए। गुरुङ नेपाली काँग्रेसबाट निर्वाचित गाविस अध्यक्ष हुन्।
- ०५८ पुस १२ गते सोलुखुम्बु जिल्लाको फलाटे, खाम्सुक लोस्को तथा रातागाउँमा सुरक्षाकर्मीको कारवाहीमा परी दिनेश भन्ने रामप्रसाद पराजुली र चूडा दाहाल नाम गरेका माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १२ गते मकवानपुर जिल्ला दामन गाविस-१ का वनपाले ३५ वर्षीय कृष्णबहादुर पाखिनलाई सुरक्षाकर्मीहरुले चनवनमा गोली हानी हत्या गरेको। पाखीनलाई ३-४ दिन अघि सुरक्षाकर्मीले गिरफ्तार गरी लगेका थिए।
- ०५८ पुस १२ गते जुम्ला जिल्लाको सदरमुकाम खलंगामा माओवादीद्वारा आक्रमण। आक्रमणमा परी जिल्ला प्रहरी कार्यालयका डिएसपी घाइते। रक्षा सूत्रले दिएको जानकारी अनुसार सेना-प्रहरी संयुक्त प्रयासमा प्रतिकारपछि स्थिति नियन्त्रणमा आएको। सो क्रममा भएको दोहोरो भीडन्तमा माओवादीतर्फ एक दर्जनभन्दा बढीको मृत्यु भएको आशंका। माओवादीहरुद्वारा गरिएको लामो दूरीको हतियार प्रहारका कारण सोही ठाउँका भीमबहादुर सुनार र शिवकली सुनारको मृत्यु भएको सार्वजनिक जानकारीमा आएको।
- ०५८ पुस १२ गते नेकपा (एमाले) द्वारा एक प्रेस विज्ञप्ति जारी गरिएको। विज्ञप्तिमा मुलुकमा संकटकाल लागू भएपछि माओवादीहरुले एमालेलगायत् विभिन्न दलका कार्यकर्ताको अपहरण गर्ने, कुटपिट गर्ने, बञ्चरोको पासोले हानेर हातखुट्टा भाँचिदिने, मुसलले पेलेर अंगभंग बनाउने, पानी माग्दा मुखमा पिसाब फेरिदिनेजस्ता अमानवीय कार्य गरेको कुरा उल्लेख।
- ०५८ पुस १२ गते गोरखा जिल्लाको मझुवा देउरालीमा सुरक्षाकर्मीको कारवाहीमा परी भिष्म कुमाल नाम गरेका माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १२ गते डडेल्धुरा जिल्ला मणिलेक गाविस-७ का वडा सदस्य माने लुहारलाई खाना खान नदिएको आरोपमा माओवादीहरुले धारिलो हतियार प्रहार गरी घाइते बनाएको।
- ०५८ पुस १३ गते सरकारका प्रवक्ता सूचना तथा संचारमन्त्री जयप्रकाशप्रसाद गुप्ताद्वारा संकटकाल यताको स्थितिबारे जानकारी गराउन पत्रकार सम्मेलनको आयोजना। सो अवसरमा संकटकालीन अवस्थामा हालसम्म ३ सय ५० माओवादी र ९९ सुरक्षाकर्मीसहित ४ सय ८७ को मृत्यु भएको जानकारी। मंसिर ८ गते यता ३ सय ५० जना माओवादी मारिएको संख्या यकिन भएको र सरकारले ५ सय माओवादी मारिएको अनुमान गरेको, मुठभेडमा शाही नेपाली सेना ३१, जनपद प्रहरी ६४, सशस्त्र प्रहरी ४, निजामती कर्मचारी २ र माओवादीहरुको आक्रमणबाट ३६ सर्वसाधारणको मृत्यु भएको जानकारी मन्त्रीद्वारा दिइएको। यसबाहेक यो अवधिमा ७ हजार ७ सय ७३ जनाले आत्मसमर्पण गरेको, ३ हजार ३ सय २१ जनालाई पक्राउ गरिएको, तीमध्ये केहीलाई छानबिनपश्चात् न्यायिक हिरासतमा राखेको र बाँकीलाई छाडिएको जानकारी। त्यस्तै आतंककारी तथा विध्वंसात्मक अध्यादेशबमोजिम ४ सय ८१ जना कारवाहीका क्रममा थुनामा रहेको र सार्वजनिक सुरक्षा ऐनअन्तर्गत ४९ जना हिरासतमा रहेको कुरा मन्त्री गुप्ताद्वारा जानकारी दिइएको।
- ०५८ पुस १३ गते डडेल्धुरा जिल्लाको जोगबुढामा सेनाको कारवाहीमा परी एक जना महिलासहित ६ जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १३ गते सर्लाही जिल्ला लालबन्दी गाविस-२ का धनबहादुर बम्जनको सोही जिल्लाको अर्गौलीस्थित माओवादीका लागि हातहतियार बनाउने कारखानामा सुरक्षाकर्मीले आक्रमण गर्दा मृत्यु भएको र अन्य दुई जना माओवादी कार्यकर्ता घाइते भएको।
- ०५८ पुस १३ गते शाही नेपाली सेनाले "कजाक" नामक रुसी कम्पनीसँग खरीद गरेको नाइटभिजन जडित अत्याधुनिक एमआई-१७ दुई वटा हेलिकप्टर नेपाल भित्रिएको।
- ०५८ पुस १३ गते ललितपुर जिल्लाको जावलाखेलनजिक रहेको सिंचाई विभागमा माओवादीद्वारा गराइएको बम विस्फोटनमा तीन वटा जीप र कार्यालय भवन क्षतिग्रस्त।
- ०५८ पुस १३ गते काठमाण्डौमा नेपाल बालअधिकार संरक्षण केन्द्र (क्याप-कर्न) द्वारा आयोजित एक गोष्ठीमा सिविन तथा गैरसरकारी संस्था महासंघ, नेपालका अध्यक्ष

का.जि.का.द.नं. २१/४९/५०

समानताका लागि राज्यसत्ताका सम्पूर्ण अंगको प्रजातान्त्रिकरण

सामाजिक न्यायका लागि पछाडी परेकालाई आरक्षण

नेपाल अधिराज्यको संविधान र मानवअधिकारको
प्रवर्द्धनका लागि आगामी स्थानीय निकायको निर्वाचनमा
पाँचै विकास क्षेत्रमा कमसेकम
पाँच नगरपालिका र पच्चीस गाविसका सम्पूर्ण पदमा
महिला उम्मेदवारको चयन गर्न
सम्पूर्ण राजनीतिक दलसमक्ष
हार्दिक अनुरोध
गर्दछौं ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार, कलंकी, काठमाण्डौ
पोष्ट बक्स २७२६, फोन : २७८७७०, फ्याक्स २७०५५१
इमेल : insec@wlink.com.np